

# मानव अधिकार र विकास प्रभावकारिता प्रवर्धन





नागरिक समाजका संघ-संस्था सहायता अवलोकन प्रशिक्षण पुस्तिका, २०२०

The Reality of Aid Network
CSOPartnership for Development Effectiveness
Taiwan Foundation for Democracy
Sida
European Commission

**प्रकाशनः**

The Reality of Aid Network
CSOPartnership for Development Effectiveness

**रियालिटी अफ एड-एसिया प्रशान्त सचिवालय**
**विकास प्रभावकारिताका लागि नागरिक समाजका संघ-संस्था**
**(Civil Society Organization) साझेदारी-एसिया सचिवालय**
**3/F IBON Center**
**114 Timog Avenue**
**Quezon City, 1103**
फिलिपिन्स

रियालिटी अफ एड-एसिया प्रशान्तका सदस्यहरू तथा विकास प्रभावकारिताका लागि नागरिक समाजका संघ-संस्था साझेदारी एसियाको योगदान विना यो अनुसन्धान कार्य सम्भव हुने थिएन । यस कार्यमा महत्वपूर्ण सहयोग तथा मार्गदर्शनका लागि आइबिओएन इन्टरनेशनल (IBON International) प्रति आभार व्यक्त गर्दछौं ।

**प्रबन्ध सम्पादक** : सारा इजावेल टोरेस (Sarah Isabelle Torres)
**लेखक तथा परामर्शदाता** : मार्जोरी पमिन्टन (Marjorie Pamintuan)
**लेआउट तथा कभर डिजाइन** : एलेन जोन गुआञ्जन (Allen John Guanzon)

रियालिटी अफ एड-एसिया प्रशान्त
विकास प्रभावकारिताका लागि नागरिक समाजका संघ-संस्था साझेदारी, एसिया
**फोन** : +६३२ ९२७ ७०६० । ६२। २०१
**फ्याक्स** : +६३२ ९२७ ६९८१
**वेबसाइट** : www.realityofaid.org

अक्टोबर २०२०

European Commission
Sida
TAIWAN FOUNDATION for DEMOCRACY

यस प्रकाशन युरोपेली आयोग, स्वीडिस अन्तर्राष्ट्रिय विकास सहयोग एजेन्सी र प्रजातन्त्रका लागि ताइवान फाउण्डेशनको वित्त सहयोगमा तयार भएको हो । यस प्रकाशनमा समेटिएका सबै सामग्रीप्रति रियालिटी अफ एड- एसिया प्रशान्त र विकास प्रभावकारिताका लागि नागरिक समाजका संघ-संस्था साझेदारी (CPDE) जिम्मेवार एवम् उत्तरदायी छन् र यसले कुनै पनि अवस्थामा माथि उल्लेख गरिएका संस्थाहरूको स्थिति प्रतिबिम्बित गर्दैनन् ।

रियालिटी अफ एड-एसिया प्रशान्त र विकास प्रभावकारिताका लागि नागरिक समाजका संघ-संस्था साझेदारीको पूर्व स्वीकृतिमा यस पुस्तक पूर्ण वा आंशिक रूपमा पुनः प्रकाशन गर्न सकिने छ ।

# मानव अधिकार र विकास प्रभावकारिता प्रवर्धन

नागरिक समाजका संघ-संस्था सहायता

अवलोकन प्रशिक्षण पुस्तिका, २०२०

# विषय सूची

**परिचय** ४

नागरिक समाजका संघ-संस्था सहायता अवलोकन प्रशिक्षण पुस्तिका, २०२० मा के नयाँ छ ? ५

**खण्ड १. सहायता र विकास सहयोगको अवधारणा एवम् सिद्धान्तहरू** ६

**सत्र १.१. सहयोग र विकास प्रभावकारिताको ऐतिहासिकता** ८

क) सहायताको प्रभावकारिता देखि प्रभावकारी विकास सहयोग सम्म ८

ख) नागरिक समाजका संघ-संस्थाहरूले विकास प्रभावकारिता कार्यमा सामना गर्ने चुनौतीहरू १४

**सत्र १.२. सहायता र विकास सहयोग संरचनासम्बन्धी बुझाइ** १७

क) सहायता र विकास सहयोगको प्राविधिक र प्रकृयागत पक्षहरू १७

ख) सहायता प्रणालीमा प्रमुख पात्रहरू १८

ग) सहायता प्रवाहको कार्यपद्धति एवम् प्रकृया (Tracking Aid Flows) २३

घ) दक्षिण-दक्षिण सहयोग तथा दक्षिण-दक्षिण विकास सहयोग २७

ङ) दक्षिण-दक्षिण विकास सहयोग प्रकृया २९

**सत्र १.३. विकास प्रभावकारिताका सिद्धान्त** ३४

क) विकास प्रभावकारितामा मूल्याङ्कन प्रणाली ३४

**सत्र १.४. दिगो विकासका निम्ति मानव अधिकारमा आधारित प्रजातान्त्रिक प्रणालीतर्फ विकास सहयोग** ३८

क) विकास सहयोगका लागि मानव अधिकारमा आधारित प्रजातान्त्रिक प्रणालीको सञ्चालन ३८

**कृयाकलाप १.१. दिगो विकास मानव अधिकारमा आधारित विकास सहयोगका लागि परिवर्तनको सिद्धान्तको सिर्जना गर्नुहोस् ।** ४०

**खण्ड २ : विकास सहयोगमा जन-अनुसन्धान** ४२

**सत्र २.१. जन-अनुसन्धान सञ्चालन** ४४
क) जन-अनुसन्धान के हो ? ४४
ख) जन-अनुसन्धान सञ्चालनका सिद्धान्तहरू ४५

**सत्र २.२. नागरिक समाजका संघ-संस्था सहायता अवलोकन** ४६
१) नागरिक समाजका संघ-संस्था सहायता अवलोकन के हो ? ४६
क) सहायता अवलोकनमा जन-अनुसन्धान ४७

**सत्र २.३. विकास सहयोगमा जन-अनुसन्धानका प्रकृयाहरू** ४८
क) विकास सहयोगमा जन-अनुसन्धान सञ्चालनका सात चरणहरू ४९

**खण्ड ३: तथ्याङ्कको स्रोत र व्यवस्थापन** ५४

**सत्र ३.१. खुला तथ्याङ्क (Open Data) र तथ्याङ्क व्यवस्थापनका सिद्धान्तहरूको अपेक्षित परिणाम** ५६
१) तथ्याङ्क के हो ? ५६
२) खुला तथ्याङ्क (Open Data) के हो ? ५६
क) खुला तथ्याङ्कका फाइदाहरू के-के हुन् ? ५७
ख) खुला डाटावेश (Open Database) का उदाहरणहरू ५७
ग) अन्तर्राष्ट्रिय सहायता पारदर्शिता पहल (IATI) भनेको के हो ? ५८
३) तथ्याङ्क व्यवस्थापन के हो ? ५८
क) तथ्याङ्क व्यवस्थापनका सिद्धान्तहरू ५९

**सत्र ३.२. नागरिक समाजका संघ-संस्थाहरूको सहायताका लागि तथ्याङ्कका प्रकार तथा स्रोतहरू** ६१
क) सहायता जानकारी/सूचनाका प्रकारहरू के-के हुन् ? ६१
ख) तथ्याङ्कका स्रोतहरू ६२

**कृयाकलाप २: नागरिक समाजका संघ-संस्था सहायता अवलोकनको अनुसन्धान योजना/खाका तयार गर्नुहोस्** ६३

**खण्ड ४: वितरण र लोकप्रियता** ६४

**सत्र ४.१. पैरवी कार्य** ६५
क) विकास प्रभावकारिताका लागि पैरवीको महत्व ६५
ख) पैरवी कार्य सञ्चालनका पाँच चरणहरू ६६

**कृयाकलाप ३.१. नागरिक समाजका संघ-संस्था सहायता अवलोकनको अनुसन्धान परिणामका लागि पैरवी योजना मस्यौदा गर्नुहोस् । (भाग क)** ७१

**सत्र ४.२. पैरवी कार्य सञ्चालनका विधिहरू** ७२

**कृयाकलाप ३.२. नागरिक समाजका संघ-संस्था सहायता अवलोकनको अनुसन्धान परिणामका लागि पैरवी योजना तयार गर्नुहोस् । (भाग-२)** ७९

# परिचय

नागरिक समाजका संघ-संस्था (नासस) ले आयोजना गरेका पैरवी र अभियानहरूले सहायता प्रभावकारिता (Aid Effectiveness) बाट विकास सहयोग (Development Cooperation) रूपान्तरण गर्न ठूलो भूमिका खेलेका छन् । समग्र विकास प्रभावकारिता (holistic development effectiveness) लाई सहयोग वितरण गर्ने प्राविधिक पक्षमा विषेश जोड दिन्छ । मानव अधिकारमा आधारित ढाँचाहरूले मान्यता र स्वीकृति प्राप्त गरेको छ ।

वर्तमान सहयोग अभ्यास र विकासलाई अझ प्रभावकारी ढङ्गले हासिल गर्न के सकिन्छ ? भन्ने विषयमा गरेको अनुसन्धानबाट प्राप्त नतिजाको आधारमा नागरिक समाजका सघं-संस्थाहरूले मानव अधिकारमा आधारित दृष्टिकोणबाट प्रभावकारी ढङ्गले पैरवी कार्यलाई सहयोग गर्न आक्रा देखि पेरिस र बुसान सम्मेलन पछि सुरु गरे । नागरिक समाजका संघ-संस्थाहरूले आफ्नो अधिकारको लागि विकास अभियन्ताको रूपमा मान्यता प्राप्त गर्नु बुसानको अर्को महत्वपूर्ण उपलब्धि रहेको छ ।

नागरिक समाजका संघ-संस्थाहरूलाई अनुकूल एवम् उचित वातावरण सिर्जना गर्न बुसान साझेदारीमा प्रतिबद्धता जनाइएको भएतापनि यसले विकास सहायतामा संलग्न सबै देश र सरोकारवालाले गरेका प्रतिबद्धताको उत्तरदायित्व सुनिश्चित गर्दैन । जवाफदेहिता सम्बन्धी उपयुक्त ढाँचाको अभावमा पारदर्शिता र जवाफदेहिता केवल सहायता अनुगमन र सहयोग सम्बन्धी सूचनाको पहुँचको मुद्धा मात्र बन्छ । नागरिक समाजका संघ-संस्थाहरूलाई दातृ निकाय, सरकार र अन्य सरोकारवालाहरूले प्रदान गर्ने सहायता र विकासमा संलग्न गराउन पहुँचयोग्य एवम् गुणस्तरीय तथ्याङ्कको आवश्यकता रहन्छ । सहायता सम्बन्धमा जति धेरै जानकारी एवम् सूचनाको उपलब्धता र पहुँच हुन्छ त्यति नै धेरै सहायताको प्रभावकारी तथा कुशल व्यवस्थापन हुन सक्छ । यसले विकासको प्रभाव पनि अभिवृद्धि गर्दछ ।

रियालिटी अफ एड नेटवर्क एसिया प्रशान्तले सन् २०१३ मा एसिया प्रशान्तमा सहायता अनुगमनका साथै विकास प्रभावकारिता बारे नागरिक समाजका संघ-संस्थाहरूको साझेदारी र संयोजनमा उनीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले एक प्रशिक्षण सामग्री (Course) प्रकाशन गरेको थियो । २०१३ मा तालिम नमुनाहरूले यस प्रशिक्षण सामग्रीमा प्रभावकारी विकास सहयोगका लागि बुसान साझेदारीले प्रवर्धन गरेका सहायताको प्रभावकारिताका साथै विकास प्रभावकारिताको अवधारणा र परिभाषाहरूलाई स्पष्ट पारेको छ ।
सात वर्षपछि, रियालिटी अफ एड-एसिया प्रशान्त र विकास प्रभावकारिताका लागि नागरिक समाजका संघ-संस्था साझेदारी-एसिया (CSO Partnership for Development Effectiveness Aisa-CPDE) ले तपसिल प्रयोजनका लागि यस प्रशिक्षण सामग्रीलाई परिमार्जन गरि तयार गरेका छन् :

१. सहायता संरचना र विकास सहयोगको रूपान्तरणका साथै नागरिक समाजका संघ-संस्थाहरूको सहायता अवलोकनको परिवर्तनशील प्रकृतिलाई प्रतिबिम्बित गर्नु,
२. वर्तमान परिवेशमा विकास सहयोगको अवधारणा र उदाहरणहरू प्रस्तुत गर्नु,
३. नयाँ चुनौती एवम् नवोदित प्रवृत्तिहरूबारे छलफल गर्नु,
४. सहायता अनुगमन र नीतिगत संलग्नताका लागि पुनः कल्पना गरिएका तरिकाहरूका अभ्यास गर्न

नागरिक समाजका संघ-संस्थाहरूलाई प्रोत्साहित गर्ने ।

५. रियालिटी अफ एड-एसिया प्रशान्तको नागरिक समाजका संघ-संस्था सहायता अवलोकन गर्न नागरिक समाजका संघ-संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।

यस अद्यावधिक प्रशिक्षण पुस्तिकामा तपसिलका पक्षहरू समेटिएका छन् :

**खण्ड** १. सहायता र विकास सहयोगको अवधारणा र सिद्धान्तहरू,
**खण्ड** २. विकास सहयोगमा जन-अनुसन्धान,
**खण्ड** ३. तथ्याङ्कको स्रोत र व्यवस्थापन,
**खण्ड** ४. वितरण र लोकप्रियता

# नागरिक समाजका संघ-संस्था सहायता अवलोकन सम्बन्धी प्रशिक्षण पुस्तिका, २०२० मा नयाँ के छ ?

१. २०२० संस्करणमा समावेश गरिएका खण्डहरू यसको सन् २०१३ संस्करणसँग मिल्दाजुल्दा छन् तर विभिन्न खण्ड अन्तर्गत प्रत्येक सत्रलाई अद्यावधिक गरि बढी भन्दा बढी व्यवहारिक र सरलीकृत गर्न केही परिमार्जन गरिएको छ ।
२. यस संस्करणमा तीन (३) वटा कृयाकलापहरू एकआपसमा सम्बन्धित एवम् एकीकृत स्वरूपमा देख्न सकिने छ । जसले रियालिटी अफ एड एसियाको नागरिक समाजका संघ-संस्था सहायता अवलोकन सम्बन्धी अनुसन्धान गर्न र अनुसन्धानबाट प्राप्त निष्कर्षहरूको वितरण एवम् प्रचार-प्रसार गर्न उनीहरूको क्षमता अभिवृद्धि गर्न सहयोग गर्दछ ।
३. दक्षिण-दक्षिण सहयोगमा वृद्धि भइरहेको सन्दर्भमा परम्परागत द्विपक्षीय तथा बहुपक्षीय दाताहरू एवम् अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू (IFIs) को अनुगमन सहायताका अलावा दक्षिण-दक्षिण सहयोग (SSC) अनुगमन पनि यसमा थप गरिएको छ ।
४. खण्ड चार अन्तर्गतका सत्रहरू वितरण र लोकप्रियताका लागि डिजिटल युगका लागि उपयोगी विभिन्न विधिहरू यसमा सामेल गरिएका छन् ।
५. यस पुस्तिकाको अनुसूचीमा कृयाकलापका लागि कार्यपत्रहरू (worksheets) राखिएका छन् ।

यस नागरिक समाजका संघ-संस्था सहायता पर्यवेक्षक प्रशिक्षण हाते पुस्तिका २०२० मा अनुभवी नागरिक समाजका संघ-संस्था मात्र नभइ नागरिक समाजका संघ-संस्था, अधिकारकर्मी, अनुसन्धानकर्ता, विकास सरोकारवालाहरूले ल्याएको नयाँ लहरसँगै अन्तिम लक्ष्य प्राप्तिका निम्ति रियालिटी अफ एड एसियाको नागरिक समाजका संघ-संस्थाहरू सहायता पर्यवेक्षकको उद्देश्य प्राप्तिको लागि सहयोग गर्ने ।

१. सहायता प्राप्त गर्ने, सरकारहरू र दाताद्वारा प्रदान गरिने सहायताको व्यवस्थापनमा सचेतना र पारदर्शिताको अभिवृद्धि गर्न,
२. विकास परियोजनाहरू र सार्वजनिक-निजी साझेदारीको प्रवृत्ति र प्रभावको अनुसन्धान र विश्लेषणमा सहयोग गर्न,
३. सार्वजनिक कोषको प्रभावकारी तथा कुशल उपयोग र मानव अधिकार एवम् लोकतन्त्रको संरक्षणका लागि सहायता प्राप्त गर्ने र दाता सरकार तथा अन्य दातृ निकायसँग नागरिक समाजका संघ-संस्थाको सहकार्यमा सहयोग पुऱ्याउन,
४. समुदायस्तरका जनसङ्गठनहरूले सञ्चालन गर्ने पैरवी अभियानहरूमा उनीहरूको प्रजातान्त्रिक अधिकारको दाबीका साथै सरकार एवम् अन्य प्रदायकहरूको तर्फबाट पारदर्शिता र जवाफदेहिताको खोजीका लागि सहयोग गर्न र,
५. मानव अधिकारमा आधारित एवम् जनशक्तिको बलमा सञ्चालन हुने दिगो विकास र समालोचनात्मक समाधानका सूत्र तथा सुझाव बारे नागरिक समाजका संघ-संस्थाहरू, नीति निर्माता, शिक्षाविद्, सञ्चारक्षेत्र र विकास कार्यकर्ता बीच साझा सिकाइ तथा संवादहरूको सहजीकरण गर्न ।

खण्ड १

# सहायता र विकास सहयोगको अवधारणा एवम् सिद्धान्तहरू

## खण्डका उद्देश्यहरू

१. सहयोग प्रभावकारिताको बहस विकास प्रभावकारिता तर्फ कसरी विकसित भयो ? भन्ने बारे परिचित गराउनु,

२. सहायता प्रणालीको प्राविधिक र प्रकृयागत पक्ष र नागरिक समाजका संघ-संस्थाहरूले सामना गर्ने चुनौतीहरूको बारेमा सहभागीहरूलाई परिचित गराउनु,

३. दिगो विकास लक्ष्य हासिल गर्न सहयोग एवम् योगदान पुऱ्याउने विकास सहयोगका लागि मानव अधिकारमा आधारित प्रजातान्त्रिक ढाँचामा अगाडि बढ्ने परिकल्पनालाई सहजीकरण गर्नु ।

**निर्धारित समयः न्यूनतम तीन घण्टा**

गरिब देशहरूलाई विकास लक्ष्यहरू हासिल गर्न सहयोग पुऱ्याउने कार्यक्रमहरूको असफलताका बीच दाताहरूले सहायताको प्रभावमा सकारात्मक सुधार गर्ने उद्देश्यले गरिबी न्यूनीकरणमा प्रभावकारी रहने सहस्राब्दी विकास लक्ष्यहरू (MDGs) हासिल गर्नका लागि राम्रो उद्देश्यका साथ सुरुवात गरे । यद्यपि ती सहायता प्रभावकारिता सुधारका प्रयासहरू विकास नीति निमार्णमा भन्दा प्राविधिक मुद्धामा केन्द्रित थिए ।

सहायतालाई आधिकारिक विकास सहायता (ODA) को रूपमा चिनिन्छ र यसलाई आर्थिक सहयोग र विकास सङ्गठन-विकास सहयोग समिति (Organization for Economic Cooperation and Development - Development Assistance Committee (OECD-DAC) द्वारा सोहीअनुरूप परिभाषित गरिएको छ । यसले सरकारी सहायताका रूपमा विकासोन्मुख देशहरूको आर्थिक विकास र कल्याणकारी कार्यलाई प्रवर्धन गर्दछ । यस अवधारणाभित्र रहेर दाता सरकारहरूले आफ्नो कूल राष्ट्रिय आम्दानीको ०.०७ प्रतिशत आधिकारिक विकास सहायताको रूपमा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

विभिन्न उच्चस्तरीय मञ्चहरू विस्तारै विकेन्द्रित तथा बढ्दो विकास मुद्धाहरूमा केन्द्रित हुन थाले । यसक्रममा सहायता वितरण प्रकृया र प्रणालीहरूका बारेमा व्यापक छलफल गरिनाले विकास प्रभावकारितालाई सम्बोधन गर्न सकियो । यसले विश्वव्यापी बहुसङ्कट बीच नवीन प्रकारको विकास संरचना तिव्र गतिमा स्थापित गर्ने प्रतिबद्धता लिएको छ ।

बुसान साझेदारी दस्तावेज (Busan Partnership Document) मा परिकल्पना गरिएको नयाँ विकास सहयोगले विकास मुद्धाका विभिन्न पक्षहरूलाई सम्बोधन गर्ने गरि  साझेदारीको नवीन एवम् जटिल जालो (web) प्रस्तुत गरेको छ । प्रभावकारी विकास सहयोगका लागि विश्वव्यापी साझेदारी (The Global Partnership for Effective Development Cooperation-GPEDC) अन्तर्गत विभिन्न पक्ष एवम् जटिल चासोका बीचमा सहायता र विकास कार्यक्रमहरूले परिणाम हासिल हुने सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्छ भन्ने कुरालाई आत्मसात् गरिएको छ ।

प्रभावकारी विकास सहयोगका लागि विश्वव्यापी साझेदारीले हाल मुख्यतय : दिगो विकास लक्ष्य (SDG) १७ लक्ष्य कार्यान्वयनमा योगदान गर्ने प्रयास गरेको छ । विकास कार्यक्रमहरूले मानव अधिकार, पारदर्शिता, जवाफदेहिता र मर्यादित कामका सिद्धान्तहरूको पालना गरेको सुनिश्चित गर्न अझ सशक्त  अनुगमनको आवश्यकतामाथि यसले जोड दिन्छ ।

यस खण्डलाई चार सत्र र एक कृयाकलापमा विभाजन गरिएको छ :

## सत्र १.१.

### सहयोग र विकास प्रभावकारिताको ऐतिहासिकता

विकास अभियन्ताहरूले सहमति जनाएको सहयोग र विकास प्रभावकारिता, सिद्धान्त र प्रतिबद्धता, सहायता अनुगमनमा नागरिक समाजका संघ-संस्थाहरूको भूमिका र वातावरणलाई सुदृढ बनाउने सन्दर्भ नागरिक समाजका संघ-संस्थाले सामाना गर्ने चुनौतिहरू बारे छलफललाई आकार दिन उच्च स्तरको मञ्चमा सिंहावलोकन गरिन्छ ।

## सत्र १.२.

### सहायता र विकास सहयोग संरचनासम्बन्धी बुझाइ

यसले नागरिक समाजका संघ-संस्थाद्वारा गरिने सहायता प्रणाली र प्रभावकारिता र सहयोगको अनुगमनबारे पृष्ठभूमि प्रदान गर्दछ ।

## सत्र १.३.

### विकास प्रभावकारिताका सिद्धान्त

विकास प्रभावकारिताका सिद्धान्तहरू र यी सिद्धान्तहरूको कार्यान्वयनको अनुगमनमा प्रयोग हुने केही ढाँचाका सम्बन्धमा चर्चा गरिन्छ ।

## सत्र १.४.

### दिगो विकासका निम्ति मानव अधिकारमा आधारित प्रजातान्त्रिक प्रणालीतर्फ विकास सहयोग

विद्यमान विकास सहयोगको विश्वव्यापी प्रणालीको रूपान्तरणका लागि आधारभूत सिद्धान्तहरूको रूपरेखा:

## कृयाकलाप १.

### दिगो विकास मानव अधिकारमा आधारित विकास सहयोगका लागि परिवर्तनको सिद्धान्तको सिर्जना

यस कृयाकलापले सहभागीहरूलाई विकास सहयोगका मार्गहरूको परिकल्पना गर्दा उनीहरूले अघिल्लो चार (४) वटा सत्रमा सिकेका कुराहरू प्रयोग गर्न प्रोत्साहित गर्दछ ।

## सत्र १.१.

# सहयोग र विकास प्रभावकारिताको ऐतिहासिकता

**सिकाइ उपलब्धिहरू**

यस सत्रपछि सहभागीहरू तपसिलका विषयमा सक्षम हुनेछन् :

१. सहयोग र विकास प्रभावकारिताका मुद्दालाई स्वरूप प्रदान गर्ने उच्चस्तरीय मञ्चको बारे बुझ्ने छन् ।
२. वर्तमान सहयोग र विकास प्रभावकारिताको ढाँचाको बारेमा भएका चुनौती र कार्यहरूको पहिचान गर्न सक्षम हुनेछन् ।

**सामग्री**

- पावर पोइन्ट प्रस्तुति र/अथवा फ्लिप चार्ट
- एलसीडी प्रोजेक्टर
- मार्करहरू


**कृयाकलाप**


१. यस सत्रको सिकाइ उपलब्धिका बारेमा चर्चा गर्ने ।
२. यस अघि सहभागीहरूलाई सहायता र विकास प्रभावकारिता सम्बन्धी भएका कुनै पनि छलफल वा मञ्चहरूमा भाग लिए-नलिएको बारे सोध्ने ।
३. यस्ता मञ्चहरूमा नागरिक समाजका संघ-संस्थाको सहभागिता भन्ने बित्तिकै तपाइँ के सोच्नु हुन्छ सोध्ने ।
४. सहायता र विकास प्रभावकारिता सम्बन्धी उच्चस्तरीय मञ्चबारे विस्तृत छलफल गर्ने ।
५. सत्रको अन्त्यमा सुझावको रूपमा दिइएका प्रश्नहरूको प्रयोग गरेर छलफलमा भाग लिन सहभागीहरूलाई प्रोत्साहित गर्ने ।


## क) सहायताको प्रभावकारिता देखि प्रभावकारी विकास सहयोग सम्म

सन् २००५ मा आर्थिक सहयोग र विकास सङ्गठन (OECD) ले आयोजना गरेको दोश्रो पेरिस उच्चस्तरीय सम्मेलनमा सहयोग प्रभावकारिता सम्बन्धी घोषणापत्रमा हस्ताक्षर भएपछि सहायता र विकास सहयोगको प्रभावकारिताको महत्व बढेको छ । सहायता सुधारका मुख्य सिद्धान्तमा उनीहरूलाई प्रतिबद्ध राख्न पेरिस घोषणा-पत्र अन्तर्राष्ट्रिय दाता समुदाय तथा साझेदार सरकारहरूको अभूतपूर्व उपलब्धि हो । सहायता व्यवस्थापन र वितरणका सङ्कुचित मुद्दामा सिमित यस विषय मानव अधिकारमा आधारित दृष्टिकोण समावेश गर्ने गरि बहस र मुद्दाको रूपमा विकास भयो । पेरिस

घोषणापत्र जारी भएपछि विकास सहयोगमा सुधार गर्न र एजेण्डाहरूलाई रूपान्तरण गर्न नागरिक समाजका संघ-संस्थाहरूको महत्वपूर्ण भूमिका रहेको छ । स-सर्तमा बाधिएको विभिन्न मुद्दाहरूका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा जवाफदेहिताको संयन्त्रहरूको विकास जस्ता पक्षहरूलाई समेटी  सवलिकरण गर्न नागरिक समाजका संघ-संस्थाहरूको महत्वपूर्ण भूमिका रहेको छ । सहायता र विकास सहयोगका मुख्य प्रकृयाहरू र प्रत्येक प्रकृयामा सहमत भएका सिद्धान्तहरूको विवरण यस प्रकार रहेका छन् ।







**सन् २००३**

**प्रथम उच्चस्तरीय सौहार्दपूर्ण सम्मेलन, रोम, इटली**

पारित दस्तावेजः सद्भाव सम्बन्धी रोम दस्तावेज (**The Rome Declaration on Harmonization**)

**सन् २००५**


**दोश्रो उच्चस्तरीय सम्मेलन, पेरिस, फ्रान्स**

पारित दस्तावेजः सहायता प्रभावकारिता सम्बन्धी पेरिस घोषणापत्र (**The Paris Declaration on Aid Effectiveness**)


**सन् २००८**

**तेश्रो उच्चस्तरीय सम्मेलन, आक्रा, घाना**

पारित दस्तावेज : कार्यका लागि आक्रा एजेण्डा (**The Accra Agenda for Action- AAA**)







**सन् २०११**

**चौथो उच्चस्तरीय सम्मेलन, बुसान, दक्षिण कोरिया**

पारित दस्तावेज : प्रभावकारी विकास सहयोगका लागि बुसान साझेदारी (**Busan Partnership for Effective Development Cooperation**)

**सन् २०१४**

**GPEDC को प्रथम उच्चस्तरीय बैठक, मेक्सिको शहर, मेक्सिको**

पारित दस्तावेज : विज्ञप्ति (**The Communiqué**)

**सन् २०१६**

**GPEDC को दोश्रो उच्चस्तरीय बैठक, नैरोबी, केन्या**

पारित दस्तावेज : नैरोबी दस्तावेज (**The Nairobi Outcome Document**)

## १. प्रथम उच्चस्तरीय सौहार्दपूर्ण सम्मेलन, रोम, इटली (२००३)

**पारित दस्तावेज:** रोममा भएको सौहार्दपूर्ण सम्मेलनमा घोषणा गरिएको सहायताको प्रभावकारिता सम्बन्धी घोषणलाई प्रथम सुधार सहित अपनाइयो । रोम घोषणापत्र अन्तर्गतका प्राथमिक कार्यहरू यस प्रकार छन्:

- विकास सहायता प्राप्त गर्ने देशहरूको प्राथमिकता र समयको आधारमा सहायता पठाइने छ,
- दाताका प्रयासहरू सहयोग हस्तान्तरण गर्न र त्यस देशका कार्यक्रम तथा परियोजनाहरूमा कर्मचारीहरूको लचकता अभिवृद्धि गर्न केन्द्रित हुनेछन् र
- सहायता प्राप्त गर्ने देशहरूमा उनीहरूले विकासको मार्ग निर्धारण गर्न सक्ने नेतृत्वको क्षमता अभिवृद्धि गर्न असल अभ्यासहरूलाई प्रोत्साहित गर्नुका साथै अनुगमन पनि गरिने छ ।

**रोम उच्चस्तरीय सम्मेलन, मुख्य आलोचनाहरू :**

- यो घोषणापत्र आधिकारिक विकास सहायतासँग सम्बन्धित नीतिगत, सर्त, स्वामित्व जस्ता आलोचनात्मक समस्याहरू भन्दा सहायताको प्राविधिक र प्रकृयागत पक्षहरूमा केन्द्रित छ,
- यो सम्मेलन दाता देशहरूलाई आधिकारिक विकास सहायतामा उनीहरूको कूल राष्ट्रिय आम्दानी (GNI) को ०.०७% प्रदान गर्ने प्रतिबद्धता पुरा गराउने सन्दर्भमा विशिष्ट र समय-निर्धारित लक्ष्य पुरा गर्न असफल रह्यो,
- दाताहरूबीच हुने समन्वयमा सुधारले सहायता प्राप्तकर्ताको तुलनामा दाताहरूको सामूहिक प्रभावलाई बढाउँछ र यसले दुई पक्षबीचको शक्ति असन्तुलन वा विषमतालाई बढवा दिन्छ जुन आधिकारिक विकास सहायतासँग सम्बन्धित समस्याहरूको मूलकारण हो ।

## २. दोश्रो उच्चस्तरीय सम्मेलन, पेरिस, फ्रान्स (२००५)

**पारित दस्तावेज:** सहायता प्रभावकारितासम्बन्धी पेरिस घोषणापत्रले सहायताको प्रभावकारिताका सन्दर्भमा दोश्रो प्रयासलाई प्रतिनिधित्व गर्दछ । यस घोषणापत्रका प्रमुख सिद्धान्तहरू तपसिल अनुसार छन् :

- **स्वामित्व** : साझेदार देशहरूले उनीहरूको विकास नीति र रणनीतिहरूमा प्रभावकारी नेतृत्वको अभ्यास र विकास कार्यहरूको समन्वय गर्नु पर्दछ ।
- **समायोजन** : दाताहरूले आफ्नो सबै प्रकारका सहयोग साझेदार देशहरूको राष्ट्रिय विकास रणनीति, संस्था र प्रकृयाहरूमा आधारित रहेर गर्नु पर्दछ ।
- **सौहार्दता** : दाताहरूका कार्य सौहार्दपूर्ण, पारदर्शी तथा सामूहिक रूपमा प्रभावकारी हुनु पर्दछ ।
- **परिणामका लागि व्यवस्थापन** : निर्णय गर्ने र स्रोत व्यवस्थापन कार्य परिणाममुखी केन्द्रित दृष्टिकोण अनुसार सुधार ल्याउनु पर्दछ ।
- **पारस्परिक उत्तरदायित्व** : दाता र साझेदारहरू विकास परिणामका लागि पारस्परिक उत्तरदायित्व रहनु पर्दछ ।

**पेरिस उच्चस्तरीय सम्मेलनका मुख्य आलोचनाहरू :**

- यसले वास्तविक स्वामित्वलाई समेट्छ तर विकास नीतिहरू सरकारको नेतृत्वमा सीमित रहन सक्दैनन् ।
- विकासमा जनता र समुदायहरूको स्वामित्व हुनुपर्दछ । यसको अर्थ 'स्वामित्व' मात्र नभइ 'प्रजातान्त्रिक तथा स्थानीय स्वामित्व' पनि हो ।
- दाताहरूले देशको सहायतासँग जोडिनु र ति देशहरूका राष्ट्रिय विकास

रणनीतिहरूलाई सहयोग पुऱ्याउनु मात्र पर्याप्त हुदैन । यो पनि स्पष्ट हुन जरुरी छ कि - सहायता प्राप्त गर्ने देशहरूले प्रजातान्त्रिक तथा स्थानीय स्वामित्वको सन्दर्भमा यी रणनीतिहरू स्वतन्त्र रूपमा विकास गरेका छन् । यहाँ उल्लेख गर्नुपर्ने पक्ष के हो भने सल्लाहकार, परामर्शदाताहरू र दाताहरूबाट पर्दा पछाडिबाट आउने अनौपचारिक दबाबको प्रभाव मुख्य विषय हो ।

- सौंहार्दताको प्रतिकूल असर भनेको सहयोगको लागि प्रतिस्पर्धा कम गर्ने र सहयोग प्राप्त गर्ने देशहरूको लागि छनौटहरू सिमित गर्ने हो । यस अवस्थाले सहायता नीतिको प्रमुख मध्यस्थता को रूपमा अन्तर्राष्ट्रिय वित्त संस्था (International Financial Institutions - IFIs) को स्थानलाई सुदृढ गर्दछ ।
- परिणामहरूको व्यवस्थापन तबमात्र प्रभावकारी हुन सक्छ जब लक्षित परिणामहरू गरिबी निवारण र मानव अधिकार तथा लैङ्गिक समानतामा केन्द्रित छन् । यस कार्यका लागि परिणामको मूल्याङ्कन तथा लैङ्गिक-विभक्त सूचनाहरूको प्रयोगका सम्बन्धमा स्थानीय विकास सहयोगीहरूसँगको छलफल जरुरी हुन्छ ।
- परस्पर जवाफदेहिताको सिद्धान्तले विकासका लागि निश्चित संयन्त्र माग गर्दछ, जसले गर्दा सहायता प्राप्तकर्ताले दातालाई उनीहरूको प्रतिबद्धतामा कायम राख्न सकुन् । फेरि पनि, यो संयन्त्र सहायता प्राप्त गर्ने सरकारहरूमा सीमित नरही यसले सहायता खर्चबाट बढी प्रभावित समुदायहरूलाई पनि समेट्नु पर्दछ ।

## ३. तेश्रो उच्चस्तरीय सम्मेलन, आक्रा, घाना (२००८)

**पारित दस्तावेज :** आक्रा एजेण्डा (The Accra Agenda for Action) ले तपसिल दिएका विषयहरू समेटेको छ :

- यसले विकास सम्बन्धी राष्ट्रियस्तरको नीतिगत संवाद, विकासको व्यवस्थापन गर्न साझेदार विकासशील देशहरूको क्षमता अभिवृद्धि र प्रणालीहरूको प्रयोग गर्न दाताहरूको प्रतिबद्धता गराउदछ ।
- संसद् र स्थानीय अधिकारीहरू, नागरिक समाजको संघ-संस्थाहरू, अनुसन्धान गर्ने संस्थानहरू, सञ्चार र निजी क्षेत्रसँग काम गर्न दाताहरूको प्रतिबद्धता व्यक्त गर्दछ ।
- नागरिक समाजका संघ-संस्थाहरूलाई 'आफ्नो अधिकारका लागि विकासका लागि अभियन्ताको रूपमा काम गर्न सिफारिस गर्दछ ।
- सहायता विखण्डनलाई कम गर्दै सहायता वृद्धि गर्ने दाताहरूको प्रतिबद्धता व्यक्त गर्दछ,
- सही सूचना व्यवस्थापन र देशको सूचना प्रणालीसँग समायोजन गर्दै जवाफदेहिता र पारदर्शितामा सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

**आक्रा उच्चस्तरीय सम्मेलनका मुख्य आलोचनाहरू :**

- नागरिक समाजका संघ-संस्थाहरूले यस सम्मेलनमा सकृयताका साथ भाग लिएका भए पनि त्यसबेला प्रस्ताव गरेका प्रतिबद्धताहरूलाई मुख्य दस्तावेजमा बेवास्ता गरियो ।
- दाताहरूले अझै पनि सर्त सहितको सहायता (tied aid) पूर्ण रूपले हटाउन इन्कार गरे । उनीहरू ऋणको बोझ जस्ता मुद्दाबाट पन्छिए ।

## ४. चौथो उच्चस्तरीय सम्मेलन, बुसान, दक्षिण कोरिया (२०११)

**दस्तावेजः** सहायता प्रभावकारितासम्बन्धी एजेण्डालाई पहिलोपटक विकास प्रभावकारिताको रूपमा सम्बोधन गर्ने पहल गरियो । यसमा 'सहायता' को सट्टा 'विकास सहयोग' र 'विकासको लागि साझेदारी' शब्द प्रयोग गरिन्छ । पक्षहरू एक अर्कालाई 'साझेदार' को रूपमा उल्लेख गर्दछन् । सहयोग प्रभावकारिताले प्रभावकारी विकास सहायता र प्रभावकारी विकासको लागि सहायतालाई नयाँ एजेण्डाको रूपमा सुधार गर्न मार्ग प्रशस्त गर्दछ । बुसान उच्चस्तरीय सम्मेलनले प्रभावकारी विकास सहयोगका लागि विश्वव्यापी साझेदारी गठनको निर्माण गर्न मार्ग प्रस्तुत गऱ्यो । यसले सहयोग प्रभावकारितामा आर्थिक सहयोग र विकास सहायता समितिको कार्यदललाई विस्थापन गर्दछ । प्रभावकारी विकास सहयोगका लागि विश्वव्यापी साझेदारीमा दाताहरू, सरकारहरू, नागरिक समाजका समूहहरू र निजी क्षेत्रका प्रतिनिधिहरूको प्रतिनिधित्व हुन्छ ।

बुसान सम्मेलनमा सहमति भएका सिद्धान्तहरू प्रभावकारी विकास सहयोग (EDC) का सिद्धान्तकारूपमा चिनिए । जुन तपसिल अनुसार छन् :

- **विकासोन्मुख देशहरूद्वारा विकास प्राथमिकताहरूको स्वामित्व** : विकासको लागि साझेदारी तबमात्र सफल हुन्छ जब देशको विशिष्ट परिस्थिति र आवश्यकताहरू अनुरूप तयार गरिएका दृष्टिकोणहरू लागू गर्न त्यसको नेतृत्व विकासोन्मुख देशहरूले गर्दछन् ।
- **परिणाममा केन्द्रित** : गरिबी निवारण र असमानता न्यूनिकरको दीर्घकालीन असर दिगो विकास र विकासोन्मुख देशहरूको क्षमता अभिवृद्धि गर्ने जस्ता कार्यका लागि विकासोन्मुख देशहरूले आफैले तोकेको प्राथमिकता र नीति अनुरूप लगानी र प्रयास गर्दछन् ।
- **समावेशी विकास साझेदारी** : विकास लक्ष्य प्राप्तिका लागि सबै विकास सहयोगी एवम् सरोकारवालाहरूको विभिन्न तथा पूरक भूमिकालाई मान्यता दिँदै खुलापन, विश्वास, आपसी सम्मान र सिकाइलाई प्राथमिकता दिनु प्रभावकारी साझेदारीको मूल मर्म हो ।
- **परस्पर जवाफदेहिता र लक्षित लाभग्राहीप्रतिको जवाफदेहिता** : आशातीत परिणामका लागि लक्षित लाभग्राहीका साथसाथै सम्बन्धित नागरिकहरू, संघ-संस्था, विभिन्न निकाय र अन्य हिस्सेदारहरू जवाफदेहिता तथा परिणाम दिनको लागि महत्वपूर्ण छन्

**उच्चस्तरीय बुसान साझेदारी दस्तावेजका मुख्य आलोचनाहरू :**

- बुसान साझेदारी दस्तावेज पेरिस र आक्राको अधुरो दस्तावेजको रूपमा पहिचान गरिएका भए पनि यसले ठोस प्रतिबद्धता र समयरेखाको अभावजस्ता विषयलाई सम्बोधन गर्न असफल रह्यो ।
- बुसान साझेदारी दस्तावेज पूर्णरूपमा स्वेच्छिक छ ।
- नीतिगत सर्तहरू, खुल्ला सहयोग र सहयोगको पूर्वानुमान गर्न नसकिने अवस्थालाई कसरी अन्त्य गर्ने भन्नेबारेमा यस दस्तावेजमा कुनै ठोस प्रतिबद्धता जनाइएको छैन ।
- यो दस्तावेजले निजी क्षेत्र र नेतृत्व विकास प्रवर्धन गर्नेमा विश्वास गर्दछ, जुन दिगो विकासको नवउदारवादी ढाँचासँग मेल खान्छ ।
- यो दस्तावेजको द ग्लोबल लाईट कन्ट्री हेवी मन्त्र (The global light-country heavy mantra) ले देशहरूका लागि कार्यबोझ मात्र थप्छ ।

## ५. प्रभावकारी विकास सहयोगका लागि विश्वव्यापी साझेदारीको प्रथम उच्चस्तरीय बैठक, मेक्सिको शहर, मेक्सिको (२०१४)

**पारित दस्तावेज** : यो बैठकले बुसानमा गरिएका प्रतिबद्धताहरूको सम्मान गर्‍यो । समावेशी विकास, प्रजातान्त्रिक देशको स्वामित्व, परिस्कृत कर र देशको प्रणालीहरूको प्रयोग, लैङ्गिक समानता र महिला सशक्तिकरण र स्वतन्त्र विकास सहयोगीका रूपमा नागरिक समाजका संघ-संस्थाहरूको निम्ति सहयोग जस्ता पक्षहरूलाई यसमा उठान गरिएको थियो । विकासका सम्बन्धमा बृहत् नितिगत बहसहरू तथा विकासलाई व्यवस्थित गर्ने कार्यका लागि विकासोन्मुख देशहरूको क्षमता अभिवृद्धि तथा देशका प्रणालीहरूको प्रयोग गर्नेबारे दाताहरूको प्रतिबद्धता यो दस्तावेजमा उल्लेख छ ।

**मेक्सिको उच्चस्तरीय बैठकका मुख्य आलोचनाहरू र विज्ञप्ति** :

- मानव अधिकारमा आधारित दृष्टिकोण, लैङ्गिक समानताका मापदण्ड र नागरिक समाजका लागि अनुकूल वातावरणको तयारी जस्ता दृढ प्रतिबद्धताहरू यस दस्तावेजमा छुटेका छन् ।
- यो उच्चस्तरीय बैठक निजी क्षेत्र, विशेषतः बहुराष्ट्रिय उद्यमहरूको भूमिकाको विशेषताको रूपमा रहेका छन् । यसमा निजी क्षेत्रबाट हुने लगानीमा जवाफदेहिताका मापदण्डहरू कमजोर छन् ।
- पारदर्शिता र प्रजातान्त्रिक स्वामित्व जस्ता अन्तर्राष्ट्रिय सहयोगमा अन्तर्निहित सिद्धान्तहरू यस दस्तावेजमा राखिएका छैनन् ।
- यसमा सन् २०१५ पछिका प्रकृयाहरूलाई कसरी अगाडि बढाउने भन्ने मार्गचित्र (रोडम्याप) को अभावका साथै प्रभावकारी विकास सहयोगका लागि विश्वव्यापी साझेदारी र २०१५ पछिका प्रकृयाहरूका बीचमा नीतिगत सुसँगतताको अभाव छ ।
- दक्षिण-दक्षिण सहयोग (SSC) को जवाफदेहिताका मापदण्डलाई अन्तिम समयमा समावेश गरिएको थियो, जसले प्रतिबद्धताहरू स्वेच्छिक हुन्छन् र महत्वपूर्ण विकास प्रभावकारिता ओझेलमा पर्नेछन् ।

## ६ प्रभावकारी विकास सहयोगका लागि विश्वव्यापी साझेदारीको दोश्रो उच्चस्तरीय बैठक, नैरोबी, केन्या (२०१६)

**पारित दस्तावेज** : प्रभावकारी विकास सहयोग एजेण्डाका सम्बन्धमा यस अघि गरिएका प्रतिबद्धताहरू कार्यान्वयनमा महत्वपूर्ण भूमिका रहने कुरालाई नैरोबीमा पारित दस्तावेजले जोड दियो । दस्तावेजले साँघुरिएको वा कमजोर हुँदै गएको नागरिकको स्थानलाई सबल बनाउने र प्रभावकारी विकास प्रकृयामा योगदान गर्न सक्षम बनाउन उनीहरूलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । यसले विद्यमान प्रभावकारितासम्बन्धी प्रतिबद्धताहरूको कार्यान्वयन र प्रभावकारी विकास सहयोगका लागि विश्वव्यापी साझेदारीको भूमिकालाई सबल बनाउनुका साथै दिगो विकास लक्ष्य, २०३० लाई पनि विकसित गर्‍यो । लैङ्गिक समानता, महिला सशक्तिकरण र विकासमा युवाहरूको भूमिकालाई भाषागत रूपमा सशक्त बनाएको छ ।

**नैरोबी दस्तावेजका मुख्य आलोचनाहरू** :

- बुसान साझेदारी दस्तावेजमा सहमत भएको प्रजातान्त्रिक स्वामित्व सम्बन्धी सन्दर्भहरू यसमा समावेश गरिएका छैनन् ।
- यस दस्तावेजमा सरकारहरूलाई जबाफदेही बनाउन नागरिक समाजको भूमिका कमजोर राखिनुका साथै प्रत्येक देशको आफ्नै आर्थिक तथा सामाजिक विकासको स्वामित्वको महत्वको कमी छ ।
- यस दस्तावेजको उद्देश्यमा स्पष्टताको कमी छ उदाहरणको लागि गरिबी उन्मूलन तथा निजी क्षेत्रको विकासका लागि अन्तर्राष्ट्रिय सार्वजनिक वित्तको प्रयोगमा असमानता घटाउने सवाल स्पष्ट छैन ।

## ख) नागरिक समाजका संघ-संस्थाहरूले विकास प्रभावकारिता कार्यमा सामना गर्ने चुनौतीहरू

नागरिक समाजका संघ-संस्थाहरूको पैरवी र संलग्नताले सहयोग प्रभावकारिताको मुद्धालाई मानव अधिकारमा आधारित विकास प्रभावकारिताको बहसमा परिवर्तन गर्न महत्वपूर्ण भूमिका खेलेको छ । उनीहरू रोमदेखि नैरोबी र त्यसपछि बुसानमा गरिएको सहमति अनुरूप विकास प्रभावकारिता प्रतिका प्रतिबद्धताहरू दाताहरूले पालना गरिरहेका छन् छैनन् भन्ने सुनिश्चित गर्न निरन्तर रूपमा लागिरहेका छन् । प्रभावकारी विकास सहयोग बाहेक नागरिक समाजका संघ-संस्थाहरूको पैरवी र संलग्नताबाट प्रभावकारी विकास सहयोगका लागि विश्वव्यापी साझेदारी जस्तो उच्चस्तरको नीति निमार्ण गर्ने संयन्त्रमा उनीहरूको उपस्थिति हुनु ठूलो उपलब्धि हो । - सञ्चालक समिति

विकास सहयोगको सन्दर्भमा नागरिक समाजका संघ-संस्थाहरूको भूमिकालाई आधिकारिक रूपमा पहिलो पटक सन् २००८ को आक्रा उच्चस्तरीय सम्मेलनको दौरान मान्यता दिइयो, जसमा नागरिक समाजका संघ-संस्थाहरूलाई आफ्नै अधिकारमा विकास अभियान्ताहरूको रूपमा सम्बोधन गरिएको थियो । यसको अर्थ यो हुन्छ कि - उनीहरूले आफ्ना योजनाहरू, प्राथमिकताहरू र दृष्टिकोणहरू तर्जुमा गर्न सक्छन् र उनीहरूलाई विकास सहयोग नीति निमार्ण प्रकृयामा सहभागी हुने अधिकार छ । स्वतन्त्र विकास सहयोगीका रूपमा नागरिक समाजका संघ-संस्थाहरूको जवाफदेहिता र प्रभावकारितालाई अझ सुदृढ गर्ने कार्यमा इस्तानबुल सिद्धान्तहरू र विकास प्रभावकारिताका लागि नागरिक समाजका संघ-संस्थाहरूको अन्तर्राष्ट्रिय ढाँचा (Siem Reap Consensus) (कम्बोडियाको सिमरिप शहरमा सम्पन्न सहमति) का आधारमा भूमिका निर्वाह गर्न आग्रह गरिएको छ ।

### विकास प्रभावकारिताका लागि नागरिक समाजका संघ-संस्थाहरूको अन्तर्राष्ट्रिय ढाँचा (सिमरिप सहमति) :

खुला मञ्च (Open Forum) परामर्श प्रकृयाको परिणाम स्वरूप प्राप्त दस्तावेजलाई सन् २०११ मा कम्बोडियाको सिमरिपमा सम्पन्न खुला मञ्चको दोश्रो सभाबाट अनुमोदन गरियो । जसका विशेषता तपसिल अनुसार रहेका छन् :

- विकास कार्यमा नागरिक समाजका संघ-संस्थाहरू प्रभावकारिताका बारेमा नागरिक समाजको पहिलो कथन ;
- राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा नागरिक समाजका संघ-संस्थाहरूको प्रभावकारिता र गुणस्तर सुधार गर्ने आधारको रूपमा वैधानिक र दीर्घकालीन निर्देश वा सन्दर्भ सामग्री ।
- नागरिक समाजका संघ-संस्थाहरूको विकास प्रभावकारिताका लागि आठ (८) इस्तानबुल सिद्धान्त र सरकार तथा दाताको नीति एवम् व्यवहार सुधार गर्ने कार्यका लागि न्यूनतम मापदण्ड समावेश ।

### नागरिक समाजका संघ-संस्थाहरू विकास प्रभावकारिताका लागि इस्तानबुल सिद्धान्तहरू :

सन् २०१० को सेप्टेम्बर २८ देखि ३० सम्म इस्तानबुलमा सम्पन्न नागरिक समाजका संघ-संस्थाहरूको विकास प्रभावकारितासम्बन्धी सभाले पारित गरेको दस्तावेजले विकास कार्यमा नाससहरूका लागि मार्गनिर्देशकको रूपमा कार्य गर्दछ । यस सिद्धान्तले तपसिल पक्षलाई समेट्छ :

- मानव अधिकार र सामाजिक न्यायको सम्मान र प्रवर्धन,
- महिला र बालिकाको अधिकार प्रवर्धन गर्दा लैङ्गिक समानता र समानताका पक्ष समावेश,
- जनसमुदायको सशक्तिकरण, प्रजातान्त्रिक स्वामित्व र सहभागितामा जोड,
- वातावरणीय दिगोपनाको प्रवर्धन,
- पारदर्शिता र जवाफदेहिताको अभ्यास,
- न्यायसङ्गत साझेदारी र ऐक्यबद्धतालाई अघि बढाउने,
- सिर्जना, ज्ञानको वितरण र परस्पर सिकाइमा जोड,
- सकारात्मक एवम् दिगो परिवर्तन गर्ने प्रतिबद्धता ।

**स्रोतः** **https://csopartnership.org/resource/istanbul-principles-for-cso-development-effectiveness/**

नागरिक समाजका संघ-संस्थाहरूलाई विकास सहयोग कार्यक्रमहरूको योजना, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा सहभागी हुन पाउने अधिकार प्राप्त छ । बुसान साझेदारी दस्तावेजले नागरिक समाज समाजका संघ-संस्थालाई दाता तथा सरकारहरूसँगको संलग्नतामा गरिबमुखी एजेण्डा तयार पार्न विकास संलग्नता सँगै थुप्रै मञ्च र साझेदारिहरूमा स्थान प्रदान गरेको छ । बुसान साझेदारी दस्तावेजका अनुसार[1] :

> "विकास नीतिहरूलाई आकार दिने, त्यसमा साझेदारी गर्ने र कार्यान्वयन अवस्थाको निरीक्षणमा आफ्नो अधिकार दाबी गर्न नागरिकलाई सक्षम बनाउने तथा अधिकारमा आधारित दृष्टिकोणहरूलाई प्रवर्धन गर्न नागरिक समाजका संघ-संस्थाहरूले महत्वपूर्ण भूमिका खेल्नेछन् । राज्यले सेवा प्रदान गरेका क्षेत्रमा उनीहरूले प्रदान गर्ने सेवा पूरकको रूपमा रहन्छन् । यस कार्यको पहिचान गर्दै हामी :
>
> क) नागरिक समाजका संघ-संस्थाहरूलाई स्वतन्त्र विकास सहयोगीको रूपमा महत्वपूर्ण भूमिकाको प्रयोग गर्ने गरि सक्षम तुल्याउन, विशेष गरि विकासमा उनीहरूको योगदानको दायरा बढाउने सवालमा विश्वव्यापी अधिकारको रूपमा सहमति भएअनुसार सबल वातावरण सिर्जना गर्नका निम्ति हाम्रा प्रतिबद्धताको पूर्ण आदर गर्नेछौं ।
>
> ख) विकास प्रभावकारिताका लागि अन्तर्राष्ट्रिय ढाँचा अनुरूप जवाफदेहिता र विकास प्रभावकारितामा योगदान पुऱ्याउने इस्तानबुल सिद्धान्त र नागरिक समाजका संघ-संस्थाहरूको कार्यलाई कार्यान्वयन गर्न प्रोत्साहित गर्नेछौं ।"

विकास प्रभावकारी एजेण्डामा नागरिक समाजका संघ-संस्थाहरूको संलग्नता र सहभागितामा सुधारका बाबजुद् अनुकूल वातावरण सिर्जना गर्न अझै पनि चुनौतीहरू रहेका छन् । प्रभावकारी विकासका क्षेत्रमा नागरिक समाजका संघ-संस्थाहरूले खासगरि दुई किसिमका हानिकारक प्रवृत्तिको विकास भएको गुनासो गर्छन् : विकास कार्यमा कर्पोरेट क्षेत्रले कब्जा जमाएको छ भने नागरिकको स्थान खुम्चिँदै र साँघुरिँदै गएको छ । ठूला व्यवसायको भूमिका जस्तै : बहुराष्ट्रिय (एक भन्दा धेरै देशमा सञ्चालनमा आएका) व्यवसाय र अन्तर्राष्ट्रिय वित्त संस्था (MNCs, TNCs, IFIs) हरूले विकास अवधारणा र तिनको कार्यान्वयनमा भूमिका बढाएका छन् । व्यवसायिक नेतृत्वमा हुने गरेका यी प्रयासहरूले समुदायको सरोकारको लागि गरेको खर्चमा नाफाको अभिलाषा राख्दछन् ।

प्रभावकारी विकासका लागि नागरिक समाजका संघ-संस्था साझेदारी (CPDE) को प्रतिवेदन-२ अनुसार प्रभावकारी विकास सहयोगका लागि विश्वव्यापी साझेदारीमा सरोकारवालाद्वारा गरिएका प्रतिबद्धताको तेश्रो अनुगमनका क्रममा के पाइयो भने धेरै देशहरूले नागरिक समाजका संघ-संस्थाहरूसँग विकास नीतिहरू सम्बन्धमा कहिलेकाहीँ मात्र परामर्श आयोजना गरिएको वा आयोजना नै नगरिएको अवस्था छ । जुन देशहरूमा सरकारी तवरबाट परामर्श गरिएका छन् तिनमा पनि समय सीमाको कारण पारदर्शिता र नियमितताको हिसाबले गुणस्तर कायम गरिएको छैन । बहुसरोकारवालासँग आयोजना गरिने संवाद सीमित नागरिक समाजका संघ-संस्थाहरूको सहभागिता जस्ता समस्याबाट ग्रसित छन् र, यस्ता संवादको उद्देश्य केवल वर्तमान सरकारी प्राथमिकतालाई समर्थन जुटाउन तयार भएका हुन् ।

जनमानसलाई आफ्नो अधिकारको रक्षा गर्नबाट निरूत्साहित गर्ने मनसायका साथ प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गबाट नागरिक समाजका सदस्यमाथि हुने हमला र दमनका घटनाहरू बढिरहेका छन् । पुरा गर्न नै नसकिने किसिमका पारदर्शिता र जवाफदेहिताका सवालहरू उठाउने देखि उत्पीडन, मानव अधिकार रक्षकको गिरफ्तारी र हत्याका घटनासमेत हुने गरेका छन् । सन् २०१६ यतामात्रै ९ सय भन्दा धेरै मानव अधिकार रक्षकहरूको हत्या गरिएको छ । यीमध्ये कम्तीमा १ सय ८२ हत्याका घटना सन् २०१७ र २०१८ मा भएका थिए ।

नागरिक समाजले विकास प्रभावकारिता सम्बन्धी प्रकृयामा स्थान र अवसर नै उपलब्ध नहुने अवस्था,

[1] Busan Partnership for Effective Development Cooperation, paragraph 22. https://www.oecd.org/dac/effectiveness/49650173.pdf

[2] Civil society reflections on progress in Achieving development effectiveness: Inclusion, accountability and transparency. https://c419de57-e749-4591-9016-5feb763746da.filesusr.com/ugd/9f29ee_44f4e59a973f47fb920f6ce8d66cba08.pdf

प्रतिकूल राजनीतिक परिवेश र नागरिक समाजका सदस्य उपरको हमलाजस्ता कुराले नागरिक समाजका संघ-संस्थाहरूलाई विकास प्रभावकारिता सम्बन्धी काम गर्न अप्ठेरो पर्छ । सहायता सम्बन्धी सूचनाको पहुँचमा पारदर्शिताको कमी, सहयोग कार्यक्रम र परियोजना बारे संवाद, ढाँचा, कार्यान्वयन र अनुगमन लगायतका पक्षहरूमा जवाफदेहिताको अभाव जस्ता थप पक्षहरूले विकास प्रभावकारिताका लागि नागरिक समाजका संघ-संस्थाहरूको पैरवीमा केवल बाधामात्र पुऱ्याउँदैन, यसले उनीहरूलाई स्वतन्त्र विकास सहयोगीको रूपमा कार्य गर्ने वातावरणलाई पनि धुमिल्याउँछ ।

बाह्य कारणहरू बाहेक आन्तरिक कारणहरू जस्तै : विशिष्ट नीतिगत प्रकृयाहरू बुझ्ने सन्दर्भमा नागरिक समाजका संघ-संस्थाहरूले अनुसन्धान गर्ने कार्यमा सिमित क्षमता र पैरवी एवम् नीतिगत संलग्नताका लागि अपर्याप्त रणनीति जस्ता पक्षहरूलाई पनि सम्बोधन गर्नु आवश्यक छ ।

### छलफलका लागि प्रश्नहरू :

१. तपाइँको विचारमा यी उच्चस्तरीय मञ्चमा नागरिक समाजका संघ-संस्थाहरूले प्राप्त गरेको सबैभन्दा महत्वपूर्ण उपलब्धिहरू के के हुन् ?
२. अझै के को निम्ति पैरवी गर्नु जरुरी छ ?

## सत्र १.२.

# सहायता र विकास सहयोग संरचनासम्बन्धी बुझाइ

**सिकाइ उपलब्धिहरू:**

**सत्रको अन्त्यमा सहभागीहरू :**

१. सहायता र विकास सहयोगका प्राविधिक र प्रकृयागत पक्षहरूसँग परिचित हुनेछन् ।
२. सहायता प्रवाहका प्रकारहरू र सहयोग प्रणालीभित्र प्रमुख विकास सहयोगीहरूको पहिचान गर्न सक्नेछन् ।

**सामग्री:**

- पावर पोइन्ट प्रस्तुतिहरू र/वा फ्लिप चार्ट
- एलसीडी प्रोजेक्टर
- मार्करहरू

**प्रकृया:**

१. यस सत्रका सिकाइ उपलब्धिका बारेमा बताउनुहोस् ।
२. सहायता र विकास सहयोगका प्राविधिक र प्रकृयागत पक्षहरू तथा दक्षिण-दक्षिण सहयोगका बारेमा छलफल गर्नुहोस् ।

## क) सहायता र विकास सहयोगको प्राविधिक र प्रकृयागत पक्षहरू

सहयोग प्रणाली वा सहयोग संरचनाले विकास सरोकारवालाहरू (दाता सरकारहरू, सहायता प्राप्त गर्ने देशहरू, बहुपक्षीय एवम् अन्तर्राष्ट्रिय वित्त संस्थाहरू, निजी क्षेत्र र नागरिक समाज) ले आधिकारिक विकास सहायताको व्यवस्थापन, अनुगमन र मूल्याङ्कन कसरी गर्दछन् भन्ने कुरा स्पष्ट पार्दछ ।


यद्यपि प्रणाली र संरचनाले विकास सहयोग नीतिहरू र कार्यहरूलाई समन्वय गर्ने एक राम्रो सङ्गठित संरचना विद्यमान भएको अवस्थालाई सङ्केत गर्दछ । तर यथार्थ के हो भने "सहयोग संरचना" विभाजित छ । दाताहरूले उनीहरूकै प्राथमिकताको आधारमा व्यक्तिगत रूपमा निर्णय गर्दछन् । जुन प्राय : उनीहरूको विदेश नीतिको उद्देश्य वा तिनीहरूको ऐतिहासिक सम्बन्धको आधारमा गरिन्छ । साथै, ती सहायता प्राप्त गर्ने देशहरूको प्राथमिकता वा दिगो विकासका उद्देश्यसँग मेल खाँदैन ।

यसले सहायता प्रदान गर्ने र प्राप्त गर्ने देशहरू बीच विद्यमान शक्तिमा असन्तुलन ल्याइदिन्छ । समान शक्तिशाली दाता राष्ट्रहरूले विभिन्न बहुपक्षीय निकायहरूको नेतृत्व गर्दछन् जसले सहायता प्रणालीलाई नै आफ्नो अधीनमा राख्दछन्, जस्तै : आर्थिक सहयोग र विकास सङ्गठन ।

विद्यमान सहयोग संरचनाको विखण्डन र जटिलताले विभिन्न विश्वव्यापी संस्थाहरूमा नीतिगत अस्पष्टता ल्याउने र प्रत्येकका आ-आफ्नै कार्यादेश, सदस्यता र नीतिको अवस्था सिर्जना गर्दछ। उदाहरणका लागि संयुक्त राष्ट्रसङ्घीय प्रणाली, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष[3] लगायतका राष्ट्रसङ्घीय निकायहरूद्वारा निर्मित छ। यसमा सदस्य राज्यहरू वा अन्तरसरकारी सङ्गठनहरू, जस्तैः ग्रुप अफ सेवेण्टी सेवेन (Group of 77), क्षेत्रीय संरचनाहरू र गैर-संयुक्त राष्ट्रसङ्घीय जी.एल.-एट (GL-8), जी-ट्वेण्टी (G-20), आर्थिक सहयोग विकास संस्था (OECD) जस्ता संस्थाहरूको समूह पनि संलग्न छन्।

सहयोग प्रभावकारिता सम्बन्धी बहुपक्षीय बैठकहरूमा विकास सहयोगसँगै सहयोग विखण्डनका मुद्दाहरूको सम्बोधन गर्ने प्रयास हुँदै आएको छ (सत्र १.१ हेर्नुहोस्)। बुसान पछि बृहत् सहायता प्रकृयालाई प्रभावकारी विकास सहयोगका लागि विश्वव्यापी साझेदारी (GPEDC) ले प्रतिनिधित्व गर्दछ। यो एक बहुसरोकारवाला मञ्च हो। जसले सबै सरोकारवालाहरूको विकास प्रयासहरूको प्रभावकारितालाई अघि बढाउने लक्ष्य राख्दछ र दिगो विकास लक्ष्यको उपलब्धि हासिल गर्न योगदान पुऱ्याउँछ। प्रभावकारी विकास सहयोगका लागि विश्वव्यापी साझेदारीले छलफल, साझा उत्तरदायित्व एवम् साझा सिकाइ र अनुभवको निम्ति साझा मञ्चको रूपमा अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त सिद्धान्तहरूलाई प्रवर्धन गर्ने प्रयास गर्दछ। यी सिद्धान्तहरूले देशको स्वामित्व, परिणाममा केन्द्रित, समावेशी विकास साझेदारी, पारदर्शिता र परस्पर जवाफदेहिता मार्फत प्रभावकारी विकास सहयोगको आधार निर्माण गर्दछन् भन्ने मान्यता राख्दछन्।

## ख) सहायता प्रणालीमा प्रमुख पात्रहरू




[3] IBON Primer on Aid and Development Effectiveness: At a Crossroads at Busan?. 2011. https://iboninternational.org/download/primer-on-aid-and-development-effectiveness-at-a-crossroads-at-busan/

## ०१

**आर्थिक सहयोग र विकास संस्था (OECD) – विकास सहायता समिति (DAC)** सहायता र विकास प्रभावकारितासम्बन्धी मुद्दाहरूको बारेमा छलफल गर्ने दाता देशहरूको मञ्च हो । २९ वटा आर्थिक सहयोग र विकास संस्था सदस्य राष्ट्र मिलेर विकास सहयोग समिति (Development Assistance Committee) गठन भएको छ । पहिले विकास सहायता समूहको रूपमा परिचित विकास सहायता समिति २३ जुलाई १९६० को आर्थिक सहयोग र विकास संस्थाको मन्त्रिस्तरीय प्रस्तावबाट गठन भएको हो । यसको वर्तमानको जनादेश भनेको (२०१८-२०२२) विकास सहयोगका माध्यमबाट एजेण्डा २०३० को कार्यान्वयनमा सहयोग गर्नु हो ।

विकास सहयोगको अनुगमन गर्ने, विकास सहयोगमा मापदण्ड तय गर्ने र समीक्षा गर्ने कार्यमा सदस्य राष्ट्रसँग मिलेर काम गर्ने बाहेक विकास सहयोग समितिले सदस्य राष्ट्रभन्दा पनि विकासशील देशहरू, अन्तर्राष्ट्रिय संस्थाहरू, निजी क्षेत्र, नागरिक समाजका संघ-संस्थाहरूसँग पनि यसको जनादेश अनुरूप कार्य गर्दछ वा विकास सहयोग गर्दछ ।

विकास सहयोग समितिले विशेष गरि नागरिक समाजका संघ-संस्थाहरू मार्फत काम गर्ने तरिकाको विश्लेषण र दस्तावेज तयार गर्ने कार्य गर्दछ । यसका साथै यसले नागरिक समाजका संघ-संस्थाहरूसँगको सहयोगमा दाताका निम्ति मापदण्डहरू समेत तय गर्ने अनुगमन विकास सहायता समिति र नागरिक समाजका संघ-संस्थाहरूका बीचमा वर्षमा एक वा दुईपटक संवाद वा छलफल कार्यक्रमको आयोजना गरिन्छ । यसले नागरिक समाजका संघ-संस्थाहरूलाई विकास सहायता सम्बन्धी संवादमा संलग्न हुने र समितिलाई प्रभावित गर्ने अवसरका साथै समितिलाई पनि नागरिक समाजका संघ-संस्थाहरूको ज्ञान, क्षमताका अतिरिक्त गरिबी विरुद्ध उनीहरूको पैरवी र भूमिका अनि लैङ्गिक समानता, समावेशीकरण तथा दिगो विकास सम्बन्धी कार्यानुभवबाट लाभ लिने मौका मिल्छ ।

## ०२

**बहुपक्षीय संस्थाहरू** मा विभिन्न सरकारहरूले लगानी गर्दछन् । विश्वमा २ सय भन्दा बढी यस्ता बहुपक्षीय सहायता एजेन्सीहरू छन् र संयुक्त राष्ट्रसङ्घीय प्रणाली अन्तर्गतका एजेन्सीहरू र युरोपेली आयोग यस अन्तर्गत पर्दछन् ।

क) संयुक्त राष्ट्रसङ्घीय दिगो विकास समूह (संयुक्त राष्ट्रसङ्घीय विकास समूहको रूपमा परिचित थियो) लेबजेट, कार्यक्रम र त्यस्ता विशेष निकायहरू समेट्छ जसमार्फत संयुक्त राष्ट्रसङ्घले मानवीय र दिगो विकाससम्बन्धी चासोहरूको सम्बोधन गर्दछ । यी संयन्त्रहरूको आ-आफ्नै जिम्मेवारी, कार्यक्रमहरू, बजेटहरू, नागरिक समाजसँग कार्यगर्ने संयन्त्र र प्रकृयाहरू छन् । यी संस्थाहरूले देहायका संयन्त्रहरूलाई समेट्छ :

- संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम
- संयुक्त राष्ट्रसङ्घीय पुँजी विकास कोष (युएनडिपीसँग आवद्ध)
- संयुक्त राष्ट्रसङ्घीय बाल कोष
- विश्व खाद्य कार्यक्रम
- संयुक्त राष्ट्रसङ्घीय पर्यावरण
- संयुक्त राष्ट्रसङ्घीय महिला कार्यक्रम (UN Women)
- शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त
- एड्ससम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यक्रम
- संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष
- संयुक्त राष्ट्रसङ्घीय मानव व्यवस्थापन  कार्यक्रम
- विश्व स्वास्थ्य सँगठन (WHO)
- खाद्य र कृषि संस्था
- कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोष
- अन्तर्राष्ट्रिय श्रम सँगठन (ILO)

ख) युरोपेली आयोग हाल सबैभन्दा ठूलो सहायता प्रदायकमध्ये एकको रूपमा देखिएको छ । यसमा युरोपेली आयोगका २७ सदस्य राष्ट्रबाट सहयोग रकम प्राप्त हुन्छ । युरोपेली आयोगको सहायता कार्यक्रम र उद्देश्यहरू विकास सम्बन्धी युरोपेली सहमतिमा आधारित हुन्छन् । युरोपेली आयोगको परिकल्पना र विकास सहयोगको कार्यढाँचाका आधारमा समय-समयमा अद्यावधिक गरिन्छ ।

## ०३

**द्विपक्षीय एजेन्सीहरू** एकल सरकारका निम्ति जिम्मेवार हुन्छन् र प्रायः जसो कुनै सरकारी मन्त्रालयको एक भागका रूपमा रहन्छन्, जस्तैः विदेश मामिला मन्त्रालयहरू यस अन्तर्गत लिन सकिन्छ । द्विपक्षीय रूपमा गरिएको सहायता खुला वा सर्तसहितको हुनसक्छ र जे सहयोग प्रदान गरिन्छ त्यो दाताको प्राथमिकताबाट प्रभावित हुन्छ । सामान्यतया, यदि सहायता सर्तसहितको छ भने सहयोग प्राप्त गर्नेले आवश्यक वस्तु तथा सेवाहरू दाताबाट खरिद गर्नुपर्ने हुन्छ । केही द्विपक्षीय एजेन्सीहरूको नाम तल दिइएको छ :

- फ्रान्सेली विकास एजेन्सी (Agence Francaise Development-AFD)
- ग्लोबल अफेयर्स क्यानाडा (Global Affairs Canada GAC)
- डेनिस अन्तर्राष्ट्रिय विकास एजेन्सी (Danish International Development Agency-Danida)
- जापान अन्तर्राष्ट्रिय सहायता एजेन्सी (Japan International Cooperation Agency-JICA)
- नेदरल्याण्ड्स विकास सहयोग (Netherlands Development Cooperation-NDC)
- विकास सहयोगका लागि नर्वेजियन एजेन्सी (Norwegian Agency for Development Cooperation-Norad)
- विकास र सहयोगका लागि स्वीस एजेन्सी (Swiss Agency for Development and Cooperation-SDC)
- स्वीडिस अन्तर्राष्ट्रिय विकास सहायता एजेन्सी (Swedish International Development Cooperation Agency-Sida)
- अन्तर्राष्ट्रिय विकासका लागि संयुक्त राष्ट्र नियोग (United States Agency for International Development-USAID)
- मिलेनियम च्यालेञ्ज कर्पोरेशन (Millennium Challenge Corporation-MCC)

## ०४

**विश्वव्यापी तथा क्षेत्रीय अन्तर्राष्ट्रिय वित्त संस्थाहरूले (LFLS)** विकासशील देशहरूलाई विकास सहायता प्रदान गर्दछन् । यस्तो सहायताको महत्वपूर्ण अंश विकास सहयोग समिति तथा गैर विकास सहयोग समितिका सदस्यहरूको आधिकारिक विकास सहायता (ODA) लगायतका योगदानबाट प्राप्त हुन्छ ।

क) **अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक (IMF-WB)** ब्रेटन वुड्स, न्यु ह्याम्पसर- दोश्रो विश्वयुद्धपछि युद्धले पुऱ्याएको क्षतिपूर्ति कार्यका लागि पुनर्प्राप्तिको अवधि (Recovery Period) मा आर्थिक सहयोगका लागि विश्वव्यापी ढाँचाको स्थापना गर्ने उद्देश्यले अमेरिकामा सन् १९४४ को जुलाइमा गठन गरिएको संस्था हो ।

दुवै संस्थाले एक अर्काको पूरकको रूपमा कार्य गर्दछन् । विश्व बैंकले दीर्घकालीन आर्थिक विकास तथा प्राविधिक एवम् वित्तीय सहायताको माध्यमबाट गरिबी न्यूनीकरणमा काम गर्दछ भने अन्तर्राष्ट्रिय मुद्रा कोषले अन्तर्राष्ट्रिय मौद्रिक सहयोगका साथसाथै नीतिगत सुझाव र क्षमता विकासका क्षेत्रमा सहयोग गर्दछ ।

विश्व बैंकको तुलनामा अन्तर्राष्ट्रिय मुद्रा कोषले छोटोदेखि मध्यम अवधिका निम्ति ऋण प्रदान गर्छ र भुक्तानी सन्तुलनका समस्या समाधानका निम्ति आवश्यक नीति तथा कार्यक्रम ढाँचा तयार गर्न देशहरूलाई सहयोग गर्दछ । यस किसिमको कार्य तब गरिन्छ जब खुद अन्तर्राष्ट्रिय भुक्तानी पुरा गर्न पर्याप्त वित्त उपलब्ध हुँदैन । ऋणमा डुब्दै गरेका विकासशील देशहरूका साथै सार्वजनिक सेवाहरू जस्तै: स्वास्थ्य, शिक्षा र अन्य उपयोगिताका क्षेत्रको निजीकरकणमा दुवै संस्थाको भूमिकालाई लिएर व्यापक आलोचना हुने गरेको छ ।

ख) **एसियाली विकास बैंक (ADB)** सन् १९६६ मा स्थापित क्षेत्रीय विकास बैंक हो । यसले आफ्ना सदस्यहरूलाई ऋण, प्राविधिक सहयोग, अनुदान र इक्वीटी लगानी प्रदान गरि ती देशहरूको आर्थिक र सामाजिक विकासलाई प्रवर्धन गर्न सहयोग गर्दछ । यसमा ६८ देशहरू सदस्यको रूपमा रहेका छन् भने अमेरिका र केही युरोपेली देशहरू पनि यसमा सामेल छन् । अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक जस्तै एसियाली विकास बैंकले पनि आधारभूत सामाजिक सेवाहरूको निजीकरणलाई प्रोत्साहित गरेको र बाँध तथा सडक जस्ता परियोजनाले प्रभावित समुदायका सदस्यहरूको मानव अधिकार र स्रोतको पहुँचमा नकारात्मक असर पुऱ्याएको भनि व्यापक आलोचना हुने गरेको छ ।

ग) **एसियन पूर्वाधार लगानी बैंक (AIIB)** यस क्षेत्रको पूर्वाधारमा सहयोग गर्ने उद्देश्यले सन् २०१५ मा स्थापित एक नयाँ वित्तीय संस्था हो । चीनको नेतृत्वमा रहेको यस बैंकका हाल १ सय २ सदस्यहरू रहेका छन् । एसियाली विकास बैंकमा जस्तै यसमा पनि गैरएसियाली देशहरू पनि सदस्य रहेका छन् तर अमेरिका र जापान भने सदस्य छैनन् । यो बैंक चीनको बेल्ट एण्ड रोड इनिसिएटिव (BRI) को वित्तीय हतियार मध्ये एक हो । बेल्ट एण्ड रोड इनिसिएटिवले एशियाली र युरोपेली देशहरूलाई एक अर्कासँग जोड्नका लागि पूर्वाधार निमार्ण गर्ने लक्ष्य राख्दछ । यस बैंकले पारदर्शिता र जवाफदेहिताको उच्च मापदण्ड र विवादरहित आयोजनाहरूमा लगानी गर्ने प्रतिबद्धता गरे पनि पारदर्शिता, जवाफदेहिताका अभ्यासहरूका साथसाथै यसका जीवाश्म इन्धन (fossil fuel) र ठूला जलविद्युत बाँधका परियोजनाहरूलाई लिएर यसको आलोचना भएका छन् ।

घ) **न्यू डेभलप्मेण्ट बैंक (New Development Bank-NDB)** अर्को एक नयाँ विकास बैंक हो जुन सन् २०१४ मा स्थापित भएको थियो । यो बैंक पहिले ब्रिक्स (BRICS) बैंकको रूपमा परिचित थियो किनकि ब्राजील, रसिया, भारत, चीन र दक्षिण अफ्रिका जस्ता पाँचवटा उदाउँदा आर्थिक शक्ति राष्ट्रहरूको समूहले यसको स्थापना गरेका थिए । न्यू डेभलप्मेण्ट बैंकले ऋण, जमानत, समतामूलक सहभागिताका लागि सार्वजनिक र निजी परियोजनामा सहयोग गर्ने विश्व विकासका लागि योगदान गर्ने बहुपक्षीय र क्षेत्रीय वित्तिय संस्थाहरूको प्रयासमा सहयोग गर्ने र ब्रिक्ससँगको सहकार्यलाई सुदृढ गर्ने लक्ष्य लिएको छ ।

# ०५

## निजी क्षेत्रको भूमिका

विकास कार्य र त्यसमा पनि खासगरि व्यवसायिक क्षेत्रमा निजी क्षेत्र (Private Sector-PS) हरूको भूमिका बढ्दो छ । बुसान साझेदारी दस्तावेज र नैरोबीको पारित दस्तावेजमा विकासमा नवीनता ल्याउन, सम्पत्ति, आम्दानी र रोजगारी सिर्जना गर्न तथा घरेलु स्रोतको परिचालन गर्न निजी क्षेत्रको भूमिकालाई मान्यता दिइएको छ । यद्यपि विकासमा साना व्यवसाय तथा सहकारी संस्थाहरूको योगदानलाई मान्यता दिन भने अझै बाँकी छ ।

# ०६

प्रभावकारी विकास सहयोगका सिद्धान्तहरूमा बुसानको चौथो उच्चस्तरीय सम्मेलनमा सहमति भए पश्चात नागरिक समाजका संघ-संस्थाहरूलाई उनीहरूकै अधिकारमा स्वतन्त्र विकास सहयोगीको रूपमा मान्यता दिइएको छ। नागरिक समाजका संघ-संस्थाहरू १) सहायता व्यवस्थापनको क्षेत्रमा पनि महत्वपूर्ण छन् किनकि उनीहरूले निगरानीकर्ताको रूपमा काम गर्दछन् २) विकासका क्षेत्र र प्रकृयामा पनि उनीहरूले गरिबहरूको सहभागिता र सशक्तिकरण सुनिश्चित गर्दछन्। समग्रमा परिभाषित गर्नुपर्दा गैर-सरकारी तथा गैर-सरकारी संस्थाहरूमा किसान सङ्गठनहरू, तल्लो तहका जनसङ्गठनहरू, स्वतन्त्र अनुसन्धान संस्था, श्रमिकहरूका सङ्गठन आदि पर्दछन्।

## सहायता एजेन्सीहरूद्वारा प्रदान गरिएका विकास सहायताका केही प्रकारहरू :

- **अनुदान** - नगद, सामान वा सेवामा गरिएको स्थानान्तरण (Transfers) जसको लागि कुनै भुक्तानी गर्नुपर्दैन।
- **ऋण** - स्थानान्तरण जसको लागि भुक्तानी जरुरी छ।
  - **सहुलियत ऋण** - जसको ब्याजदर प्रचलित बजार दरभन्दा कम र लामो समयको लागि अनुदान दिइन्छ।
  - **गैर-सहुलियत ऋण** -जुन बजारमा चल्तीमा भएको ब्याजदरका आधारमा प्रदान गरिन्छ।
- **मिश्रित वित्त** - निजी लगानी आकर्षित गर्न गरिने विकास कोषहरूको प्रयोग।
- **प्राविधिक सहयोग** - जानकारी र विशेषज्ञता, निर्देशन, सिपसम्बन्धी तालिम, कामसम्बन्धी ज्ञानको प्रसारण र परामर्श सेवाहरूको रूपमा उपलब्ध गराइने गैर-वित्तीय सहयोग।

## निजी क्षेत्र र नागरिक समाजसँग दाताहरूका संलग्नताका केही रूपहरू

| निजी क्षेत्र | नागरिक समाज : |
|---|---|
| **अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू :**<br>यसअन्तर्गत आधिकारिक विकास सहयोग, ऋण तथा कर्पोरेट र वित्तीय क्षेत्रबाट निजी स्रोत साधनका साथै लगानीको सुनिश्चितताको मिश्रित रूपलाई बुझ्न सकिन्छ । उदाहरणका लागि विश्व बैंकको अन्तर्राष्ट्रिय वित्त निगम (IFC) र विकासशील देशहरूको लागि बेल्जियम लगानी कम्पनी (BIO) लाई लिन सकिन्छ । | **अनुदान**<br>क) अनुदान सहयोग - छोटो अवधिका परियोजनाहरू<br>ख) नागरिक समाजका संघ-संस्थालाई सहयोग गर्न केन्द्रीय अनुदान (Core funding) |
| **साझेदारी र निजी क्षेत्र विकास सहयोग :**<br>यसअन्तर्गत निजी क्षेत्रको विकास (PSD) र सार्वजनिक निजी साझेदारी (PPP) लाई प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्ने कार्यक्रमहरू पर्दछन् । यसको एक उदाहरणको रूपमा युएसएआइडीको ग्लोबल डेभलप्मेण्ट अलाइन्स (Global Development Alliance) लाई लिन सकिन्छ । जुन युएसएआइडी. बाट सहयोग प्राप्त बजारमा आधारित व्यवसायको नमुना हो । विकासको निम्ति यस किसिमको मोडेलले गरिब सरोकारवालालाई वास्तवमै कसरी सहयोग पुऱ्याउँछ भन्नेबारे अध्ययन र छानबिन हुनु जरुरी छ । त्यसैगरि नाफा खोज्ने अभिप्रायका कारण विकासमा निजी क्षेत्रको भूमिका विस्तार गर्ने कुराको आलोचना भइरहेको छ । | **नागरिक समाज संलग्न संयन्त्रहरूको माध्यमबाट संवाद**<br>दाता मञ्च वा सम्मेलनहरूमा नागरिक समाजलाई प्रायः सहयोगको प्राथमिकतासम्बन्धी नीति, मापदण्ड, जवाफदेहिता जस्ता पक्षमा संलग्न गराउने संयन्त्रहरू (जस्तै : विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियन विकास बैंक, प्रभावकारी विकास सहयोगका लागि विश्वव्यापी साझेदारी, नागरिक समाज संस्था विकास प्रभावकारिता सम्बन्धी कार्यदल) हुन्छन् । यी प्रत्येक मञ्चहरूमा सहभागिताका भिन्नभिन्न स्वरूपका साथै विभिन्न तहका खुलापन, पारदर्शिता र समावेशिता रहन्छन् । |

# ग) सहायता प्रवाहको कार्यपद्धति एवम् प्रकृया (Tracking Aid Flows)

### आधिकारिक विकास सहयोग (ODA) वा सहायता के हो ?

साधारणतया 'विकास सहायता' (ODA) भनेर चिनिने आधिकारिक विकास सहयोगलाई आर्थिक सहयोग र विकास सङ्गठन-विकास सहयोग समितिले सरकारी सहायताका रूपमा परिभाषित गर्दछ जसले विशेष गरि विकासशील देशहरूको आर्थिक विकास र कल्याणलाई प्रवर्धन गर्ने लक्ष्य राख्दछ ।

यी 'प्रवाहहरू' देहायका प्रकृतिका हुन्छन् : १) राज्य र स्थानीय सरकार वा कार्यकारी एजेन्सी लगायतका आधिकारिक एजेन्सीहरूद्वारा प्रदान गरिएको हुन्छ, र २) सहुलियत (अर्थात अनुदान र सरल कर्जा) र देशको आर्थिक विकासको प्रवर्धन र विकासशील देशहरूको कल्याण मुख्य उद्देश्यको रूपमा रहेको हुन्छ[४] । विकास सहयोग समितिसँग प्रतिव्यक्ति आयमा आधारित आधिकारिक विकास सहयोग योग्य देशहरूको सूची रहेको छ र यो प्रत्येक तीन वर्षमा अद्यावधिक हुन्छ । विकास सहयोग समितिकाअनुसार सैन्य सहायता र दाताको सुरक्षा रुचिहरूको प्रवर्धन, मुख्य रूपमा व्यापारिक उद्देश्य भएका कारोबारहरूलाई आधिकारिक विकास सहयोगको रूपमा वर्गीकरण गर्न सकिँदैन ।

### आधिकारिक विकास सहयोग प्रवाहका प्रकारहरू

- **द्विपक्षीय सहायता** : द्विपक्षीय सहायता भन्नाले एक विकासशील देशको सरकारलाई प्रत्यक्ष रूपमा दाता सरकारले दिएको सहायतालाई जनाउँछ, जसलाई सामान्यतया प्रापक वा साझेदार देश वा सरकार भनेर चिनिन्छ । द्विपक्षीय सहायता समान्यतया दाता देशको आधिकारिक विकास सहयोग को सबैभन्दा ठूलो अंश हो । यो प्रायः जसो रणनीतिक, राजनीतिक र आर्थिक विचारबाट निर्देशित रहन्छ ।
- **बहुपक्षीय सहायता** : बहुपक्षीय सहायता भन्नाले सरकारहरूद्वारा संयुक्त राष्ट्रसङ्घ र अन्तर्राष्ट्रिय वित्त संस्थान, विश्व बैंक, एसियाली विकास बैंक जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्था लगायतका बहुपक्षीय संस्थाहरूलाई प्रदान गर्ने सहयोग जनाउँछ जुन लक्षित विकासशील देशहरूको विकास कार्यक्रममा संलग्न हुन्छ ।

[4] OECD. (2019, April). Official Development Assistance. Retrieved from https://www.oecd.org/dac/stats/What-is-ODA.pdf

**प्रशिक्षकका लागि सुझाव :**

आधिकारिक विकास सहयोगसम्बन्धी वर्तमान तथ्याङ्क एवम् जानकारीका लागि **https://stats.oecd.org/.** मा जानुहोस् ।

सन् २०१८ मा समग्र देशहरूको खुद आधिकारिक विकास सहयोगको ७१ प्रतिशत द्विपक्षीय सहायता रहेको थियो भने बहुपक्षीय सहायता २९ प्रतिशत थियो । दाता देशहरूले दुवै द्विपक्षीय एवम् बहुपक्षीय च्यानलहरूका लागि आफ्नो आधिकारिक विकास सहयोग बढीभन्दा बढी विनियोजन गर्नु पर्छ कि पर्दैन? भन्ने बहसले उनीहरूको राजनीतीकरण प्रतिको संवेदनशीलता, उनीहरूको विकास प्राथमिकताको लक्ष्य तथा विखण्डन, विकास प्रभावकारिता र तय गरिएका प्राथमिकताका निम्ति स्रोतको समन्वय जस्ता पक्षको तुलना गर्दछ । एक च्यानललाई अन्य च्यानलभन्दा बढी राजनीतीकरण वा विखण्डित गरिएको जस्ता दाबीलाई पुष्टि गर्ने प्रमाणहरू छन् भने दाताहरू जुनसुकै च्यानललाई सहयोग पुऱ्याउन प्रभावकारी विकास सहयोगको मान्यताहरूलाई पालना गर्छन कि गर्दैनन् भन्ने विषय मुख्य हो ।

द्विपक्षीय र बहुपक्षीय स्रोतहरूबाट आधिकारिक विकास सहयोग देहाय अनुसार प्रवाह हुन सक्दछ :

- **अनुदान** – विकासशील देशहरूलाई विना ब्याज र फिर्ता गर्न नपर्ने गरि प्रदान गरिएको निःशुल्क आर्थिक सहयोग ।
- **सरल कर्जा** – विकासशील देशहरूलाई वाणिज्य बैंकहरूले भन्दा केही सस्तो दरमा प्रदान गरिने ऋण जुन पछि तोकिएको ब्याजसहित फिर्ता गर्नुपर्दछ । यसलाई सहुलियत ऋण पनि भनिन्छ ।

**आधिकारिक विकास सहयोगको रेकर्ड कसरी गरिन्छ ?**

विकास सहायता समितिले रेकर्ड गर्न अनुदान मिलान (Grant Equivalent) को प्रयोग गर्दछ । पहिले आधिकारिक विकास सहयोग प्रवाहहरूको रिपोर्ट गर्दा नगद प्रवाहलाई आधार मानिएको थियो । जसमा अनुदान र ऋणहरू छुट्याइएको थिएन । जब भुक्तानी गरिन्छ र ऋणको कूल रकमबाट कटौती गरिन्छ तब खुद आधिकारिक विकास सहयोग प्रतिबिम्बित हुन्छ । विकास सहयोग समितिले यो तरिका सन् २०१८ सम्म प्रयोग गऱ्यो । अर्कोतर्फ अनुदान मिलानले आधिकारिक विकास सहयोग को अनुदान अंश (grant element) मात्र रेकर्ड गर्दछ । यसले ऋणको पुनः भुक्तानी रेकर्ड गर्ने र कूल तथा खुद आधिकारिक विकास सहयोगको भिन्नता दर्शाउने आवश्यकताबाट उन्मुक्ति दिन्छ ।

**प्रशिक्षकका लागि सुझाव :**

अनुदान अंश (Grant Element) कसरी गणना गरिन्छ भन्ने जानकारीका लागि **https://www.youtube.com/watch?v=Tjl8efef3LQ&t=6s** मा जानुहोस् ।

ऋणका लागि आवश्यक न्यूनतम अनुदान-तत्व सापटी लिने देशहरूको समूहको आयमा आधारित हुन्छ[५] ।

- कम आय भएका देशहरूको समूह र अतिकम विकसित देशहरूका लागि ४५ प्रतिशत
- कम मध्यम (Lower-middle) आय भएका देशहरूको लागि १५ प्रतिशत
- माथिल्लो मध्यम (Upper-middle) आय भएका देशहरूका लागि १० प्रतिशत

यद्यपि ऋण राहतको अनुदान अंशको गणना र निजी क्षेत्रका उपकरण नियमसम्बन्धी प्रश्नहरू अझै पनि बाँकी छन् र त्यसैले अझै पनि यिनीहरूको रिपोर्ट नगद प्रवाहका आधारमा गरिन्छ ।
नगद प्रवाह र अनुदान मिलान विधि प्रयोग गरेर तथ्याङ्क तुलना गर्न मिल्दैन । त्यसैले विकास सहयोग समितिले दुवै तथ्याङ्क प्रकाशित गर्दछ ।

दिगो विकासका लागि पूर्ण आधिकारिक सहयोग (Total Official Support for Sustainable Development-TOSSD) दिगो विकास लक्ष्य हासिल गर्न प्रदान गरिएको विकास सहायताको मापन गर्नका लागि विकास गरिएको मापन विधि हो । यसमा दक्षिण-दक्षिण सहयोग, त्रिकोणीय सहयोग (TrC), बहुपक्षीय सङ्गठनहरू तथा नयाँ र पुराना दातामार्फत प्रदान गरिएको स्रोतहरूलाई समावेश गर्ने परिकल्पना गरिएको छ ।

[5] Garret, M., &Zühr, R. (2019, July). The OECD's new way of counting ODA loans - what's the impact? Retrieved from https://donortracker.org/sites/default/files/insight_pdfs/June2019_DT_Insights_GrantEquivalent_0.pdf

## दाताहरूले उनीहरूको आधिकारिक विकास सहयोग कसरी वृद्धि गर्दछन् ?

आधिकारिक विकास सहयोग कसरी वृद्धि गर्न सकिन्छ भन्नेबारे केही उपायहरू तल दिइएको छ :

- आर्थिक सहयोग र विकास सङ्गठनको प्रतिवेदनमा भएका व्यवस्थाले दाताहरूलाई ऋण कटौतीको सम्पूर्ण मौजादका बारेमा जानकारी गराउन छुट दिन्छ । यसले ऋण प्राप्त गर्ने देशहरूलाई बचत घटाइएको ऋण, सेवाको रूपमा प्राप्त हुन्छ भने ऋण राहतको वास्तविक मूल्य बढाउँछ । रिपोर्टिङको अनुदान मिलान (Grant Equivalent) विधिले पनि आधिकारिक विकास सहयोगको एकभन्दा बढी गणना र वृद्धिको जोखिम बढाउँछ ।
- सर्तसहितको सहायतामा वस्तु र सेवाहरू दाता देशबाट खरिद गर्ने सर्तमा सहयोग प्रदान गरिन्छ । सन् २०१९ को अति कम विकसित राष्ट्रको प्रतिवेदन अनुसार 'आधिकारिक विकास सहयोग ढाँचा धेरै मात्रामा सर्तसहितको सहायताको पक्षमा छ; २०१६ र २०१७ का बीचमा समितिका दाताले औसतमा १५ प्रतिशत विकास सहायता प्रतिबद्धता द्विपक्षीय सहायतामा जनाए । केही दाताहरूले उनीहरूको सहायताको ४० प्रतिशतसम्म सर्तसहितको रहेको र ६५ प्रतिशतसम्म दाता राष्ट्रका कम्पनीहरूलाई प्रदान गरिएको रिपोर्ट गर्ने गरेका छन् । यसैगरि अनौपचारिक ढङ्गबाट सर्तसहितको सहयोग अभ्यास बढ्दो छ[६] । यसैबीच मिश्रित फाइनान्स र आधिकारिक विकास सहयोग समर्थित निजी क्षेत्र सहयोग (जसले दाता मुलुकहरूको व्यापारिक हितलाई फाइदा पुऱ्याउँछ) ले पनि सर्तसहितको सहायतामा सुधार गर्न सक्दछ ।
- साथै, दाताहरूलाई दाता राष्ट्रमा रहेका शरणार्थीको पहिलो वर्षका लागि गरिएको आधिकारिक विकास सहयोग सहयोग र विकासशील देशका विद्यार्थी (जसले दाता राष्ट्रमा अध्ययन गरिरहेका छन्) लाई प्रदान गरेको शिक्षाको पनि गणना गर्ने छुट दाताहरूलाई छ ।

### विषयगत क्षेत्र अनुरूप सहायता च्यानलहरू

दाताहरूले आधिकारिक विकास सहयोग छुट्याउने धेरै विषयगत क्षेत्रहरू छन् । यी क्षेत्रहरूमा स्वास्थ्य, कृषि तथा खाद्य सुरक्षा, लैङ्गिकता, स्थानीय शासन तथा नागरिक सहभागिता, शान्ति, सुरक्षा, जलवायु परिवर्तन तथा वातावरणीय संरक्षण, आर्थिक विकास आदि पर्दछन् । यसभन्दा पहिले उल्लेख गरिए जस्तै प्रत्येक दाताले प्रत्येक क्षेत्रका निम्ति छुट्याएको रकम राष्ट्रियस्तरमा तय गरिएका प्राथमिकता (जुन पेरिस सहमतिको कार्यान्वयन जस्ता अन्तर्राष्ट्रिय सम्झौताबाट प्रभावित हुन्छन्) र दिगो विकास लक्ष्यद्वारा निर्धारित हुन्छन् ।

हाल आर्थिक सहयोग र विकास संस्था-विकास सहयोग समितिका आठ (८) प्रमुख क्षेत्र र अरु धेरै सहायक क्षेत्रहरूमा विभाजन गरिएको छ :

#### ०१ सामाजिक पूर्वाधार र सेवाहरू

क) शिक्षा
ख) स्वास्थ्य
ग) जनसङ्ख्या नीति, कार्यक्रम तथा प्रजनन स्वास्थ्य
घ) खानेपानीको आपूर्ति तथा सरसफाइ
ङ) सरकार तथा नागरिक समाज
च) सरकार तथा नागरिक समाज (General)
छ) द्वन्द्व, शान्ति तथा सुरक्षा
ज) अन्य सामाजिक पूर्वाधार तथा सेवाहरू

#### ०२ आर्थिक पूर्वाधार तथा सेवाहरू

क) यातायात तथा भण्डारण
ख) सञ्चार
ग) उर्जा
घ) बैंकिङ् तथा वित्तीय सेवाहरू
ङ) व्यवसाय तथा अन्य सेवाहरू

#### ०३ उत्पादन क्षेत्रहरू

क) कृषि, वन तथा मत्स्यपालन
ख) उद्योग, खानी तथा निमार्ण
ग) व्यापार नीति तथा नियमावलीहरू
घ) पर्यटन

[6] The Least Developed Countries Report 2019: The present and future of external development finance – old dependence, new challenges. Retrieved from https://unctad.org/en/pages/PressRelease.aspx¿OriginalVersionID=538

**०४ बहुक्षेत्रीय तथा क्रस कटिङ (Cross-Cutting) क्षेत्रहरू**

क) साधारण वातावरण संरक्षण
ख) अन्य बहुक्षेत्रीय

**०५ वस्तुगत सहयोग तथा साधारण कार्यक्रम सहायता**

क) साधारण बजेट सहयोग
ख) खाद्य विकास सहयोग
ग) अन्य वस्तुगत सहायता

**०६ ऋणसँग सम्बन्धित कार्य (ऋण मिनाहा, भाका परिवर्तन तथा पुनर्वित्त आदि)**

**०७ मानवीय सहायता**


क) आपतकालीन सहयोग
ख) पुनर्निमाण राहत तथा पुर्नस्थापना
ग) विपद् रोकथाम तथा तयारी

**०८ क्षेत्र विशेष नतोकिएको**

## व्यापारका लागि सहयोग (Aid for Trade)

व्यापारका लागि सहयोग (AFT) एक नाराजस्तै भएको छ । जसको प्रयोग व्यापार र उदारीकरणलाई प्रवर्धन गर्न हुने गरेको छ । आधिकारिक विकास सहयोगमा ३० अर्ब अमेरिकी डलरभन्दा बढी वा कूल आधिकारिक विकास सहयोगको ३० प्रतिशत प्रत्येक वर्ष व्यापारका लागि सहायता (AFT) का निम्ति विनियोजन गरिन्छ[7] । सन् २००६ देखि २०१७ सम्म व्यापारका लागि सहायता वितरण ४ सय १० अर्ब अमेरिकी डलरसम्म पुगेको थियो । जसमध्ये १५४.९ अर्ब अमेरिकी डलर एसियामा गएको थियो भने १४६.२ अर्ब अमेरिकी डलर अफ्रिकामा गएको थियो । औद्योगिक विकास धान्नका लागि व्यापार आवश्यक हुन सक्छ र विकासशील देशहरूले यसबाट लाभ पनि लिन सक्छन् तर व्यापारिक उदारीकरणले स्वत: विकास हुन्छ भन्ने जरुरी छैन । त्यस्ता धेरै अवस्था र उदाहरणहरू छन् । व्यापारिक उदारीकरण सम्बन्धी सहायता अनुदान कार्यक्रमहरूका कारण विश्व व्यापार संस्था अन्तर्गतका सर्त र नियमले सहायता प्राप्त गर्ने देशहरू नयाँ बन्धनमा परेका छन् ।

## सन् २०१८ मा क्षेत्रहरूका आधारमा आधिकारिक विकास सहयोग




[7] UNIDO. (2019). Aid for Trade Global Review 2019: "Supporting Economic Diversification and Empowerment. https://www.unido.org/events/aid-trade-global-review-2019-supporting-economic-diversification-and-empowerment

[8] OECD & WTO. (2019). Aid for Trade at a Glance 2019 Economic Diversification and Empowerment. https://www.oecd-ilibrary.org/development/aid-for-trade-at-a-glance-2019_18ea27d8-en

## घ) दक्षिण-दक्षिण सहयोग तथा दक्षिण-दक्षिण विकास सहयोग

दक्षिण-दक्षिण सहयोग (South-South Cooperation-SSC) लाई संयुक्त राष्ट्रसङ्घले 'राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय तथा प्राविधिक क्षेत्रहरूमा दक्षिणका देशहरूबीचको सहकार्यको फराकिलो रूप भनी परिभाषित गरेको छ।' यो विकासशील देशहरूकै नेतृत्व र पहलमा सरकारी तवरमा सङ्गठित हुन्छ तर यसले अन्य विकास सहयोगी जस्तैः नागरिक समाज संस्थाहरू, निजी क्षेत्र, सार्वजनिक क्षेत्रलाई पनि समेट्नु जरुरी छ। यसमा अक्सर ज्ञान, सिप, संसाधन तथा प्राविधिक ज्ञानको आदान प्रदान हुने गर्छ।

दक्षिण-दक्षिण सहयोगको सुरुवातको कुरा गर्दा सन् १९५० को दशक, खासगरि दोश्रो विश्वयुद्ध पछिको अवस्थामा वास्तविक स्वतन्त्रता र विकासको लागि उपनिवेश विरुद्धको साझा लडाइँको परिवेशमा यसको सुरुआत भएको थियो। सन् १९५५ को बाङडुङ्ग (Bandung) सम्मेलनमा एसिया र अफ्रिकाका २९ देशहरू आपसी हित र राष्ट्रिय सार्वभौमिकताको सम्मानका आधारमा दुई महादेशका देशहरू बीच आर्थिक र सांस्कृतिक सहयोग प्रवर्धन गर्ने उद्देश्यले भेला भएका थिए। यो दक्षिण-दक्षिण सम्मेलन एक निकै महत्वपूर्ण कदम थियो जसले सन् १९६१ मा असंलग्न आन्दोलन र १९६४ मा समूह-७७ (Group of 77) को निम्ति मार्ग प्रशस्त गर्‍यो।

त्यस बेलादेखि दक्षिण-दक्षिण सहयोगले धेरै क्षेत्रहरू, जस्तै : आर्थिक एकीकरण, सैन्य गठबन्धनहरू, सांस्कृतिक आदानप्रदान, बहुपक्षीय संस्थाहरूभित्र विभिन्न समूहहरूको गठन गर्ने आदि कार्य गर्दै आइरहेको छ। यसमा मानवीय सहयोग र प्राविधिक सहयोगदेखि विकास परियोजनाहरू, कार्यक्रमहरू, बजेट सहयोग, भुक्तानी सन्तुलनका विषयहरूमा वित्तीय सहयोग जस्ता पक्षहरू पनि समावेश छन्। सहयोगका यी सम्बन्धहरू सरकारी तहका साथै विभिन्न एजेन्सी, निजी क्षेत्र तथा नागरिक समाजका संघ-संस्था बीच कायम छन्। यी सबै प्रयासहरूले सहयोग प्राप्त गर्ने देशहरूमा सामाजिक र आर्थिक विकासको अवस्थालाई प्रवर्धन गर्न महत्वपूर्ण योगदान पुर्‍याइरहेका छन्।

परम्परागत उत्तर-दक्षिण विकास सहायताको तुलनामा दक्षिण-दक्षिण सहायताका छुट्टै विशेषताहरू छन् जुन उत्तरी र दक्षिणी देशहरू बीचको आर्थिक र राजनीतिक शक्तिमा रहेको विद्यमान अन्तराल वा दुरीसँग सम्बन्धित छ। यो अवस्था घरेलु विकास नीतिका मतभेदले मात्र ल्याएको थिएन। यसका लागि उपनिवेशवाद र नवउपनिवेशवादको विश्व इतिहास पनि कारण थियो। आधिकारिक विकास सहयोग भनेको विकासको लागि विकास आवश्यकताहरू पुरा गर्न र मानव अधिकार तथा विकास लक्ष्य प्राप्तिका लागि गरिने संसाधनहरूको स्थानान्तरण हो। यस परिप्रेक्ष्यमा दक्षिण-दक्षिण सहयोगलाई न त आधिकारिक विकास सहयोगसँग समानान्तर रूपमा व्याख्या गर्न सकिन्छ न त यो उत्तरी देशहरूको खस्कँदै गएको विकास प्रतिबद्धताको विकल्प नै।

**प्रशिक्षकका लागि सुझावः**

यस क्षेत्रमा काम गरिरहेका नागरिक समाजका संघ-संस्थाहरूको उदाहरणहरू दिनुहोस्। जस्तैः दक्षिण-दक्षिण सहयोग अलाइन्स, दक्षिण-दक्षिण सहयोग सिपिडिइ कार्यदल (Alliance on South-South Cooperation, CPDE Working Group on South-South Cooperation) आदि



# दक्षिण-दक्षिण सहयोगका विशेषता तथा सिद्धान्तहरू:

उत्पत्तिको ऐतिहासिक पक्षको भिन्नता बाहेक केही स्थापित सिद्धान्त र विशेषताहरूले दक्षिण-दक्षिण सहयोगलाई आधिकारिक विकास सहयोग भन्दा भिन्न राख्दछन् । जस्तै : ऐक्यबद्धता, क्षितिजीय, मागबाट निर्धारित, क्षमता विकास, दक्षिणी ज्ञान र अनुकूलन/लचकता ।

### ऐक्यबद्धता

दक्षिण-दक्षिण सहयोगको सुरुवात दक्षिणी देशहरू बीचको एकताको सिद्धान्तमा भेट्न सकिन्छ । उपनिवेश र उत्पीडनको साझा इतिहास र उत्तर-दक्षिण सम्बन्धमा बढ्दो निकटताको सन्दर्भमा यसको सुरुवात भयो । परम्परागत आधिकारिक विकास सहयोग राजनीतिक र आर्थिक साधनका लागि प्रयोग भएको छ भने दक्षिण-दक्षिण सहयोग साझा विकास लक्ष्यमा स्थापित छ ।

### क्षितिजीय

दक्षिण-दक्षिण सहयोगमा संलग्न देशहरूको सम्बन्ध तथा साझेदारी क्षितिजीय एवम् परम्परागत दाता र प्राप्त गर्नेको भन्दा फरक छ । यसको अर्थ के भने यसमा संलग्न दक्षिणी देशहरू सामर्थ्यको असन्तुलित सम्बन्धमा छैनन् जबकि विकास सहयोगमा संलग्नताका लागि निरन्तर संवाद गरिरहेका छन् ।

### मागबाट निर्धारित

यो दृष्टिकोण परम्परागत आधिकारिक विकास सहयोग भन्दा भिन्न छ । यस अन्तर्गत लाभ लिने देशले विकास सहायताको खोजी गर्दछ । यो दाताहरूको रुची तथा परराष्ट्र नीतिबाट उत्पन्न सहायताको सट्टा दक्षिणी देशहरूको विकास सहायता प्राप्त गर्न चाहने विशिष्ट मागबाट सिर्जना भएको हो । यस दृष्टिकोणले विकास सहायता प्राप्त गर्ने देशको रणनीतिक प्राथमिकता अनुरूप सहायता उपलब्ध गराउँदै सो उपर स्वामित्व स्थापित गराउँछ ।

### क्षमता विकास

क्षमता विकास दक्षिण-दक्षिण सहयोगको महत्वपूर्ण क्षेत्र हो जुन उत्तर दक्षिण आधिकारिक विकास सहयोग भन्दा भिन्न छ । क्षमता विकास रणनीतिहरूलाई दक्षिणी विश्वले भोगिरहेका समस्या समाधानको एक विशिष्ट एवम् प्रभावकारी पक्षको रूपमा लिइन्छ । यी रणनीतिहरूले संस्थागत सुधार वा पुनर्संरचना वा सरकारी कर्मचारीहरूलाई समाजका आवश्यकतामा आधारित प्रशिक्षणका माध्यमद्वारा उनीहरूको आत्मनिर्भरतालाई प्रवर्धन गर्दछ ।

### दक्षिणी ज्ञान

दक्षिण-दक्षिण सहयोगले दक्षिणी विश्वको ज्ञान, सीप, अनुभवहरूको आदान प्रदान गर्दछ । परम्परागत आधिकारिक विकास सहयोगको विपरीत यसले उत्तरी विश्वको सन्दर्भमा विकसित विकास मोडेलहरूबाट प्राप्त ज्ञानको प्रयोग गर्दछ । दक्षिण-दक्षिण सहयोगले अहिलेसम्म औद्योगिकीकरण नभएका र परम्परागत कृषि उत्पादन जस्ता विधिमा निर्भर देशहरूका लागि परस्पर सिकाइ र नयाँ परिवेशको अवसर प्रदान गर्दछ ।

### लचकता/अनुकूलन

अर्थव्यवस्था, जनसङ्ख्या तथा समाज अवस्थाको दृष्टिबाट केही दक्षिणी देशहरूका बीचमा समानता रहेकोले दक्षिण-दक्षिण सहयोग साझेदारीको अनुकुलताको तह उच्च छ । दक्षिणी देशहरूबीचको प्राविधिक सहयोग तथा ज्ञानको आदान प्रदानले धेरै हदसम्म विकासका मुद्दाहरूलाई सीमित स्रोतमार्फत नै सम्बोधन गर्ने नयाँ तरिकाहरूको विकास गर्दछ र यी अन्य देशहरूमा प्रयोगमा ल्याउन सकिन्छ ।

*Source: Primer on South-South Cooperation, IBON International (2015)*

दक्षिण-दक्षिण सहयोग भनेको विकास सहयोग मात्र नभइ दक्षिणका देशहरू र ती देशका जनताको ऐक्यबद्धताको अभिव्यक्ति पनि हो । यसले प्रत्येक देशको भलाइ, आत्मनिर्भरता र विकास लक्ष्य प्राप्त गर्न (साझा उद्देश्यहरूमा आधारित, साझा अनुभव र सहानुभूतिबाट उत्पन्न एवम् दक्षिणका देशहरू र जनताको साझा प्रयास) उनीहरूको क्षमतामा योगदान पुऱ्याउँछ[९] । यी देशहरू बीच आपसी सम्मान छ र यिनीहरूले विकास एजेण्डाहरूलाई आकार दिन प्रत्येक सरोकारवालाहरूका क्षमता र तुलनात्मक लाभहरूलाई मान्यता दिन्छन् ।

दक्षिण-दक्षिण सहयोग स्पष्ट रूपमा दक्षिणी देशहरू बीचको एकता र सम्मानका आधारमा यिनीहरू बीचको सहयोगको आवश्यकताबाट स्थापित भएको भए पनि कार्यान्वयनमा सीमितता एवम् समस्याहरू रहेको पाइन्छ । खासगरि सरकारहरू र दक्षिण-दक्षिण विकास सहायताका सहभागीहरूले सामाजिक न्याय, लैङ्गिक समानता, वातावरणीय स्थिरता र मानव अधिकार प्रति गहन प्रतिबद्धता व्यक्त गर्नु पर्दछ । यसका साथै विकास प्रकृयामा सबै सरोकारवालाहरूलाई सहभागी वा संलग्न गर्ने प्रतिबद्धता पनि त्यत्तिकै जरुरी छ ।

## ङ) दक्षिण-दक्षिण विकास सहयोग प्रकृया

आज दक्षिण-दक्षिण विकास सहायताका उदाहरणहरूमा विकासशील देशहरूका समूहहरूद्वारा सुरु गरिएका राजनीतिक, आर्थिक र प्राविधिक सहयोगहरूमा, जस्तैः दक्षिण पूर्वी एसियन राष्ट्र एसोसिएसन (Association of South East Asian Nations-ASEAN), बोलिभेरिएन एलाइन्स फर द पिपल्स अफ आवर अमेरिका (Bolivarian Alliance for the Peoples of Our America-ALBA), ब्राजिल-रसिया-इण्डिया-चाइना-दक्षिण अफ्रिका समूह (the Brazil-Russia-India-China-South Africa group-BRICS) र सन् १९६४ को संयुक्त राष्ट्रसङ्घको व्यापार तथा विकास सम्मेलन (UNCTAD) का समयमा स्थापित भएको समूह-७७ (the Group of 77) लगायत पर्दछन् ।

कतिपय अवस्थामा विकासका परम्परागत स्वरूपहरू प्रयोगमा आइरहेका छन् तर पनि दक्षिण-दक्षिण सहयोगले विकास सहयोगको प्रकारहरूको विविधिकरणमा योगदान गऱ्यो । जसले यस क्षेत्रमा नवीनता ल्यायो । साथै, यसबाट दक्षिणी देशहरूले आफ्नो ज्ञान र विशेषज्ञतामार्फत उनीहरूका साझा रुचिहरू र लक्ष्यहरू पनि प्राप्त गर्न सक्छन् । यसअन्तर्गत गैर-मौद्रिक सिप र ज्ञान स्थानान्तरणको प्रयोग गरेर क्षमता विकास गर्ने विषयहरू पर्दछन् ।

१) **सार्वजनिक स्वास्थ्य र शिक्षा जस्ता क्षेत्रमा विकासोन्मुख देशहरू (TCDC) बीचको प्राविधिक सहयोगः** विकासोन्मुख देशहरू बीचको प्राविधिक सहयोगले सीमित वित्तीय संसाधन भएका देशहरूका लागि सिप र ज्ञान हस्तान्तरण गर्दछ । यस अन्तर्गत क्षमता विकास, परामर्श, कार्यशाला, प्रशिक्षण, ज्ञान तथा अनुभवको आदान-प्रदान आदि पर्दछन् । विकासोन्मुख देशहरू बीचको प्राविधिक सहयोगका केही मुख्य संयन्त्रनिकायहरू देहाय अनुसार छन् :

- **ब्राजिलियन सहायता एजेन्सी (Brazilian Cooperation Agency-ABC)**: सबैभन्दा सकृय दक्षिणी संस्था जसले आफ्नो स्रोतहरू विशेषगरि अन्य दक्षिणी देशहरूको विकासको लागि प्राविधिक सहयोगको व्यवस्थामा केन्द्रित गर्दछ ।
- **इण्डियन प्राविधिक तथा आर्थिक सहयोग (Indian Technical and Economic Cooperation-ITEC):** पाठ्यक्रम, प्रशिक्षण, विपद् राहत सहयोग, भारतीय विशेषज्ञहरूको सेवाहरू, परियोजना वा कार्यक्रमहरूका लागि सम्भाव्यता अध्ययन तथा परामर्श सेवाका लागि छात्रवृत्ति प्रदान गर्दछ ।
- **स्वास्थ्यका लागि क्युबाली प्राविधिक सहयोग (Cuba's Technical Cooperation in Health)**: यस अन्तर्गत विभिन्न सहयोग कृयाकलापहरू पर्दछन् । यस अन्तर्गत सबैभन्दा बढी प्रयोग हुने तरिका भनेको क्युबाली चिकित्सा क्षेत्रमा कार्यरत अनुभवी व्यक्ति वा विज्ञहरूलाई स्वास्थ्य सेवा प्रदान गर्ने क्षेत्रमा समस्या भोगिरहेका देशहरूमा काम गर्न अनुबन्ध गर्नु हो ।
- **ग्र्याण्ड नेशनल प्रोग्राम्स (Grand National Programs-GNPs) Literacy and Post-Literacy and ALBA-Education in 2008**: साक्षरता र साक्षरता उत्तर जस्ता कार्यक्रम मार्फत तीन अल्बा सदस्य देशहरू निकारागुवा, इक्वेडर र बोलिभियालाई अशिक्षारहित (illiteracy-free) देश घोषणा गरिएको छ । यसैबीच अल्बा-शिक्षा मार्फत युनिभर्सिटी अफ द पिपल्स अफ अल्बा (University of the Peoples of ALBA) स्थापना गर्ने प्रस्ताव पारित गरियो । यस अन्तर्गत २९ राज्यस्तरका विश्वविद्यालयहरूलाई राष्ट्रिय क्षेत्रीय विश्वविद्यालयको रूपमा रूपान्तरण गर्ने समेत तय गरिएको छ ।

[9] Reality of Aid Network & CSO Partnership for Development Effectiveness. (2019, November). A human rights-based approach to south-south development cooperation: Proposed framework. Retrieved from https://realityofaid.org/wp-content/uploads/2020/01/Towards-Measuring-South-South-Development-Cooperation-Nov2019-final-copy-for-web-upload.pdf

## विकासशील देशहरू बीचको प्राविधिक सहयोगको प्रवर्धन र कार्यान्वयनका लागि ब्युनोस आयर्स (The Buenos) कार्ययोजना (BAPA)

सन् १९७८ मा संयुक्त राष्ट्रसङ्घको महासभामा उपस्थित १ सय ३८ देशका प्रतिनिधिहरूले अर्जेन्टिनाको Buenos Aires मा विकासशील देशहरू बीचको प्राविधिक सहयोगको प्रवर्धन र कार्यान्वयनका लागि BAPA जारी गरे । BAPA ले विकासशील देशहरू बीचको प्राविधिक सहयोगको क्षेत्रमा देहायका उद्देश्य लियो :

- विकासशील देशहरूका आकाङ्क्षा, मूल्य तथा विशिष्ट आवश्यकताहरूलाई मान्यता दिँदै उनीहरूको विकास समस्याहरूको समाधान खोज्ने सिर्जनात्मक क्षमता अभिवृद्धि गरि ती देशहरूको आत्मनिर्भरता बढाउने,
- अनुभवहरूको आदानप्रदान, प्राविधिक तथा अन्य स्रोतहरूको आदानप्रदान, प्रयोग र पूरक क्षमताहरूको विकासमार्फत विकासशील देशहरूको आत्मनिर्भरता र विकासलाई प्रवर्धन र सुदृढीकरण गर्ने,
- विकासशील देशहरूको क्षमता विकास गर्न विकासका मुख्य मुद्धाहरूको पहिचान र विश्लेषण गर्ने तथा सो को सम्बोधन गर्न आवश्यक रणनीतिहरू तयार गर्ने,
- सहयोगमा समर्पित स्रोतहरूको प्रभावकारिता अभिवृद्धि गर्न विविध क्षमताहरूलाई आपसमा जोड्दै अन्तर्राष्ट्रिय विकास सहयोगको गुणस्तर बढाउने,
- विकासशील देशहरूको विभिन्न क्षमताहरूको प्रभावकारिता वृद्धि गरि उनीहरूको विशिष्ट विकास आवश्यकताहरू पुरा गर्न ती देशहरूमा विद्यमान प्राविधिक क्षमताहरूको विकास र सुदृढीकरण गर्ने,
- विकासशील देशहरू बीच साझा समस्याहरूको व्यापक जागरुकता र उपलब्ध ज्ञान एवम् अनुभवमाथिको पहुँचका साथै विकास समस्याहरूको सामना गर्न नयाँ ज्ञानको विकासका लागि सञ्चार सुधार तथा अभिवृद्धि गर्ने,
- अतिकम विकसित, विकासशील भूपरिवेष्ठित, विकासशील साना टापुमा रहेका तथा प्राकृतिक प्रकोप तथा अन्य सङ्कटहरूका कारण गम्भीर रूपमा प्रभावित देशका समस्याहरूको पहिचान र सम्बोधन गर्ने र
- विकासशील देशहरूलाई अन्तर्राष्ट्रिय आर्थिक गतिविधिहरूमा धेरैभन्दा धेरै भाग लिन र विकासको लागि अन्तर्राष्ट्रिय सहयोग विस्तार गर्न सक्षम तुल्याउने ।

स्रोत: *United Nations Office for South-South Cooperation*

२. चीनको एक्जिम बैंक र भारतीय एक्जिम बैंक सामेल रहेको ब्रिक्स (BRICS) विकास बैंकहरू मार्फत विकासका लागि वित्तीय सहयोग प्रदान गरिन्छ । परम्परागत आधिकारिक विकास सहयोग जस्तै दक्षिण दक्षिण सहयोगमा विकासका लागि वित्तीय सहयोगमा पनि दाताको प्राथमिकताले ठूलो प्रभाव पार्दछ । उदाहरणका लागि चीनको बढ्दो उर्जा आवश्यकता र यसको लगानीका लागि नयाँ बजारहरूलाई लिन सकिन्छ ।

३. **ज्ञानको साझेदारी** वा आदानप्रदानलाई दक्षिणी देशहरूको लागि एक महत्वपूर्ण विकास उपकरणको रूपमा हेरिन्छ । आपसी सिकाइ एवम् शिक्षाका लागि यस्ता प्रयासहरूले सरकार तथा नागरिक समाज संस्थाहरूलाई उनीहरूको आफ्ना विकास अनुभवहरू प्रयोग गर्न र उनीहरूलाई सम्बन्धित सामाजिक र साँस्कृतिक सन्दर्भमा अनुकूलन गर्न सहयोग गर्दछ । यसले 'एक साइज, सबैमा फिट' भनेजस्तो विकासको पुरानो धारणालाई त्यागेको छ । जसले उत्तरी देशहरूबाट लिइएको विकास रणनीतिलाई लाद्छ जबकी यो दक्षिण विश्वको वास्तविकतासँग एकदमै विपरीत छ किनकी दक्षिण विश्वमा वित्त, पूर्वाधार र प्रविधि सीमित छन् । उदाहरणका लागि :

- **'देशले नेतृत्व गरेको ज्ञानकेन्द्रतर्फ' उच्चस्तरीय बैठक, बाली, २०१२ (High-Level Meeting "Towards Country- Led Knowledge Hubs" in Bali in 2012)** यो बैठकमा ४६ नीति निर्माताहरूले ज्ञान केन्द्रको निमार्णलाई अगाडि बढाउने लक्ष्यका साथ आफ्ना विचारहरू राखे । बैठकले विकास उपकरणको रूपमा

ज्ञानको आदान-प्रदान (जुन गरिबीलाई सम्बोधन गर्न र दिगो विकासलाई प्रवर्धनका लागि वित्तीय र प्राविधिक सहयोग जस्ता अन्य विकास स्वरूपहरूको एक महत्वपूर्ण अंश एवम् पूरक हुन सक्दछ) लाई बढ्दो अन्तर्राष्ट्रिय चासोको रूपमा व्यक्त गर्‍यो ।

- **दक्षिण एसियाली क्षेत्रीय ज्ञान मञ्चः (South Asia Regional Knowledge Platform)**
  यो मञ्च दिगो आवास तथा जीविकोपार्जन गरिबहरूको पहुँच सुनिश्चित गर्न दक्षिण एसियाभित्र ज्ञान प्रणाली र सहकार्यको प्रवर्धन गर्ने उद्देश्यले सन् २००४ मा स्थापना गरिएको हो । यस मञ्चले महत्वपूर्ण विकास सहयोगीहरू बीचको संवादलाई सहजीकरण गर्दछ र आवास एजेन्सीहरू बीच आपसी सहयोग र ज्ञान आदानप्रदानको निम्ति प्रोत्साहित गर्दछ । साथै, यसले संस्थागत सुदृढीकरण, क्षमता विकास, दिगो जीविका तथा आवासका लागि प्रविधि र वित्तीय सहयोगका बारेमा विशेषज्ञता पनि उपलब्ध गराउँछ ।

४. **त्रिकोणीय सहयोग (Triangular Cooperation)**
त्रिकोणीय सहयोगको कुनै सर्वमान्य परिभाषा छैन । तर, यसमा सामान्यतया दुई वा सो भन्दा बढी विकासशील देशहरू विकसित देश वा अन्तर्राष्ट्रिय संस्थासँग विशेषज्ञता र संसाधनका स्थानान्तरणमा संलग्न हुन्छन् । दक्षिण-दक्षिण सहयोगका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालयले यसलाई परिभाषित गरे अनुसार यो त्यस्तो सहयोग हो जसमा परम्परागत दाता देशहरू र बहुपक्षीय सङ्गठनहरूले कोष, प्रशिक्षण, व्यवस्थापन र प्राविधिक प्रणालीका साथै सहयोगका अन्य प्रकारहरूको प्रावधान मार्फत दक्षिण-दक्षिण पहलहरूलाई सहयोग पुर्‍याउँछन् । यसका केही उदाहरणहरू तल दिइएका छन् :

- लाओ पिपल्स डेमोक्रयाटिक रिपब्लिक, भुटान र थाइल्याण्डमा  संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषको साथ सुरक्षित मातृत्वको लागि साझेदारी
- टिमोर लेस्टे र मलेसियामा आर्थिक सहयोग तथा विकासका लागि जर्मन सङ्घीय मन्त्रालयको साथ मत्स्यपालन सहयोग सुदृढीकरण
- थाइल्याण्ड र न्युजिल्याण्डका साथमा बृहत् मेकोङ्ग उपक्षेत्रीय देशहरूका लागि कृषिसम्बन्धी प्रशिक्षण पाठ्यक्रमहरू फिड द फ्युचर इण्डिया ट्र्याङगुलर ट्रेनिङ्ग (संयुक्त राज्य अमेरिका र भारतको सहकार्य रहेको यस कार्यक्रमले १७ एसियाली र अफ्रिकी साझेदार देशहरूको कृषि र यससँग सम्बन्धित क्षेत्रहरूमा सार्वजनिक तथा निजी सेवा प्रदायक वा अधिकारीहरूको क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको छ)

**दक्षिण-दक्षिण विकास सहयोगको मापनः**

अहिलेसम्म दक्षिण-दक्षिण विकास सहयोगको प्रवाह मापन गर्ने कुनै एक मान्य विधि वा ढाँचा उपलब्ध छैन । आधिकारिक विकास सहयोग मापन गर्न प्रयोग गरिने विधिहरू तिनीहरूको भिन्न प्रकृतिका कारण दक्षिण-दक्षिण विकास सहयोग मापन गर्ने प्रयोजनका लागि प्रयोग गर्न सकिँदैन । उदाहरणका लागि प्राविधिक वा वस्तुगत माध्यमबाट उपलब्ध गराइएको सहयोगको मौद्रिक योगदान कम देखिन सक्छ (उत्तर-दक्षिण आधिकारिक विकास सहयोगको तुलनामा) किनकी विकासशील देशहरूमा समान र सेवाको लागत सामान्यतया धेरै कम रहेको हुन्छ । प्राविधिक सहयोगको सन्दर्भमा दक्षिण-दक्षिण प्राविधिक सहयोगमा कार्यरत विशेषज्ञहरू प्रायः निजामती कर्मचारीहरू हुन्छन् । त्यसैले उनीहरूको कामको मौद्रिक मूल्यलाई निजी परामर्शदाता जसरी (विशेषगरि अन्तर्राष्ट्रिय स्तरमा) समानता कायम गर्न गाह्रो हुन्छ । यसबाहेक मौद्रिकरणको विरोध गर्नेहरूका अनुसार यसले अनुदानलाई कम महत्व दिन्छ र देशहरू बीचको एकताको भाव झल्काउँदैन[10]।

दक्षिण-दक्षिण विकास सहयोगको अनुगमन र मापनमा देखिएका अन्य चुनौतीहरूमा अनुगमन प्रकृयामा समावेशी जवाफदेही संयन्त्रको अभाव र नीतिगत छलफल, मार्गदर्शन र आर्थिक सहयोग र विकास सङ्गठन, विकास सहयोग समितिमा जस्तै दक्षिण-दक्षिण विकास सहयोगमा आवद्ध देशहरूका बीच सम्पन्न सम्झौतामा सहमति जनाउने एक साझा मञ्च वा संस्थाको अभाव छ ।
यद्यपि दक्षिण-दक्षिण विकास सहयोगको अनुगमन गर्ने प्रयास दक्षिणी सरकार र अन्तर सरकारी संस्थाहरू तथा नागरिक समाजका संघ-संस्थाहरूले गरिरहेका छन् ।

रियालिटी अफ एडका अनुसार दक्षिण-दक्षिण विकास सहयोग अनुगमन गर्न खोज्ने ढाँचाहरूले मानव अधिकारमा आधारित दृष्टिकोणहरूको पालना गर्नुपर्दछ । यसको अर्थ दक्षिण-दक्षिण विकास सहयोग मापन गर्दा

[10] Di Ciommo, M. (2017). Approaches to measuring and monitoring South–South cooperation. Retrieved from http://devinit.org/wp-content/uploads/2017/02/Approaches-to-measuring-and-monitoring-South%E2%80%93South-cooperation.pdf

दक्षिण-दक्षिण विकास सहयोगले मानव जीवनमा के सुधार ल्याउँछ ? सहयोगको स्वामित्व, जवाफदेहिता र दिगोपनमा के परिवर्तन ल्याउँछ ? र शिक्षा, न्याय, स्वास्थ्य र पानी जस्ता आधारभूत स्रोत एवम् सेवाहरूमा नागरिकको पहुँचका सवालहरू कसरी सम्बोधन गर्छ ? जस्ता पक्षहरूलाई ध्यान दिनुपर्दछ ।

मानव अधिकारमा आधारित दृष्टिकोण भन्नाले विश्लेषण, विकास प्राथमिकता र उद्देश्यहरूको पहिचान, रणनीतिहरूको कार्यान्वयनका साथै प्रभाव अनुगमनलाई आकार दिन प्रयोग हुने न्युनतम मापदण्डहरूको समीक्षालाई पनि जनाउँछ । त्यसैले अन्तिम परिणामले मौलिक रूपमा सीमान्तकृत समूह, महिला, युवा, आदिवासी र अपाङ्गतामा रहेका व्यक्तिहरूको अधिकारलाई सुदृढ गर्नु पर्दछ ।

दक्षिण-दक्षिण विकास सहयोग मापन गर्ने वास्तविक अभ्यास राष्ट्रियस्तरमा ब्राजिल, चीन, कतार, टर्की र संयुक्त अरब इमिरेट्स जस्ता दाताले गरिरहेका छन् जसको प्रतिवेदन उनीहरूको विकास सहयोग अन्तर्गत प्रकाशित गर्दछन् । यसैगरि, क्षेत्रीयस्तरको अनुगमन पनि ल्याटिन अमेरिकी संस्थाहरू जस्तै : आइबेरो-अमेरिकन सचिवालयद्वारा गरिन्छ । प्रतिवेदनहरूले देशहरूद्वारा विस्तारित विकास सहयोग पहलहरूका सन्दर्भमा गरेका गुणात्मक र मात्रात्मक दुवै जानकारीका साथै औचित्य अनुरूप वित्तीय जानकारी पनि समावेश गर्दछन् । उदाहरणका लागि आइबेरो-अमेरिकन सचिवालयले २०१७ को प्रतिवेदनमा क्षेत्रगत विषय अनुसार परियोजनाको लागत र त्यसको वितरण मात्र प्रतिवेदनमा उल्लेख गरेन बरु अन्य सूचनाहरू (जसले दक्षिण-दक्षिण विकास सहयोगको प्रभावका साथै देशहरूका बीच एकता वा ऐक्यबद्धतामा योगदान गर्ने लक्ष्य राख्दछन्) पनि समेट्यो । यसमा प्रत्येक देशले प्राप्त गरेको र प्रदान गरिएको परियोजनाहरूको वितरण (दक्षिणी देशहरू प्राप्तकर्ता र प्रदायक दुवै रहन सक्दछन्), दिगो विकास लक्ष्यको उपलब्धिमा योगदान र प्रदायक तथा प्राप्तकर्ताबीचको वित्तीय लागतको भार र प्रतिशत मापन गर्ने प्रयास पनि समावेश गरिन्छ ।

[11] Report on South-South Cooperation in Ibero-America 2017. Retrieved from https://www.segib.org/wpcontent/uploads/informe_INGLES_2017-web.pdf

[12] Correa, M. (2017). Quantification of South-South cooperation and its implications to the foreign policy of developing countries. Retrieved from https://www.southcentre.int/wp-content/uploads/2017/07/PB41_Quantification-of-South-South-cooperation-and-its-implications-to-the-foreign-policy-of-developing-countries_EN.pdf

## दक्षिण-दक्षिण विकास सहयोग मापन गर्ने ढाँचा

द रियालिटी अफ एडले दक्षिण-दक्षिण विकास सहयोग मापन गर्ने कुनै पनि प्रयासले मानव अधिकारमा आधारित दृष्टिकोणको सिद्धान्तलाई आधार बनाउनुपर्ने कुरालाई प्रस्तावित गऱ्यो । यी सिद्धान्तहरू तपसिल अनुसार छन् :

### प्रजातान्त्रिक स्वामित्व

- दिगो विकास लक्ष्यको प्राथमिकतासहित प्रजातान्त्रिक तवरले निर्धारण गरिएका देशीय प्राथमिकता कुन हदसम्म अनुक्रमित छन्,
- राजनीतिक र प्रशासनिक प्रकृयाहरूले स्पष्ट र सार्वजनिक रूपमा जानकारी भएको नियमहरूको पालना कुन हदसम्म गर्दछन्, सरकारी निकायहरूले गरेका निर्णयहरू बोधगम्य (बुझ्न सकिने) छन् र सार्वजनिक चासोको विषयहरूमा बहस हुन्छ, जानकारीहरू उपलब्ध एवम् पहुँचमा छन् ,
- नीति निमार्ण, परियोजना र कार्यक्रम ढाँचा, कार्यान्वयन र मूल्याङ्कनका सम्बन्धित प्रकृयाहरूमा कुन हदसम्म सुक्ष्म तरिकाले अर्थपूर्ण र सरोकारवालाको फराकिलो संरचनात्मक सहभागिताका लागि आवश्यक अवस्था, वातावरण र स्थान छ,
- विकास परियोजना र कार्यक्रमहरू विभिन्न स्थानीय साझेदार सङ्गठनहरू कुन हदसम्म (पैरवी गर्ने नागरिक समाजका संघ-संस्था, समुदायमा आधारित सङ्गठनहरू, राष्ट्रिय वा स्थानीय संसद, ट्रेड युनियनहरू, राष्ट्रिय मानव अधिकार संस्था, मिडिया, पर्यवेक्षक आदि) सम्म पुग्दछन् र काम गर्दछन् ,
- प्रदायकले संरचना, संस्था, नीति र कानुनी संरचनालाई कुन हदसम्म सहयोग गर्दछन् ? जसले साझेदार देशमा व्यापक एवम् अर्थपूर्ण सहभागिता र प्रजातान्त्रिक स्वामित्वका लागि दिगो रूपमा स्थान निमार्ण तथा विस्तार गर्दछ,
- परियोजनाहरू वा कार्यक्रमहरूले व्यक्ति र समूहहरूको सिप विकासलाई कुन हदसम्म समेट्छन् ? (क्षमता विकास) ता कि उनीहरूले विकास प्रकृयामा योगदान दिन सकुन् र अधिकारको उपभोगमा थप सुधारको दाबी गर्न सकुन् ।

## पहुँच

- नागरिक उजुरी र समस्या समाधान गर्ने संयन्त्रको अस्तित्व वा उपस्थिति (उदाहरणका लागि स्वास्थ्य निगरानी समिति, अम्बुड्सपर्सन्स् (Ombudspersons), राष्ट्रिय मानव अधिकार संस्था) र स्वतन्त्रता एवम् पहुँचमा सुधारका लागि विभिन्न उपायहरूको सुरुआत,
- प्रभावकारी एवम् सहभागितामूलक अनुगमन र मूल्याङ्कन प्रणालीहरूको उपलब्धता (जसले गरिबी न्यूनीकरण र जनसमुदायको सशक्तिकरणमा गरेको प्रगतिको व्यवस्थित अनुगमन कार्यलाई अनुमति दिन्छ)
- जवाफदेहिताको प्रकृया कुन हदसम्म समावेशी एवम् सहभागितामूलक छ र यस प्रकृयाले कुन हदसम्म अनुगमन, मूल्याङ्कन तथा जवाफदेही संयन्त्र तथा उपचार समावेश गर्दछ,
- सूचना सङ्कलन, पैरवी अभियान सञ्चालन तथा परिचालन गर्ने सन्दर्भका साथै आन्तरिक व्यवस्थापन र प्रकृयाहरूमा मानव अधिकारमा आधारित सिद्धान्तहरूको व्यवहारिक प्रयोगमा अन्य सरोकारवालाहरूको संस्थागत क्षमता कुन हदसम्म छ,
- सहायता, ऋण, परियोजना र कार्यक्रमहरूको अनुगमनका साथै मानव अधिकारको परिपूर्ति र उल्लङ्घनको अनुगमन गर्न सिप र संसाधन भएको समूहहरूको अस्तित्व एवम् उपलब्धता,
- सहयोग उपलब्ध गराउने साझेदारहरूले व्यक्ति र समूहलाई अदालत, प्रेस, इन्टरनेट, सार्वजनिक सुनुवाइ सामाजिक लेखा परीक्षण आदिमा उनीहरूको अधिकार दाबी गर्न कुन हदसम्म सक्षम बनाएका छन् ,
- सबै सरोकारवालाहरू र इच्छुक पक्षहरूका लागि तथ्याङ्कमा पारदर्शिता र जानकारीको उपलब्धताको सीमा ।

## दिगोपना :

- कुनै विकास प्रयास वा पहलहरूमा व्यापक र अर्थपूर्ण सहभागिताका साथै त्यसको प्रजातान्त्रिक स्वामित्वका लागि सहयोगी संरचना, संस्था, नीति तथा कानुनी संरचनाको अवस्था कस्तो छ ?,
- परियोजना वा पहल/प्रयासहरूले मानव अधिकारलाई उचित बजेट विनियोजन र आधारभूत सेवाहरूमा ठोस कानुनी अधिकारसहित, प्रभावकारी जन-सशक्तिकरण नीतिमा रूपान्तरण वा अनुवाद गर्न कुन हदसम्मको प्राविधिक क्षमता विकास गरेका छन् ?

यसैबीच, ब्राजिलियन सहयोग एजेन्सी मार्सियो कोरिया (Marcio Correa) ले आधिकारिक विकास सहयोग मापन गर्न प्रयोग गरिने विधिहरूमा देखिएको अपर्याप्तताका बीच देहायका समस्या समाधानका लागि दक्षिण-दक्षिण विकास सहयोगको प्राविधिक मापनमा तल दिइए अनुरूपको ढाँचा[१२] प्रस्ताव गरेको छ :

- मौद्रिकरणसँग मिल्ने योगदानहरूको मूल्याङ्कन,
- सहयोग दाता र प्राप्तकर्ताको हैसियत के हो भन्ने पक्षलाई आधार नबनाइ दक्षिण-दक्षिण साझेदारहरूले वस्तुको रूपमा योगदान गरेका सबै प्रकारका वस्तुगत सहयोगको मात्रा (जसका लागि मौद्रिकरण उपयुक्त सूचक हैन),
- वित्तीय र गैर-वित्तीय योगदान तथा नतिजा/परिणाम बीचको सम्बन्धको मूल्याङ्कन, र
- विकास पहलहरू र उनीहरूका सम्बन्धित लाभग्राहीहरूलाई प्राप्त विशेष परिणाम/लाभहरूको मूल्याङ्कन ।

## सत्र १.३.

# विकास प्रभावकारिताका सिद्धान्त

| | |
|---|---|
| **सिकाइ उपलब्धिहरू:** | सत्रको अन्त्यमा सहभागीहरू तल दिएका विषयमा सक्षम हुनेछन्:<br>१. विकास प्रभावकारिताका सिद्धान्तहरू र यी उनीहरूका काममा कसरी सम्बन्धित छन् भन्ने कुराको छलफल गर्न,<br>२. विकास प्रभावकारिताका लागि मूल्याङ्कन ढाँचाका मूलतत्व मन्थन गर्न । |
| **सामग्री:** | • पावर पोइन्ट प्रस्तुतिहरू र/वा फ्लिप चार्ट<br>• एलसीडी प्रोजेक्टर<br>• मार्करहरू |
| **प्रकृया** | १. यस सत्रका सिकाइ उपलब्धिका बारेमा बताउनुहोस् ।<br>२. नागरिक समाजका संघ-संस्थाहरूका महत्वपूर्ण उपलब्धि के के थिए ? यस पक्षलाई विद्यमान छलफलसँग जोड्नुहोस् ।<br>३. विकास प्रभावकारिताका सिद्धान्तहरूबारे छलफल गर्नुहोस् ।<br>४.सुझावको रूपमा दिइएका छलफलसम्बन्धी प्रश्नहरूको प्रयोग गरि खुला छलफललाई प्रोत्साहित गर्नुहोस् । |

## क) विकास प्रभावकारितामा मूल्याङ्कन प्रणाली

सत्र १.१ मा उल्लेख गरिएबमोजिम बुसानको चौथो उच्चस्तरीय सम्मेलनले बुसान साझेदारी दस्तावेज तयार गर्‍यो । जसमा १ सय ६० भन्दा धेरै देशहरू र ५० भन्दा धेरै संस्थाहरूले हस्ताक्षर गरेका थिए । यस बुसान साझेदारी दस्तावेजमा विकास प्रभावकारिताका चार सिद्धान्त रहेका थिए, जुन-

- **विकासोन्मुख देशहरूद्वारा विकास प्राथमिकताहरूको स्वामित्व** : विकासको लागि साझेदारी त्यतिबेला मात्र सफल हुन सक्छ जतिबेला ती साझेदारीहरूमा विकासोन्मुख देशहरूको नेतृत्व छ र तिनीहरूले देशको विशिष्ट परिस्थिति र आवश्यकता अनुरूप निमार्ण भएका दृष्टिकोणहरू कार्यान्वयन वा लागू गर्दछन् ,

- **नतिजा केन्द्रित** : गरिबी निवारण र असमानता न्यूनीकरण, दिगो विकास र विकासशील देशहरूको क्षमता अभिवृद्धि गर्ने कार्यमा विकासशील देशहरू स्वयंले निर्धारण गरेको प्राथमिकता तथा नीति अनुरूप लगानी र प्रयास भएको छ ?

- **समावेशी विकास साझेदारी** : विकास लक्ष्यहरू एवम् सबै सरोकारवालाहरूको भिन्नभिन्न तथा पूरक भूमिका प्राप्त गर्ने सन्दर्भमा खुलापन, विश्वास, आपसी सम्मान र सिकाइ विकास प्रभावकारिताका मूल पक्षहरू हुन् ।
- विकास सहयोगबाट परिणाम दिन सम्बन्धित नागरिकहरू, संस्थाहरू, घटकहरू र सेयरधारकका साथै सहयोगका लाभग्राहीप्रतिको उत्तरदायित्व र परस्पर जवाफदेहिता महत्वपूर्ण छ । पारदर्शी अभ्यासको वृद्धिले जवाफदेहिताको आधार निमार्ण गर्दछ ।

उच्चस्तरीय सम्मेलनका बेला यी सिद्धान्तहरूमा सरोकारवालाले सहमति जनाएको भएतापनि यस प्रकृयामा संलग्न नागरिक समाजका संघ-संस्थाहरूले अझै पनि बुसान साझेदारीमा केही कमी रहेको दाबी गर्दछन् किनकी उनीहरूका अनुसार यी सिद्धान्तप्रतिका प्रतिबद्धता पूर्णरूपमा स्वेच्छिक रहेका छन् । उत्तरदायित्व बहनको सन्दर्भमा यो समस्याको रूपमा आउन सक्छ । जबकी यो सिद्धान्तमा सबै पक्षको सहमति थियो ।

विकास प्रभावकारिता वास्तवमै मानव अधिकारमा आधारित छ भन्ने सुनिश्चित गर्न नागरिकहरूको प्रजातान्त्रिक सहभागिता यी सिद्धान्तहरूको आधार हुनुपर्दछ भन्ने माग नागरिक समाजका संघ-संस्थाहरूको रहेको छ ।

प्रभावकारी विकास सहयोगका लागि विश्वव्यापी साझेदारीले एक अनुगमन ढाँचा तयार गरेको छ । विकास पहलहरूमा गरिने अन्तर्राष्ट्रिय प्रतिबद्धताले सम्बन्धित देशको स्वामित्व अभिवृद्धि, परिणाममा केन्द्रित, विकास साझेदारीको समावेशीकरण, पारदर्शिता र जवाफदेहिताहरूलाई सम्बोधन गरे/नगरेको ट्याक गर्न केही सूचकहरूको व्यवस्था गरेको छ । यो अनुगमन ढाँचाले दिगो विकास लक्ष्य १७.१५, १७.१६ र ५.ग को प्रगति मापन गर्न प्रयोग हुने सूचना पनि प्रदान गर्दछ[१३] ।

[13] SDG 17.15: Respect each country's policy space and leadership to establish and implement policies for poverty eradication and sustainable development; SDG 17.16: Enhance the global partnership for sustainable development, complemented by multi-stakeholder partnerships that mobilize and share knowledge, expertise, technology and financial resources, to support the achievement of the sustainable development goals in all countries, in particular developing countries; and SDG 5c: Adopt and strengthen sound policies and enforceable legislation for the promotion of gender equality and the empowerment of all women and girls at all levels

| सिद्धान्तहरू | | सूचकहरू |
|---|---|---|
| परिणाममा केन्द्रित | १.ख. | **देशहरूले उनीहरूको राष्ट्रिय नतिजा ढाँचाहरूलाई सुदृढ गर्दछन्**<br>देशहरूले आफ्नो विकासको लक्ष्य र प्राथमिकताहरूलाई निर्धारण गर्न राष्ट्रिय नतिजा र अपेक्षित परिणामहरूको अनुगमन र सो हासिल भएको सुनिश्चित गर्न संयन्त्र स्थापना गरे/नगरेको कुरा मापन गर्छ । |
| | १ क. | **विकास साझेदारहरूले देशद्वारा निर्धारित नतिजा ढाँचाहरूको प्रयोग गर्छन् (SDG 17.15)**<br>विकास साझेदारको देशीय प्राथमिकता अनुरूपका कार्यक्रम र नतिजाका साथै नतिजा ट्याकिङ गर्ने प्रयोजनका लागि देशका आफ्नै तथ्याङ्क तथा अनुगमन र मूल्याङ्कन प्रणालीमा प्रगतिशील आत्मनिर्भरताको समायोजन वा व्यवस्था मापन गर्दछ । यो सूचक दिगो विकास लक्ष्य १७.१५ विरुद्ध रिपोर्टिङको स्रोत हो । |
| देशको स्वामित्व | ५.क.<br>५.ख. | **विकास सहायता अनुमान योग्य हुन्छ (वार्षिक र मध्यम अवधिका आधारमा)**<br>विकास साझेदारहरूको विकास सहयोग वितरणको विश्वसनीयता, सहयोगको अनुमान र यथार्थमा कोषको वितरण मापन गर्दछ । |
| | ९.क. | **देशहरूको सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली ।**<br>सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहितासम्बन्धी छानिएका आयामहरूको प्रयोग गरि देशहरूको सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीका मूल पक्षहरूमा सुधारहरूको मूल्याङ्कन गर्दछ । |
| | ९.ख. | **विकास साझेदारहरू राष्ट्रिय प्रणालीहरूको प्रयोग गर्छन् ।**<br>देशहरूले आफ्नै सार्वजनिक वित्तीय व्यवस्थापन तथा खरिद प्रणालीको प्रयोग गरि सार्वजनिक क्षेत्रका लागि वितरित विकास सहयोग अनुपातको मापन गर्दछन् । |
| | १०. | **सहायता एकीकृत हुन्छ ।**<br>आर्थिक सहयोग र विकास संस्था-विकास सहयोग समिति सदस्यहरूले प्रदान गरेको द्विपक्षीय विकास सहयोगको प्रतिशत (जुन पूर्णरूपमा एकीकृत हुन्छ) मापन गर्ने । |

**समावेशी साझेदारी**

२. **नागरिक समाजका संघ-संस्थाहरू त्यस्तो वातावरणमा काम गर्दछन् जसले विकासमा उनीहरूको सहभागिता र योगदानलाई बढवा दिन्छ ।**
सरकार र विकास साझेदारहरूले नागरिक समाजका संघ-संस्थाहरूले सहज रूपमा काम गर्ने वातावरण सिर्जना गर्न कति योगदान पुऱ्याउँछन् र उनीहरूले आफ्नै कार्य सञ्चालनमा विकास प्रभावकारिताका सिद्धान्त कत्तिको लागू गर्छन् भन्ने कुरा मापन गर्दछ ।

३. **सार्वजनिक–निजी संवादको गुणस्तर ।**
सहमतिमुखी बहु-लाभकारी प्रकृया मार्फत देशमा संवादका लागि आधारभूत अवस्था के कस्तो रहेको छ भनेर पहिचान गर्ने उद्देश्यलाई केन्द्रमा राखी सार्वजनिक -निजी संवादको गुणस्तर मापन गर्दछ ।

**पारदर्शिता र परस्पर जवाफदेहिता**

४. **विकास सहयोगसम्बन्धी पारदर्शी सूचनाहरू सार्वजनिक रूपमा उपलब्ध हुन्छ ।**
विकास साझेदारहरूले विकास सहयोगसम्बन्धी सूचनाहरूलाई कुन रूपमा सार्वजनिक पहुँच प्रदान गरेका छन् र बुसान पारदर्शिता आवश्यकता अनुरूप कार्य गरेका छन् वा छैनन् भन्ने कुराको मूल्याङ्कन गर्दछ ।

६. **विकास सहयोगलाई संसदीय निरीक्षणको अधीनमा बजेटमा समावेश गरिन्छ ।**
साझेदार देशहरूको राष्ट्रिय विधायिकाद्वारा अनुमोदित वार्षिक बजेटमा अभिलेख गरिएको सार्वजनिक क्षेत्रका निम्ति विकास सहयोगको हिस्सा मापन गर्दछ ।

७. **समावेशी समीक्षामार्फत विकास सहयोगीहरूबीच परस्पर जवाफदेहिता सुदृढ हुन्छ ।**
राष्ट्रियस्तरमा विकास सहयोगको प्रतिबद्धताहरूको आपसी मूल्याङ्कन समीक्षा हुने गरे/नगरेको मापन गर्दछ । यसले तपसिलका पक्षहरूको जाँच गर्दछ : अ) देशको प्राथमिकता परिभाषित गर्ने नीतिगत रूपरेखा वा ढाँचा, आ) देश र साझेदारहरूका लागि लक्ष्यहरू, इ) यी लक्ष्यहरूको नियमित संयुक्त मूल्याङ्कन, ई) संयुक्त मूल्याङ्कन प्रकृयामा स्थानीय सरकार र गैर-सरकारी सरोकारवालाहरूको सहभागिता, र उ) नतिजाहरूको सार्वजनिक उपलब्धता ।

८. **लैङ्गिक समानता र महिला सशक्तिकरण (दिगो विकास लक्ष्य ५ ग) को लागि सार्वजनिक विनियोजन ट्रयाक गर्न देशहरूमा पारदर्शी प्रणालीहरू छन् ।**
लैङ्गिक समानता र महिला सशक्तिकरणका लागि सरकारी विनियोजनहरू ट्रयाक गर्न र यस जानकारीलाई सार्वजनिक गर्न सम्बन्धित देशमा प्रणालीहरू उपलब्ध भए/नभएको कुरा मापन गर्दछ । यो सूचक दिगो विकास लक्ष्य ५.क विरुद्ध रिपोर्टिङको स्रोत हो ।

विभिन्न विकास सहयोग प्रदायकहरूले पनि विकास प्रभावकारिता मापनका लागि आफ्नै मूल्याङ्कन ढाँचा विकास गरेका छन् । उदाहरणका लागि एसियाली विकास बैंकले सन् २००८ देखि आफ्नै विकास प्रभाव प्रतिवेदन जारी गर्ने गरेको छ । सन् २०१९ को लागि एसियाली विकास बैंकको विकास प्रभावकारिता निर्धारण ढाँचा यसको कर्पोरेट नतिजा ढाँचा (Corporate Result Framework) २०१९-२०२४ मा आधारित थियो, जसमा ४ वटा शीर्षकमा ६० वटा विभिन्न सूचकहरू समावेश गरिएको छ ।

स्तर १: एसिया प्रशान्तमा विकास प्रगति
स्तर २: रणनीति २०३० सञ्चालन प्राथमिकता परिणामहरू र त्यसको गुणस्तर
स्तर ३: एसियाली विकास बैंक सञ्चालन व्यवस्थापन
स्तर ४: एसियाली विकास बैंकको संस्थागत प्रभावकारिता

यी सूचक मध्ये एक सूचकले एसियाली विकास बैंकको पहलमा नागरिक समाजको सहभागिताको मापन गर्दछ । तर पनि यसको अर्थ यो लगाउन सकिँदैन कि उनीहरूको सहभागिता वास्तवमै प्रजातान्त्रिक ढङ्गबाट भएको छ । धेरै नागरिक समाज संस्थाहरू एवम् समुदायहरूले एसियाली विकास बैंकका परियोजनाहरूमा मानव अधिकार उल्लङ्घन र यस कार्यमा संस्थाको जवाफदेहिता नरहेको गुनासो गरिरहन्छन् ।

सन् २०१९ मा रियालिटी अफ एडले प्रभावकारी विकास सहयोगको सिद्धान्तहरूको प्रयोग गरेर बुसान साझेदारी दस्तावेजमा बैंकको प्रतिबद्धता हेर्न एसियाली विकास बैंकको विकास प्रभावकारितासम्बन्धी प्रतिवेदन जारी गऱ्यो ।

[14] Poverty and inequality; gender equality; climate change, disaster resilience and environmental sustainability; livable cities; rural development and food security; governance and institutional capacity; regional cooperation and integration;

यस प्रतिवेदनले के देखायो भने एसियाली विकास बैंकको रणनीति २०३० कार्यान्वयनले त्यस्ता आर्थिक नीति निमार्णको प्रवर्धनमा योगदान गऱ्यो जसले गरिबहरूलाई विकासबाट वञ्चितिकरण गर्न तथा वातावरण विनासका क्षेत्रमा बल पुऱ्यायो । यसैगरि ऋणको मारमा परेका व्यक्तिका समस्यालाई सम्बोधन गर्न नसक्ने देशीय प्रणालीलाई थप बल पुऱ्यायो । यसैगरि, कमजोर राष्ट्रिय सुरक्षाबाट फाइदा लिइ परियोजनालाई तीव्रता दिने तथा निजी क्षेत्रको जोखिम कम गर्ने एवम् एसियामा कर्पोरेट स्वामित्वलाई सहजिकरण गऱ्यो ।

प्रतिवेदनले दिगो विकास लक्ष्य र मानव अधिकारप्रति आफ्नो जवाफदेहितासम्बन्धी नियम एवम् संयन्त्रप्रति एसियाली विकास बैंक ठूलो हदसम्म जवाफदेही नरहेको देखाएको छ । साथै, बैंकलाई यसको वडा मार्फत प्राप्त प्रतिरक्षा तथा विशेषाधिकारसम्बन्धी सयुंक्त राष्ट्रसङ्घीय महासन्धि भियना सम्मेलनले अन्तर्राष्ट्रिय संस्थाहरूलाई प्रदान गरेको अधिकारले पनि यसमा बल पुऱ्याएको देखियो ।

यसैबीच आर्थिक सहयोग र विकास सङ्गठन -विकास सहयोग समितिको विकास मूल्याङ्कन सम्बन्धी सञ्जालले विकास प्रभावकारिता मापन गर्न तपसिलका मापदण्डको प्रयोग गर्दछ :

### १. विकास उद्देश्य र अपेक्षित नतिजाको प्राप्ति :

१.१. कार्यक्रम र परियोजनाहरूले उनीहरूले उल्लेख गरेका उद्देश्य र अपेक्षित नतिजा प्राप्त गर्छन् ।

१.२. कार्यक्रम र परियोजनाहरूले लक्षित समुदायलाई सकारात्मक परिणाम वा लाभ पुऱ्याएका छन् ।

१.३. कार्यक्रम र परियोजनाहरूले लक्षित समुदायमा पर्याप्त परिवर्तन ल्याएका छन् र तत् तत् राष्ट्रिय लक्ष्यहरूमा योगदान गरेका छन् ।

१.४. कार्यक्रमहरूले राष्ट्रिय विकास नीति, कार्यक्रम तथा प्रणालीगत सुधारहरूमा (विपत् तयारी, आपतकालीन सहयोग, पुनर्स्थापना लगायतका क्षेत्रमा) महत्वपूर्ण सुधार गर्न योगदान पुऱ्याएका छन् ।

### २. कुनै विषयसँग अन्तरसम्बन्धित रहेर आउने (Cross-Cutting) विषयवस्तुहरू – दिगो समावेशी विकास

२.१. बहुपक्षीय संस्थाहरूले लैङ्गिक समानताका अन्तरसम्बन्धित भएर आउने (Cross-Cutting) मुद्धाहरूलाई सम्बोधन गर्ने कृयाकलापहरूलाई कुन हदसम्म सहयोग गरेका छन्?

२.२. परिवर्तनहरू वातावरणीय हिसाबले कत्तिको दिगो छन् ?

### ३. लाभ तथा परिणामहरूको दिगोपन

३.१. कार्यक्रम वा परियोजना पश्चात पनि सञ्चालित कार्यक्रमका लाभहरूले निरन्तरता पाइरहेका छन् अर्थात मानवीय राहत कार्य, पुनर्स्थापना, पुनर्निर्माण तथा दिगो विकास परिणामलाई जोड्ने प्रभावकारी संयन्त्रहरू विद्यमान छन् ।

३.२. कार्यक्रम वा परियोजनाहरू संस्थागत र/वा सामुदायिक क्षमता विकासको सन्दर्भमा दिगो छन् ।

३.३. कार्यक्रमहरूले विकासको लागि योग्य वातावरण निमार्णमा योगदान गर्दछन् ।

### ४. हस्तक्षेप (Intervention) को सान्दर्भिकता

४.१. कार्यक्रम वा परियोजनाहरू लक्षित समूहको आवश्यकता र/वा प्राथमिकताको हिसाबले सान्दर्भिक छन् ।

४.२. कार्यक्रम वा परियोजनाहरू राष्ट्रिय विकासका लक्ष्यसँग मेल खान्छन् ।

४.३. विकास र/वा विपत् तयारी, मानवीय राहत र पुनर्स्थापनामा योजना निमार्ण, समन्वय तथा सहयोगको कार्यान्वयन गर्न सरकार, द्विपक्षीय र बहुपक्षीय विकास एवम् मानवीय संस्थाहरू तथा गैर-सरकारी संस्थाकाबीच प्रभावकारी साझेदारी गरिएको छ ।

### ५. दक्षता/प्रभावकारिता

५.१. कार्यक्रम अन्तर्गतका कृयाकलापहरू लागत वा स्रोतको तुलनामा त्यसले ल्याएको परिवर्तनका आधारमा मूल्याङ्कन गरिन्छ ।

५.२. कार्यान्वयन र तय गरिएका उद्देश्यहरू समयमै हासिल गरिएका छन् ?

५.३. कार्यक्रम वा परियोजना कार्यान्वयन र अनुगमनको लागि प्रणाली र प्रकृयाहरू प्रभावकारी छन् ? (कर्मचारीहरूको संलग्नता, परियोजनाका लागि आवश्यक वस्तुहरूको खरिद, भुक्तानी विवरण, लजिस्टिक (logistic) आदि समेत)

### ६. विकास प्रभावकारिता सुधारका लागि अनुगमन र मूल्याङ्कनको प्रयोग

६.१. मूल्याङ्कनका निम्ति प्रणाली र प्रकृयाहरू प्रभावकारी छन् ?

६.२. कार्यक्रम परिणामको रिपोर्टिङ्ग तथा अनुगमनका निम्ति प्रणाली र प्रकृयाहरू प्रभावकारी छन् ?

६.३. परिणाममा आधारित व्यवस्थापन (Result Based Management-RBM) प्रणाली प्रभावकारी छन् ?

६.४. विकास प्रभावकारिता सुधारका लागि मूल्याङ्कन विधिको प्रयोग गरिएको छ ?

**छलफलका लागि प्रश्न :** तपाईंको विचारमा विकास सहयोग परियोजनाहरूको अनुमगनका लागि प्रयोग हुने मूल्याङ्कन ढाँचा (assessment form) मा के कस्ता विषयहरू समावेश गर्नु पर्ला ?

## सत्र १.४.

# दिगो विकासका निम्ति मानव अधिकारमा आधारित प्रजातान्त्रिक प्रणालीतर्फ विकास सहयोग

| | |
|---|---|
| **सिकाइ उपलब्धिहरू:** | सत्रको अन्त्यमा सहभागीहरू विश्वव्यापी सहयोग प्रणालीको रूपान्तरणका लागि केही आधारभूत सिद्धान्तहरूको पहिचान गर्न सक्षम हुनेछन्: |
| **सामग्री:** | • प्रस्तुतिहरू र/वा फ्लिप चार्ट (पावर पोइन्ट)<br>• प्रोजेक्टर (एल.सी.डी)<br>• मार्करहरू |
| **प्रकृया** | १. यस सत्रका सिकाइ उपलब्धिका बारेमा बताउनुहोस् ।<br>२. विकास सहयोगमा मानव अधिकारमा आधारित ढाँचाहरू बारेमा छलफल गर्नुहोस् ।<br>३. सुझावको रूपमा दिइएका छलफलसम्बन्धी प्रश्नहरूको प्रयोग गरि खुला छलफललाई प्रोत्साहित गर्नुहोस् । |

## क) विकास सहयोगका लागि मानव अधिकारमा आधारित प्रजातान्त्रिक प्रणालीको सञ्चालन

बुसान साझेदारी सम्झौताको सुरुआत भएको करिब एक दशकपछि विकास सहयोगको विश्व प्रणालीलाई रूपान्तरण गर्दै वास्तवमै समावेशी, प्रजातान्त्रिक, मानव अधिकारमा आधारित र समतामूलक तुल्याउन अझै धेरै काम गर्नु पर्नेछ । दिगो विकासको उपलब्धि हासिल गर्नका लागि विकास सहयोग महत्वपूर्ण भएकोले विकास साझेदारीले विद्यमान असमान प्रकृतिका सम्बन्ध र अभ्यासहरूलाई प्रवर्धन गर्नु हुँदैन । यसको सट्टा नयाँ विकास सहयोग एकता र पारस्परिकता, नागरिकहरूको सार्वभौमिकता, सशक्तिकरण, लोकतन्त्र र उत्तरदायी कर्तव्य वहनमा आधारित रहनु पर्दछ ।

सर्तसहितको सहायता र सर्तको मुद्दालाई दाताहरूभन्दा पनि विकासशील देशहरूको पक्षमा सन्तुलन कायम गर्नेगरि समाधान खोज्नु पर्दछ । विकास सहयोगको नयाँ विश्व प्रणाली राष्ट्रिय विकास रणनीतिमा आधारित हुनु पर्दछ र आवश्यकतामा आधारित (दाता निर्देशितको बदला) विनियोजन र सहायता प्रवाहसँग मेल खाने हुनुपर्दछ । यद्यपि बुसान साझेदारी दस्तावेजमा देशको स्वामित्वको सिद्धान्त पहिले नै सहमत सिद्धान्त हो, यसका अलावा प्रजातान्त्रिक स्वामित्वको सवाललाई यसको केन्द्रबिन्दुमा राखिनु पर्दछ । यसको अर्थ राष्ट्रिय विकासका योजनामा उल्लेख गरिए अनुरूप देशका प्राथमिकताहरू प्रजातान्त्रिक र सामावेशी प्रकृयाहरूद्वारा निर्धारित हुनुपर्दछ, जसमा सरकार लगायत जनसङ्गठन र नागरिक समाजका संघ-संस्थाहरूको सहभागिता बराबर हुन्छ ।

# नयाँ विकास सहयोग संरचना

## ऐक्यबद्धता र पारस्परिकता

दाता नेतृत्वको सहयोग विपरीत साझा उद्देश्य र चासोहरूमा काम गर्ने कुरालाई जोड दिन्छ। ऐक्यबद्धतामा पनि सहयोगको आवश्यकता रहेका साझेदारको सहयोग प्रकृयामा लागत वहन गर्ने प्रतिबद्धतासँग सम्बन्धित छ।

## नागरिकको सार्वभौमिकता

प्रत्येक देशका नागरिकहरू सार्वभौमिकताका स्रोत हुन्, जसबाट राष्ट्रिय सरकारहरूले आफ्नो अधिकार प्राप्त गर्न र निरन्तर प्रमाणीकरण गर्नु जरुरी छ। यसैकारण सरकारहरू नागरिकका वैधानिक प्रतिनिधिका रूपमा सार्वभौम अधिकारको प्रयोग गर्न त्यतिबेलासम्म हकदार र हन्छन् जबसम्म सरकारहरूले नागरिकप्रतिको कर्तव्य निर्वाह गर्दछन् र उनीहरूको व्यक्तिगत एवम् सामूहिक अधिकारको संरक्षण गर्दछन्।

## समावेशिकरण तथा निर्णय प्रकृयाको प्रजातान्त्रिकरण

सबै राष्ट्र तथा नागरिकहरू बीचको समानतालाई विकास साझेदारहरूले मान्यता दिएका छन्। सबै तहका विकास प्रकृयाहरूमा नागरिकहरूको प्रजातान्त्रिक सहभागितालाई समर्थन र संरक्षण गरिएको छ।

## जबाफदेही कर्तव्यवाहक

अधिकारका हकदारहरूले बोल्ने र समाधानका लागि कर्तव्य वाहकको जवाफदेहिता सुनिश्चित गर्ने संयन्त्र विद्यमान हुनुपर्दछ।

सबै विकास सहयोगीको प्रजातान्त्रिक सहभागिता राष्ट्रियस्तरमा मात्र नभइ नयाँ विश्व संरचनाहरूमा पनि हुनु जरुरी छ। यसले बहुपक्ष र बहुसरोकारवालालाई समेट्न सक्नुपर्दछ ताकि विकासशील देशहरूले उनीहरूको बहुमतको प्रयोग गर्ने अवसर प्राप्त गरुन्। यसले वर्तमान प्रणाली, जहाँ विश्व बैंक वा अन्य विकास बैंकहरू जस्ता संस्थाले ‘एक डलर, एक मत’को सिद्धान्तको आधारमा जन्माएको दातारूपी प्रभुत्वलाई अन्त्य गर्नेछ। दायरा र क्षेत्रको दृष्टिबाट विश्वव्यापी रहेको यो नयाँ प्रणालीले स्थानीय र क्षेत्रीयस्तरलाई पनि समेट्नु आवश्यक छ। द्विपक्षीय र क्षेत्रीय पहलहरूले अझै पनि आपसी फाइदाका लागि तथा विश्वव्यापी बहुपक्षीय लक्ष्य एवम् प्रयासहरूको पूरकको रूपमा सुधारका लागि साझा चासोहरूमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन्।

दाताहरू उनीहरूका साझेदार देशहरूप्रति जवाफदेही छन् र सहयोग प्राप्त गर्ने सरकारहरू उनीहरूले लागू गरेका नीति तथा विकास कार्यक्रमहरूको बारेमा नागरिकप्रति जवाफदेही छन् भनेर सुनिश्चित गर्न बाध्यकारी जवाफदेही संयन्त्र लागू गर्नुपर्दछ। सहायता संरचनाको नयाँ विश्वव्यापी प्रशासनले पनि वाह्य साझेदारका साथै बहुपक्षीय साझेदारहरूको दायित्वको सुनिश्चित गर्नुपर्दछ। र, समुदायहरूलाई वाह्य सहयोगबाट सञ्चालित कार्यक्रम वा परियोजनाका कारण क्षति हुँदा सो क्षतिपूर्ति दाबी गर्न वा खोज्न सक्ने संयन्त्र पनि हुनु पर्दछ।

अन्त्यमा, अन्तर्राष्ट्रिय सहायता संरचनाको प्रजातान्त्रिकरण वित्त, ऋण, व्यापार र बहुदेश्यीय निगमको विश्वव्यापी शासनको प्रजातान्त्रिकरण सँगसँगै जानु पर्दछ। नागरिक, समुदाय र राष्ट्रहरूको प्रजातान्त्रिक अधिकारको सम्मान गर्दै यी संस्थाहरूको अन्तर्राष्ट्रिय शासन प्रणालीमा राजनीतिक ऐक्यबद्धता हुनु पर्दछ जसले अन्तर्राष्ट्रियस्तरमा विकास लक्ष्यहरूलाई सहयोग पुऱ्याउनु पर्दछ।

## छलफलका लागि प्रश्नहरू :

तपाईंको अनुभवमा राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरमा काम गर्दा के वर्तमान सहायता सम्बन्धहरूले माथिका सिद्धान्तहरू प्रतिबिम्बित गर्छन् ? गर्दैनन् भने के परिवर्तन गर्नु जरुरी छ ?

## कृयाकलाप १.१.

# दिगो विकास मानव अधिकारमा आधारित विकास सहयोगका लागि परिवर्तनको सिद्धान्त सिर्जना गर्नुहोस् ।

| | |
|---|---|
| **सिकाइ उपलब्धिहरू :** | मानव अधिकारमा आधारित विकास सहयोगका लागि परिवर्तनको सिद्धान्त तयार गर्न अघिल्लो सत्रबाट सिकेका सिद्धान्तहरू तथा सिकाइहरू प्रयोग गर्नुहोस् । |
| **अपेक्षित परिणाम :** | मानव अधिकारमा आधारित विकास सहयोगका लागि एक परिवर्तनको सिद्धान्त तयार हुनेछ जसले जनशक्तिमा सञ्चालित दिगो विकास हासिल गर्न सहयोग गर्नेछ । |
| **सामग्री :** | • पावर पोइन्ट प्रस्तुतिहरू र/वा फ्लिप चार्ट<br>• एलसीडी प्रोजेक्टर<br>• मार्करहरू |

परिवर्तनको सिद्धान्त एक मार्गचित्र हो । यसले परिवर्तनका विभिन्न चरणहरूको रूपरेखा तय गर्दै तपाइँको कार्यलाई ठूलो लक्ष्यसम्म पुग्न वा त्यससँग जोड्न मद्धत गर्दछ । परिवर्तनका सिद्धान्तका भाग वा अंशहरूबारे तल उल्लेख गरिएको छ[१५] ।

- **अनुमानहरू (Assumptions)** – तथ्यहरू, मामला वा परिस्थितिहरू जुन अनुमान गरिन्छ र लक्षित सफलता प्राप्त गर्न आवश्यक तत्वको रूपमा रहन्छन् ।
- **निवेश (Inputs)** – लक्ष्य हासिल गर्न आवश्यक पर्ने जनशक्ति, समय, साधन र स्रोत ।
- **कृयाकलाप (Activities)** – लक्ष्य अनुरूप सञ्चालन गरिने कार्यक्रम, सेवा तथा कार्यहरू ।
- **तत्कालीन परिणाम (Output)** – कार्यक्रमबाट लाभग्राहीले तत्काल प्राप्त गर्ने लाभको मात्रा, प्रकार तथा स्तर ।
- **दीर्घकालीन परिणाम (Outcome)** – कार्यक्रम वा कृयाकलापमा सहभागी व्यक्ति वा समूहको व्यवहार, ज्ञान, सिप, स्थिति वा क्षमतामा आएको विशिष्ट परिवर्तन ।
- **प्रभाव (Impact)** – कार्यक्रमका कारण आउने समुदाय, संस्थाात्मक, सामाजिक र प्रणालीगत परिवर्तनहरू (अपेक्षा गरिएको वा नगरिएको)
- **बाह्य सर्तहरू (External Conditions)** – विद्यमान वातावरण जसमा प्रभावित गर्ने लक्ष्य लिइन्छ । यसले परिणामलाई प्रभाव पार्ने कार्यक्रमको नियन्त्रण भन्दा बाहिरका कारकहरू (आर्थिक, राजनीतिक, सांस्कृतिक आदि) लाई समेट्छ ।


[15] https://static1.squarespace.com/static/57a0dd1dbebafbfbfe80f9a7/t/5818db1e3e00be2eafd93a52/1478023968926/12b+-+Theory+of+Change+-+SP.pdf

## सुझावहरू :

कृयाकलाप १ कार्यपाना (worksheet) हेर्नुहोस् ।

१. सहभागीहरूको उचित एवम् आवश्यक समूह निमार्ण गर्नुहोस् ।
२. सुझाव नं.३ पछाडिका लागि रेखाचित्र ३१६ मा हेर्नुहोस् ।
३. विकास प्रभावकारितासँग सम्बन्धित (क) एउटा समस्या उल्लेख गरि लेख्न सुरु गर्नुहोस् । तपाइँले प्राप्त गर्न चाहेको परिवर्तन वा प्रभाव एवम् दिगो विकासका लागि मानव अधिकारमा आधारित विकास सहयोग जस्तो ठूलो लक्ष्य प्राप्तिमा यसले योगदान गर्दछ ।
४. तत्कालीन र दीर्घकालीन परिणाममा प्रभाव पार्ने (ज) बाह्य वातावरणको वर्णन गर्नुहोस् ।
५. तपाइँले प्रभाव (impact) हासिल गर्नका लागि प्रभावित गर्न चाहने वा गर्नु पर्ने मुख्य समूहहरूको उल्लेख गर्नुहोस् । यस अन्तर्गत ती व्यक्ति वा समूहहरू समावेश हुन सक्छन् जो सहायता नीति वा निर्णयकर्ताबाट प्रभावित छन् (ख) ।
६. प्रत्येक मुख्य व्यक्ति वा समूहलाई कसरी संलग्न गर्न चाहनु हुन्छ ? (ग) र ती व्यक्ति वा समूहलाई संलग्न गर्न के कस्ता कृयाकलाप गर्नुहुन्छ ? उल्लेख गर्नुहोस् ।
७. कृयाकलापबाट प्राप्त हुने तत्कालीन परिणाम (ङ) का साथै दीर्घकालीन परिणाम वा व्यापक लाभ पहिचान गर्नुहोस् ।

## परिवर्तनको सिद्धान्त




[16] https://diytoolkit.org/tools/theory-of-change/

खण्ड ०२

# विकास सहयोगमा जन-अनुसन्धान

## खण्डको उद्देश्य :

१. सहायता अवलोकन कार्यको एक भागको रूपमा जन-अनुसन्धानको सञ्चालन र सहजीकरण गर्न सहभागीहरूको क्षमता अभिवृद्धि गर्ने ।

२. जन-अनुसन्धानको आधारभूत अवधारणा, उद्देश्य तथा विधिहरूबारे सहभागीहरूलाई परिचित गर्ने/जानकारी प्रदान गर्ने ।

३. नागरिक समाजका संघ-संस्थाहरूको सहायता अवलोकन कार्यमा जन-अनुसन्धानको सञ्चालन र सहजीकरण गर्न सहभागीहरूको सिप विकास गर्ने ।

**निर्धारित समय: न्यूनतम पाँच घण्टा**

विगतमा सहायता नीतिहरू र सहायता प्राप्तकर्ता देशहरूमा ती नीतिहरूको प्रभावबारे दाता देशहरू वा बहुपक्षीय संस्थाहरूमा अध्ययन गरिएको छ र यसले सहायता प्रावधानलाई सजिलो बनाएको छ । यस परम्पराले विद्यमान सहायता नीति, जसले मानव विकास, लैङ्गिक समानता तथा वातावरणीय सन्तुलन जस्ता अन्य महत्वपूर्ण विकास सूचकहरूलाई नजरअन्दाज गर्दछ, जसको सामान्य विश्लेषण गरेको छ ।

बुसानमा भएको एक महत्वपूर्ण उपलब्धि के हो भने यसले सामान्य सहायता प्रभावकारितामा सीमित रहेको बहसलाई विकास प्रभावकारितामा रूपान्तरण गर्‍यो । विकास प्रभावकारिताले प्रजातान्त्रिक स्वामित्व, मानव अधिकार, महिला अधिकार र लैङ्गिक समानता, वातावरणीय सन्तुलन र सामाजिक समानताका सिद्धान्तहरूलाई कुनै पनि विकास सहायतासम्बन्धी सम्झौताले समर्थन गर्नुपर्ने वा समेट्नुपर्ने कुरालाई जोड दिन्छ । अझ महत्वपूर्ण कुरा, यसले नागरिक समाजका संघ-संस्थाहरूको भूमिकालाई विकास प्रभावकारिताका सिद्धान्तहरूको प्राप्तिलाई रक्षा गर्ने सन्दर्भमा उनीहरूको अधिकारको रूपमा विकासका महत्वपूर्ण सहयोगीका रूपमा मान्यता दिन्छ ।

यस मान्यता र प्रतिबद्धतामा कायम रहन नागरिक समाजका संघ-संस्थाहरूले विकास सहयोगसम्बन्धी नीति र व्यवहारमा विकास प्रभावकारिता (विशेष गरि यो सरकार र दातृ निकायको बृहत् विकास प्रभावकारिताको एजेण्डामा उनीहरूको जवाफदेहितासँग सम्बन्धित छ) को पैरवी जारी राख्नेछन् । यस सम्बन्धमा सहायता नीतिहरू, परियोजनाहरू र ती सहयोगको प्रभावहरूको अनुगमन र अनुसन्धानमा नागरिक समाज संस्थाहरूको भूमिकाको महत्वलाई कम आँकलन गर्न सकिँदैन ।

अनुसन्धान सधैं कसैका लागि र केही उद्देश्यका लागि गरिन्छ । विकास अनुसन्धानलाई परम्परागत रूपमा उच्च प्राविधिक, जटिल र बौद्धिक उपक्रमको रूपमा लिइन्छ जुन प्राय: समाज विज्ञान विशेषज्ञ र प्राज्ञिक व्यक्तिहरूको जिम्मा छाडिन्छ । सम्भ्रान्त समूहद्वारा गरिएको परम्परागत विकास अनुसन्धानमा समुदाय र जनताका दैनिक यथार्थलाई छोप्ने प्रवृत्ति पाइन्छ । यसैकारण, यदि अनुसन्धानले बहुसङ्ख्यक गरिबहरूको अवस्थामा सुधार ल्याउने वा त्यसतर्फ साँच्चिकै योगदान गर्ने लक्ष्य लिन्छ भने जनताले नै परिभाषित र व्याख्या गरिएको वैकल्पिक जन-अनुसन्धान महत्वपूर्ण रहन्छ ।

सहायता र विकास प्रभावकारिताको सन्दर्भमा जन-अनुसन्धानले सहायता र विकास सहयोग नीति तथा परियोजनाहरू प्रभावित जनसमुदायले कसरी बुझेका छन् भन्ने कुरालाई रेखाङ्कित गर्दछ । जन-अनुसन्धानले जनताको रुचिलाई यसको केन्द्रमा राख्ने हुनाले यो निकै महत्वपूर्ण छ । अन्ततः सबै विकास सहयोग उपक्रमहरूले फाइदा पुऱ्याउनुपर्ने तल्लोतहका जनताको अवस्था अ निकै महत्वपूर्ण छ ।

यस खण्डलाई तीन सत्रहरूमा विभाजन गरिएको छ :

## सत्र २.१.

### जन-अनुसन्धान सञ्चालन

जन-अनुसन्धानका सिद्धान्तहरू र यो परम्परागत अनुसन्धान भन्दा कसरी भिन्न छ भन्ने कुरालाई सम्बोधन गर्दछ ।

## सत्र २.२.

### नागरिक समाजका संघ-संस्था सहायता अवलोकन

नागरिक समाजका संघ-संस्था सहायता अवलोकन के हो ? सहायता नीति र परियोजनामा यसको भूमिका एवम् महत्व के छ ? र अवलोकनमा जन-अनुसन्धानको कसरी प्रयोग हुन्छ ? भन्ने कुराबारे परिचित गराउँछ ।

## सत्र २.३.

### विकास सहयोगमा जन-अनुसन्धानका प्रकृयाहरू

नागरिक समाजका संघ-संस्था सहायता अवलोकनमा योगदान पुऱ्याउने सन्दर्भमा जन-अनुसन्धान सञ्चालन गर्ने चरणहरूको बारेमा छलफल गर्दछ ।

# सत्र २.१.
# जन-अनुसन्धान सञ्चालन

| | |
|---|---|
| **सिकाइ उपलब्धिहरू :** | यस सत्रपछि सहभागीहरू जन-अनुसन्धानको अवधारणा र सिद्धान्तहरूका बारेमा परिचित हुनेछन् । |
| **सामग्री :** | • पावर पोइन्ट प्रस्तुतिहरू र/वा फ्लिप चार्ट<br>• एलसीडी प्रोजेक्टर<br>• मार्करहरू |
| **प्रकृया :** | १. यस सत्रका सिकाइ उपलब्धिबारे बताउनु होस् ।<br>२. कोही अनुसन्धानसम्बन्धी परियोजनामा सहभागी भए/नभएको बारे सोध्नुहोस् ।<br>३. जन-अनुसन्धान र यसका प्रकृयाबारे छलफल गर्नुहोस् । |

## क) जन-अनुसन्धान के हो ?

बृहत् अर्थमा भन्ने हो भने जन-अनुसन्धान एक त्यस्तो अनुसन्धान हो जसले जनताको आवश्यकता एवम् रुचिका निम्ति कार्य गर्दछ । यसअन्तर्गत हामी कसको चासोका निम्ति अनुसन्धान गर्छौं ? यो जनताको निम्ति हो कि कुनै सम्भ्रान्त वर्गका लागि ? भन्ने जस्ता मूल प्रश्नहरूको उत्तर दिनु जरुरी छ । जन-अनुसन्धान सञ्चालन गर्न विभिन्न विधि र दृष्टिकोण प्रयोग गर्न सकिन्छ तर महत्वपूर्ण कुरा के हो भने - यस्तो अनुसन्धान जनताको, जनताद्वारा र जनताका लागि गरिएको हुनु पर्दछ ।

जन-अनुसन्धान एक त्यस्तो अनुसन्धान हो जसले जनताको आवश्यकता विशेषगरि सीमान्तकृत तथा पछाडि पारिएका जनताका निम्ति यसले कार्य गर्दछ । यद्यपि अनुसन्धानले वस्तुस्थितिको माग गर्दछ तर यो मूल्यमुक्त छैन । जुन अन्तर्निहित उद्देश्यका लागि अनुसन्धान भइरहेको छ वा कुन प्रयोजनमा यसका परिणामहरूको प्रयोग गरिन्छ भन्ने जस्ता कुरा तटस्थ हुँदैनन् । संभ्रान्त र आमजनसाधारणले अनुसन्धानलाई आफ्नो रुचिलाई सहयोग गर्ने एक उपकरणको रूपमा प्रयोग गर्न सक्छन् । यसमा भिन्नता के छ भने - संभ्रान्तले यथास्थितिलाई जोगाउँछ जब कि जन-अनुसन्धानले सामाजिक परिवर्तनमा योगदान पु-याउँछ ।

जन-अनुसन्धानले विद्यमान सामाजिक अवस्थाको भौतिक आधार तथा ऐतिहासिक विकासको खोजी गर्ने, विभिन्न सामाजिक शक्ति वा समूहहरू बीचको असमान शक्ति-सम्बन्धबारे बुझ्ने वा त्यसको पर्दाफास गर्ने, उत्पीडित वर्गहरूका समस्यासँग व्यवहार गर्ने उचित कार्यहरू र साधनहरू तय गर्न मार्गनिर्देशनका रूपमा सेवा गर्ने लक्ष्य राख्दछ। त्यसैगरि यसले सामाजिक क्षेत्रहरू र सामाजिक परिवर्तनको दिशामा जनताको शिक्षा, संस्था र परिचालनमा समेत योगदान पुर्‍याउँछ। जन-अनुसन्धानले मूलधारका स्रोतहरू तथा जनताका अधिकारहरूलाई अवमूल्यन गर्ने व्याख्याहरूको वैकल्पिक विश्लेषण अगाडि सार्दछ। यसले त्यस्ता कार्यहरूको जानकारी गराउँछ जुन नयाँ ज्ञान र चुनौतीहरूमा आकर्षित हुन्छ र परिणामस्वरूप सामाजिक परिवर्तनमा काम गर्ने व्यक्तिका अभ्यासमा सुधार गर्दछ।

## ख) जन-अनुसन्धान सञ्चालनका सिद्धान्तहरू

जन-अनुसन्धान सञ्चालन गर्दा लागू हुने केही सिद्धान्तहरू तल दिइएका छन्:

- उत्पादन र सामाजिक सङ्घर्षको क्षेत्रमा सामाजिक अभ्यास ज्ञानको प्राथमिक स्रोत हो।
- समाजमा सामाजिक समूहहरूको गतिशीलता (भिन्न अवस्था र रुचि) अन्ध एवम् विशुद्ध शैक्षिक वा साङ्ख्यिकीय ढाँचाको विरुद्धमा छ।
- सिद्धान्त, किताबी ज्ञान, व्यक्तिपरक धारणा तथा पुरानो जमानाको जानकारीमा भरपर्ने प्रवृत्तिको विरुद्धमा छ।
- स्थानीय मुद्दाहरू र राष्ट्रिय एवम् विश्वव्यापी मुद्दाहरूसँगको अन्तरसम्बन्धलाई मान्यता दिन्छ।
- समय समयमा परिवर्तन हुने केही महत्वपूर्ण आर्थिक तथा राजनीतिक सूचकहरू सम्बन्धमा विभिन्न समूहहरूबाट तथ्याङ्क सङ्कलन गर्दछ ता कि यसले विभिन्न समूहहरूले वास्तविक जीवनमा कसरी कुराकानी तथा व्यवहार गर्दछन् भन्ने स्पष्ट गर्दछ।
- अनुसन्धानकर्ताहरूले जनताका अभियानहरू र उनीहरूका सङ्घर्षहरूमा नजिकको सम्बन्ध स्थापित गर्दछन् किनकी यस प्रकारको सम्बन्धले जनताका मुद्दाहरू र रुचि सम्बोधन गरेको कुरा सुनिश्चित गर्दछ।
- सूचना एवम् विश्लेषणहरू बारे अन्यलाई जानकारी गराइन्छ र विभिन्न स्रोतहरू (कार्यशाला, पुस्तकहरू, इमेल आदि) मार्फत प्रशोधन गरिन्छ, जसले अनुसन्धान परिणामहरूको वैधता र उपयोगिता बढाउँछ। साथै, अनुसन्धानबाट प्रभावितहरूप्रति अनुसन्धानकर्ताहरूको उत्तरदायित्व अभिवृद्धि गर्दछ।

# सत्र २.२.
# नागरिक समाजका संघ-संस्था सहायता अवलोकन

**अपेक्षित परिणाम :**

यस सत्रपछि सहभागीहरू :
१. नागरिक समाजका संघ-संस्था सहायता अवलोकनबारे परिचित हुनेछन् ।
२. सहायता अवलोकन कार्यमा जन-अनुसन्धानको प्रयोगको महत्वबारे बुझ्न सक्षम हुनेछन् ।

**सामग्री :**

- पावर पोइन्ट प्रस्तुतिहरू र/वा फ्लिप चार्ट
- एलसीडी प्रोजेक्टर
- मार्करहरू
- इन्टरनेटमा पहुँच तथा नागरिक समाजका संघ-संस्था सहायता अवलोकन मञ्चका स्क्रिननसट (screenshot) हरू

**प्रकृया :**

१. यस सत्रका सिकाइ उपलब्धिबारे बताउनुहोस् ।
२. नागरिक समाजका सघं-संस्था सहायता अवलोकनबारे छलफल गर्नुहोस् ।
३. छलफलका क्रममा रियालिटी अफ एड-एसिया प्रशान्तको नागरिक समाजका संघ-संस्था सहायता अवलोकनको वेबसाइट खोल्नुहोस् ।

## १) नागरिक समाजका संघ-संस्था सहायता अवलोकन के हो ?

नागरिक समाजका संघ-संस्था सहायता अवलोकन भन्नाले सहायता र विकास सहयोग अभियान तथा नीतिगत कार्यका लागि नागरिकद्वारा सञ्चालित अनुगमन मञ्चहरूलाई जनाउँछ । सन् २०१३ देखि रियालिटी अफ एड नेटवर्कले यी अवलोकन केन्द्रहरू स्थापना गर्न एसिया प्रशान्तमा तालिमहरू सञ्चालल गरिरहेको छ ।

रियालिटी अफ एडको नागरिक समाजका संघ-संस्था सहायता अवलोकनका उद्देश्यहरू तपसिल बमोजिम रहेका छन् :

- एसिया प्रशान्त क्षेत्रमा सहयोग प्राप्त गर्ने सरकार र अन्य दाता (जस्तै : अन्तर्राष्ट्रिय मुद्रा कोष) को सहायता व्यवस्थापनमा जागरुकता र पारदर्शिता अभिवृद्धि गर्ने ।
- यस क्षेत्रमा विकास परियोजनाहरू तथा सार्वजनिक-निजी साझेदारीको प्रवृत्ति र प्रभावहरूको अध्ययन र विश्लेषण गर्न सहयोग गर्ने ।

- सहयोग प्राप्त गर्ने देश र दाता सरकारहरू तथा अन्य प्रदायकहरूसँग सार्वजनिक कोषको प्रभावकारी उपयोगका साथै मानव अधिकार र लोकतन्त्रको संरक्षणमा नागरिक समाजका संघ-संस्थाहरूको संलग्नता/सहभागिताका लागि सहयोग गर्ने ।
- सरकार र अन्य प्रदायकहरूबाट पारदर्शिता एवम् जवाफदेहिता खोज्न र प्रजातान्त्रिक अधिकार दाबी गर्न समुदाय तथा तल्लो स्तरका जनसंस्थाहरूले गर्ने अभियानहरूलाई सहयोग पुऱ्याउने ।
- मानव अधिकारमा आधारित, जन-शक्तिमा आधारित दिगो विकास, जटिल विषयमाथिको समाधान वा सुझावहरूलाई संवर्धन गर्नका लागि नागरिक समाजका सघं-संस्था, नीतिनिर्माता, प्रवुद्ध वर्ग, सञ्चार र अभियन्ताहरू बीच साझा सिकाइ/शिक्षा र बहसहरूको सहजीकरण गर्ने ।

सन् २०१८ मा रियालिटी अफ एड-एसिया प्रशान्तले यस क्षेत्रको प्रमुख प्राथमिकताको रूपमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाको अनुगमन कार्य गर्न सहमत भयो । जसअनुसार अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक, एसियाली विकास बैंक, एसियाली पूर्वाधार लगानी बैंक जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले तिनीहरूले व्यवस्था गरेका सहायता सर्त (बजार निर्धारित, निर्यातमुखी एवम् विकासशील देशहरूमा नवउदारवाद थोपर्ने प्रकृतिका) का कारण नागरिक समाज र तल्लोतहका जनसमुदायको कडा आलोचना र विरोधको सामना गरिरहेका छन् । यी सर्तहरू र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले सहयोग गरेका परियोजनाहरूले मानव अधिकार र घरेलु प्रजातान्त्रिक प्रकृयाहरूलाई कमजोर पार्दै दिगो विकासको उपलब्धिमा निरन्तर नकारात्मक प्रभाव पारेका छन् । यसका साथै, यिनीहरूले गरिबी, अविकास, व्यक्तिगत एवम् सामूहिक अधिकारको निरन्तर उल्लङ्घन, वातावरणीय विनास जस्ता नकारात्मक सामाजिक परिणामहरू ल्याएका छन् ।

सोही वर्ष रियालिटी अफ एड-एसिया प्रशान्तले आफ्नो सहायता अवलोकन सुरु गऱ्यो । जुन नागरिक समाजका संघ-संस्थाको पहलकदमीमा सुरु भयो र यसले आधिकारिक विकास सहयोग वा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको माध्यमबाट अनुदान प्राप्त विकास परियोजनाहरूको डेटाबेश राख्दछ । यसअन्तर्गतका परियोजनाहरूले १) मानव अधिकार, २) प्रजातन्त्र, ३) शान्ति र सुरक्षा, ४) पर्यावरण र वातावरणमा पारेको प्रभावका साथै विकास प्रभावकारिताका सिद्धान्तहरूलाई अवलम्बन गरेका छन् वा छैनन् भन्ने आधारमा परियोजनाहरूको अनुगमन र मूल्याङ्कनका साथै एजेण्डा २०३० दिगो विकास लक्ष्यको सान्दर्भिकता र सम्बन्ध पनि मूल्याङ्कन गरिन्छ । कुनै व्यक्ति वा संस्थाले पनि आधिकारिक विकास सहयोग वा अन्तर्राष्ट्रिय वित्तीय संस्थाको सहयोगमा सञ्चालित विकास परियोजनाहरूको (ODA-IFI ले सहयोग गरेका परियोजनाहरू २०१५ पछि) समुदाय वा आफ्नो कार्यक्षेत्रमा सहायता अवलोकनको फारममा भएका प्रश्नहरूको उत्तर दिएर अनुगमन र मूल्याङ्कन गर्न सक्दछन् ।

## क) सहायता अवलोकनमा जन-अनुसन्धान

जन-अनुसन्धानले लक्ष्य, कार्यक्रम र जनस्तरका सङ्गठन र नागरिक समाजका संघ-संस्थाहरूका कृयाकलापहरू सामाजिक वातावरणमा आधारित छन्, त्यसैले अभिजात वर्ग, व्यवसायिक वा दाताको स्वार्थबाट विचलित हुने सम्भावना न्यून हुनेछ भन्ने कुरा सुनिश्चित गर्दछ । यसले अनुसन्धानको प्रयासले जनताको अवस्था सुधार गर्ने लक्ष्यमा योगदान पुऱ्याउनेछ भन्ने कुराको पनि सुनिश्चित गर्दछ ।

नागरिक समाजका सघं-संस्थाले विकास सहयोगको अनुसन्धान गर्दा सहायता नीतिले सीमान्तकृतहरूको जीवनमा कसरी प्रभाव पार्दछ ? भन्ने कुरामा सधै सजग हुनु जरुरी हुन्छ । जन-अनुसन्धान धरातलीय यथार्थ अर्थात विकासबाट लाभ लिने जनताको वास्तविक अवस्था बुझ्नको लागि निकै उपयोगी छ । यसबाहेक, यसले नागरिक समाजका सघं-संस्थाका समूह र सञ्जालहरूलाई मजबुत र गहन तुल्याउँछ फलस्वरूप निरन्तर सूचनाको आदान-प्रदान गर्न र अन्य नीतिसँगै विकास सहयोगको विश्लेषण गर्न सहज तुल्याउँछ ।

यदि उनीहरूको अनुसन्धानको उद्देश्य-कसरी सहायता र अन्य सहयोगले सीमान्तकृत र कमजोर समूहको अवस्थामा सुधार ल्याउन योगदान गरेका छन् ? भन्ने मुख्य प्रश्नबाट निर्देशित छन् भने शिक्षाविद् र सामाजिक अनुसन्धान विज्ञहरूले पनि सहायता अवलोकनमा जन-अनुसन्धान गर्न सक्दछन् । अघिल्लो खण्डमा उल्लेख गरिएझैं यो महत्वपूर्ण छ कि - जन-अनुसन्धान जनताको रुचि र आवश्यकतामा केन्द्रित हुनु पर्दछ र सामाजिक परिवर्तन एवम् रूपान्तरणमा कार्य गर्नु पर्दछ । यसअर्थमा विद्वानहरू जन-अनुसन्धानको कार्य गर्न सक्षम छन् ।

## सत्र २.३.

# विकास सहयोगमा जन-अनुसन्धानका प्रकृयाहरू

**सिकाइका परिणाम :**

यस सत्रपछि छलफलको अन्त्यमा सहभागीहरू :

१. नागरिक समाजका संघ-संस्था सहायता अवलोकनको सन्दर्भमा जन-अनुसन्धान सञ्चालनका चरणहरू (अवधारणा देखि तथ्याङ्क विश्लेषण सम्म) पहिचान गर्न सक्षम हुनेछन् ।
२. धेरैजसो अनुसन्धानमा प्रयोग हुने विधि र सूचना सङ्कलनमा तिनीहरूको महत्व र सीमितताका बारेमा परिचित हुनेछन् ।
३. सहायता अवलोकन कार्यसँग सम्बन्धित अनुसन्धान प्रश्नहरू तयार गर्न तथा तथ्याङ्कहरू कसरी व्यवस्थित र विश्लेषण गर्ने भन्नेबारेमा जानकार हुनेछन् ।

**सामग्री :**

- पावर पोइन्ट प्रस्तुतिहरू र/वा फ्लिप चार्ट
- एलसीडी प्रोजेक्टर
- मार्करहरू

**प्रकृया :**

१. यस सत्रका सिकाइ उपलब्धिबारे बताउनुहोस् ।
२. विकास सहयोगमा जन-अनुसन्धान सञ्चालनका चरणहरूबारे छलफल गर्नुहोस् ।

**विकास सहयोगमा जन-अनुसन्धान सञ्चालनका सात चरणहरू**

०१ अनुसन्धान समस्या तर्जुमा गर्नुहोस्
०२ तथ्याङ्कका स्रोतहरूको पहिचान तथा तथ्याङ्क सङ्कलन प्रकृया पहिचान गर्नुहोस्
०३ अनुसन्धानका उद्देश्यहरू तय गर्नुहोस्
०४ उचित अनुसन्धान रणनीति र दृष्टिकोण पहिचान गर्नुहोस्
०५ तथ्याङ्कको प्रशोधन र विश्लेषण गर्नुहोस्
०६ अनुसन्धान प्रतिवेदन तयार गर्नुहोस्
०७ अनुसन्धान प्रकृयाको मूल्याङ्कन गर्नुहोस्

# क) विकास सहयोगमा जन-अनुसन्धान सञ्चालनका सात चरणहरू

## चरण १

## अनुसन्धान समस्या तर्जुमा गर्नुहोस्

विकास सहयोगका लागि जन-अनुसन्धान गर्दा अनुसन्धानको समस्या (जुन जनसाधारणका चासोका विषयहरू हुन्) पहिचान गर्न सक्षम हुनुपर्दछ । यसअन्तर्गत सहायता नीति र परियोजनाहरू तथा तिनीहरूको मानवअधिकार, सामाजिक कल्याण, गरिबी, लैङ्गिक समानता र वातावरणीय सन्तुलनमा प्रभाव आदि पक्षहरू पर्दछन् । अनुसन्धानको अवधारणा र यसको दायरालाई समस्याको पहिचान अघि नै परिभाषित गर्नुपर्दछ । समस्या तर्जुमाका चरणहरू तल उल्लेख गरिए अनुरूप हुन्छन् :

१. **अवधारणा** : अनुसन्धानको अवधारणाले कुनै विषयमा व्यापक विचारहरू र अनुसन्धानको सम्भावित शीर्षक चयन गर्ने कार्य समेतलाई समेट्छ । परम्परागत रूपमा अनुसन्धानकर्ताले आफ्नै दृष्टिकोणहरूका आधारमा सम्भावित शीर्षकहरूको पहिचान गर्दछन् । विकास सहयोगसम्बन्धी जन-अनुसन्धानमा छनौट गरिएका विषयहरूले विकास प्रभावकारितामा जनताको चासोलाई प्रतिबिम्बित गर्नुपर्दछ । तलका प्रश्नहरूले अनुसन्धान समस्याहरूको अवधारणा निमार्णमा सहयोग गर्नसक्छ :

- सरकारहरू/अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू/निजी क्षेत्रद्वारा लगाइएका विद्यमान सहायता नीतिहरू के के हुन् ?
- यस्ता नितिहरूले जनता (समुदाय, क्षेत्र वा अन्य सिमान्तकृत समूह) र समाजलाई कसरी प्रभाव पार्छन् ?

२. **अनुसन्धान दायराको वर्णन** : सहायता र विकाससम्बन्धी पहिचान गरिएका विषयहरू अनुसन्धानका लागि धेरै व्यापक हुन सक्दछन्, त्यसैले अनुसन्धान समस्या तर्जुमा गर्न यसको दायराको वर्णन गर्नु आवश्यक छ । अनुसन्धानकर्ताले अनुसन्धानको दायरा वर्णन गर्ने कार्य निम्न अनुरूप गर्नसक्छ :

- अनुसन्धानको तह/स्तरको पहिचान (अन्तर्राष्ट्रिय, राष्ट्रिय वा स्थानीय)
- अनुसन्धानको भौगोलिक दायराको पहिचान र/वा समावेश वर्ष/महिना
- पहिचान गरिएको मुख्य समस्याको उप-शीर्षकहरू वा विषयहरू
- शोध अन्तरहरू पहिचान गर्न अघिल्लो अध्ययन र अनुसन्धानहरूको समीक्षा, जसले सम्भावित अनुसन्धान जिज्ञासाको रूपमा काम गर्न सक्छन्
- विकास सहयोगको प्रकारहरूको पहिचान
- समय, स्रोत तथा अनुसन्धानकर्ताको क्षमताका आधारमा अनुसन्धानको सम्भाव्यताको आँकलन ।

विकास सहयोगमा अनुसन्धानको कुरा गर्दा विभिन्न विषयहरू विशेषगरि प्रजातान्त्रिक स्वामित्व, सार्वभौमिकता, मानव अधिकार, स्वास्थ्य, श्रम वा महिलाको विषयहरू मनमा आउन सक्छ । यसैगरि, कस्तो प्रकारको सहायताको अध्ययन/निरीक्षण भइरहेको छ भन्ने सवाल पनि महत्वपूर्ण छ किनकि सहायता आधिकारिक विकास सहयोगको रूपमा मात्र आउँदैनन् ।

३. **अनुसन्धान समस्याको तर्जुमा** : अनुसन्धान समस्या एक प्रश्न हो जसले शीर्षक, विषयवस्तु वा अध्ययन गरिने पक्षहरूलाई प्रतिबिम्बित गर्दछ । तलका प्रश्नहरू अनुसन्धान समस्या तर्जुमा गर्नका लागि मार्गनिर्देशनका रूपमा प्रयोग गर्न सकिन्छ :

- के समस्या जनताको विकाससँग सान्दर्भिक र प्रतिकृयाशील छ ?
- के यो स्पष्ट (पहिले प्राथमिक समस्या र त्यसपछि सहायक) छ ?
- के यो अनुसन्धान गर्न सकिन्छ ? के अनुसन्धानलाई सहयोग गर्न पर्याप्त मात्रामा सूचना र तथ्याङ्क उपलब्ध छन् ?
- समस्या कसरी उत्पन्न भयो ?
- समस्याका सम्बन्धमा अनुसन्धानको सान्दर्भिकता के/कस्तो छ ?

### विकास सहायतामा अनुसन्धान समस्या/शीर्षकका उदाहरणहरू

१. सहायताको सैन्यकरणले दिगो विकासको उपलब्धिलाई कसरी असर गर्दछ ?
२. आदिवासीहरूको अधिकारमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूद्वारा सहायता प्राप्त ऊर्जा परियोजनाहरूको प्रभावहरू के के हुन् ?
३. प्राविधिक सहयोगले सार्वजनिक सेवाहरूलाई कसरी निजीकरणसम्म पुऱ्याउन सक्छन् ?

चरण २

## अनुसन्धानको उद्देश्य तय गर्नुहोस् ।

जब अनुसन्धान गर्न खोजेको विषयको समस्या पहिचान गरिन्छ तब अनुसन्धानको उद्देश्य तय गर्नुपर्दछ । अनुसन्धानको लक्ष्यले अनुसन्धानको दायरा र सीमितता बताउँछ । यसले अनुसन्धानको महत्व र उद्देश्यमा पनि प्रकाश पार्दछ र सो अनुसन्धानबाट कुन जानकारी प्राप्त हुन्छ, अनि त्यो कहाँबाट आउँछ भन्ने कुरालाई प्रतिबिम्बित गर्दछ । अनुसन्धानको उद्देश्यले व्यापक रूपमा 'अनुसन्धानले के गर्न चाहन्छ?' भन्ने प्रश्नको जवाफ दिन्छ । अनुसन्धानका उद्देश्यलाई थप परिष्कृत गर्न र यसको  दायरा वर्णन गर्न सामान्य उद्देश्यलाई विशिष्ट उद्देश्यहरूमा विभाजन गर्न सकिन्छ । नागरिक समाजका संघ-संस्थासहायता अवलोकनको निम्ति जन-अनुसन्धान गर्दा अनुसन्धानका उद्देश्यहरूले लैङ्गिक समानता र महिला अधिकारका सन्दर्भमा मानवअधिकारमा आधारित दृष्टिकोण प्रयोग गरि नीतिहरू बुझ्ने र सो को सुधार गर्ने लक्ष्यमा योगदान गर्ने हुनुपर्दछ ।

### अनुसन्धान उद्देश्यका उदाहरणहरू

अनुसन्धानका सामान्य उद्देश्य : एसिया प्रशान्तमा दिगो विकासको प्राप्तिमा सहायताको सैन्यकरणका प्रभावको मूल्याङ्कन गर्ने ।

विशिष्ट अनुसन्धान उद्देश्यहरू :

१. यस क्षेत्रमा प्रवाह हुने सैन्य सहायताको स्रोत र मात्रा निर्धारित गर्ने ,
२. सहायतामा भइरहेको सैन्यकरणका अन्य विधिहरूको पहिचान गर्ने ,
३. सहायताको सैन्यकरणले कसरी दिगो विकास लक्ष्य प्राप्तिमा प्रभाव पार्दछ (सहायता वितरणको प्रतिस्पर्धात्मक सर्त र यसले दिगो विकास लक्ष्यहरू, विशेष गरि दिगो विकास लक्ष्य ५ र १६ को कार्यान्वयनमा कसरी बाधा सिर्जना गर्दछ वा सहज बनाउँछ भन्ने सन्दर्भमा) भन्ने कुराको व्याख्या/विश्लेषण गर्ने ।

चरण ३

## उपयुक्त अनुसन्धान रणनीति र दृष्टिकोणको पहिचान गर्नुहोस् ।

जब अनुसन्धान समस्या र उद्देश्यहरूको पहिचान हुन्छ त्यसपछिको चरणमा अनुसन्धानको रणनीतिक दृष्टिकोण पहिचान गर्नुपर्दछ । यो निर्धारण गर्दा अघिल्ला अनुसन्धानहरू कसरी सम्पन्न गरिएका थिए भन्ने कुराको अध्ययनले यस प्रकृयामा सहजता ल्याउन सक्छ । अनुसन्धानमा प्रयोग हुने रणनीति र दृष्टिकोणले अनुसन्धानको उद्देश्य प्रतिबिम्बित गर्नुपर्दछ । अनुसन्धाकर्ताले नागरिक समाजका संघ-संस्था सहायता अवलोकनको लागि अनुसन्धान गर्दा फरक वा मिश्रित रणनीति र दृष्टिकोणहरूको प्रयोग गर्न सक्दछन् ।

### रणनीति र दृष्टिकोणहरू

१. **परिमाणात्मक अनुसन्धान (Quantitative Research:** परिमाणात्मक अनुसन्धान एक रणनीति हो जहाँ तथ्याङ्कीय विधिको प्रयोग मार्फत सङ्ख्यात्मक तथ्याङ्क सङ्कलन र विश्लेषण गरि निष्कर्ष निकालिन्छ । सहायता र विकास सहयोग अनुसन्धानमा विभिन्न पक्षहरू जस्तै, निश्चित समयको लागि निश्चित दाताले प्रदान गरेको सहायताको मात्रा, परियोजना अन्तर्गत लाभार्थीको सङ्ख्या, आधिकारिक विकास सहयोग सहयोग रहेका पूर्वाधार परियोजनाले विस्थापित भएका मानिसहरूको सङ्ख्या आदि समावेश हुन सक्दछन् । यसभित्र व्यक्ति वा समूहहरूको सहायता र विकास सहयोगसँग सम्बन्धित विचार तथा अनुभव सङ्कलन पनि समेटिन सक्छन् ।

   परिमाणात्मक प्रकृतिको अनुसन्धान दृष्टिकोणमा साङ्ख्यिकीय डेटाबेस धेरै उपयोगी छ । सूचना एवम् तथ्याङ्क सङ्कलन गर्ने अर्को तरिका भनेको सर्वेक्षणहरूको प्रयोग हो जसमा संरचनात्मक (structured) प्रश्नहरू अन्तवार्ता वा उत्तरदातासँग प्रश्नावलीको रूपमा पुऱ्याइन्छ । सर्वेक्षणहरूले अनियमित नमुना (Random sample) वा उत्तरदाताहरूको प्रतिनिधिमूलक नमुना प्रयोग गर्दछन् । जसले ठूलो जनसङ्ख्याको प्रतिनिधित्व गर्दछ । अर्थतन्त्र, रोजगारी, वैदेशिक सम्बन्ध जस्ता क्षेत्रहरूमा परिमाणात्मक अनुसन्धानको मान भनेको विकास सूचकहरूमा यसको प्रयोग हो जुन आर्थिक वृद्धि, मानवअधिकार वा गरिवीमा छोटो र दिर्घकालिन प्रवृत्तिहरू मापनका लागि प्रयोग गर्न सकिन्छ ।

२. **परिमाणात्मक अनुसन्धान**को ठीक विपरीत गुणात्मक अनुसन्धान (Qualitative Research) एक रणनीति हो जहाँ सङ्ख्यात्मक तथ्याङ्कको सट्टा अनुसन्धाकर्ताहरूले पाठ्य सामग्री वा कथा (प्रतिवेदन, लेख आदि) हरूबाट सूचना सङ्कलन, विश्लेषण र निष्कर्ष निकाल्ने कार्य हुन्छ। सहायता र विकास सहयोगमा अनुसन्धानको सन्दर्भमा यो तथ्याङ्क अनुदान प्राप्त परियोजनाहरूको प्रभाव क्षेत्रका मानिसहरूका अनुभवहरू (कहानी वा उनीहरूसँगको साक्षात्कारको परिणामका रूपमा) हुन सक्दछन्। सहायता र विकास सहयोगमा संलग्न व्यक्ति वा संस्थाहरूद्वारा निर्मित नीतिबाट पनि तथ्याङ्क वा सूचना प्राप्त हुन सक्दछ।

३. **सहभागितामूलक अनुसन्धान (Participatory Research)** एक त्यस्तो रणनीति हो जस अन्तर्गत अनुसन्धानका केही भागहरू वा सम्पूर्ण प्रकृयामा अनुसन्धानका सहभागीहरूलाई प्रत्यक्ष सामेल गरिन्छ। यसको अर्थ के भने अनुसन्धानकर्ताहरू सहभागीहरूसँग निरन्तर अन्तरकृयामा रहन्छन् र उनीहरूसँगै रहेर उनीहरूका दैनिक कृयाकलापहरूमा सामेल हुन्छन्। यो दृष्टिकोण प्राय : वकालत गर्नेहरूले प्रयोग गर्दछन्, जसले जोखिममा रहेका समूहहरूका आवाज र सुझावहरूलाई प्रत्यक्ष अनुसन्धानमा समेटेर सहयोग गर्न चाहान्छन्।

यद्यपि अनुसन्धान रणनीति एकल वा मिश्रित जुनरूपमा पनि प्रयोग हुन सक्छ तर पनि नागरिक समाजका संघ-संस्था सहायता अवलोकनका लागि गरिने अनुसन्धानले अक्सर आलोचनात्मक दृष्टिकोण अपनाउँछ, जसले सहायता नीति वा परियोजनाका धेरै पक्ष वा अवयवहरूको विश्लेषण गर्दछ। यस दृष्टिकोणले निम्न पक्षहरूको वर्णन, विश्लेषण र मूल्याङ्कन गर्दछ :

- नीति/परियोजनाले कुन समस्याहरू सम्बोधन गर्ने उद्देश्य राख्दछ ?
- नीति/परियोजनाका लक्ष्य र उद्देश्य के हुन् ?
- समस्या सम्बोधनका निम्ति विकासित प्रकृयाहरूका अन्तरनिहित मूल्य र मान्यता के हुन् ?
- नीति/परियोजनाहरू वास्तवमा कसरी कार्यान्वयन भएका थिए ?
- नीति/परियोजनाहरूको कार्यान्वयनबाट कसलाई फाइदा हुन्छ ?
- नीति/परियोजनामा उल्लेख भएका उद्देश्यहरू सम्बोधन गर्न कार्यान्वयन प्रकृया कत्तिको प्रभावकारी भएको छ ?
- नीति/परियोजनाका लक्ष्य र कार्यान्वयनका बीच कुनै अन्तरहरू छन् ?
- समग्रमा नीति/परियोजना कत्तिको व्यवहारिक र प्रभावकारी भएको छ ?

नीति र परियोजनाहरूको आलोचनात्मक विश्लेषणले एक विशिष्ट सन्दर्भमा परियोजना वा नीति सम्भव भए/नभएको मूल्याङ्कन गर्दछ। यसले वैकल्पिक नीति/परियोजना वा कार्यान्वयन प्रकृयाहरूतर्फ पनि प्रभाव पार्दछ। यस प्रकारको आलोचनात्मक दृष्टिकोणको प्रयोग गर्दा जुन ऐतिहासिक, सामाजिक वा राजनीतिक परिवेशमा सम्बन्धित नीति वा परियोजना विकसित र कार्यान्वयन भएको थियो त्यसलाई पनि ध्यान दिइन्छ।

यो दृष्टिकोण विकास सहयोग अनुसन्धानमा सबैभन्दा उपयोगी छ किनकि यसले सहयोग नीति र परियोजनाहरूको कार्यान्वयनमा उद्देश्य, विषयवस्तु, धारणा, प्रभावहरू र सूक्ष्मताको गहन बुझाइ प्रदान गर्दछ। यो दृष्टिकोण सामान्यतया नीति/परियोजना कार्यान्वयनको मूल्याङ्कन र यसको प्रभावमा मिश्रित हुन्छ जहाँ विशेष विकास सहयोग नीति वा कार्यक्रमहरूको कार्यान्वयन र त्यसका प्रभावहरूको विभिन्न स्तर (समुदाय, क्षेत्र, राष्ट्रिय र अन्तर्राष्ट्रिय) मा कार्यान्वयन गरिन्छ। यसैगरि घटना अध्ययन (Case studies) प्राय : सहायता नीति र परियोजनाहरूको प्रभाव चित्रण गर्न प्रयोग गरिन्छ।

## चरण ४

## तथ्याङ्कको स्रोत र तथ्याङ्क सङ्कलन प्रकृया पहिचान गर्नुहोस्।

प्राथमिक र सहायक दुवै स्रोतबाट तथ्याङ्क प्राप्त हुन्छन्। सूचनाको स्रोतले निम्न पक्षलाई समेट्छ :

- **प्राथमिक स्रोत** : सर्वेक्षण, लक्षित समूह छलफल (FGDs), अन्तरवार्ता।
- **सहायक स्रोत** : नीतिगत दस्तावेज, सम्झौता, सन्धिहरू, सहायतासम्बन्धी जानकारी, नागरिक समाजका संघ-संस्था तथा अन्य संस्थाहरूले विकास सहयोग सम्बन्धमा गरेका अनुगमन अभिलेखहरू, सञ्चार क्षेत्रबाट प्राप्त हुने जानकारी, सरकारी तथ्याङ्क आदि।

सामान्यतया अनुसन्धान विधिहरूलाई परिमाणात्मक

र /वा गुणात्मक विधिहरूमा विभाजन गर्न सकिन्छ। परिमाणात्मक र गुणात्मक दुवै विधिहरू नागरिक समाजका संघ-संस्था सहायता अवलोकनको विश्लेषण तथा आगामी मार्गका बारेमा जानकारी दिन जन-अनुसन्धान कार्य सञ्चालनमा उपयोगी छन्।

- **परिमाणात्मक विधि** : परिमाणात्मक विधिले सामाजिक आचरण तथा घटना बुझ्ने तथ्याङ्क र सम्भाव्यताको प्रयोग गर्दछ। यसका उदाहरणहरूमा सर्वेक्षण, जनगणना र सहायक साङ्ख्यिकीय तथ्याङ्कको प्रशोधन पर्दछन्। यी परिमाणात्मक विधिको प्रयोग नीतिगत अनुसन्धानमा व्यापक रूपमा गरिन्छ। नागरिक समाज संस्था सहायता अवलोकनको लागि परिमाणात्मक विधिहरूले विकास, मानव अधिकार, सामाजिक समानता र लैङ्गिक समानताका सूचीहरूलाई हेर्नुपर्छ। केही आर्थिक सूचकहरूमा गरिबी घटाउने, बेरोजगारीका साथै धनी र गरिब बीचको आय अन्तर जस्ता पक्षहरू पनि पर्दछन्।

- **गुणात्मक विधि** : गुणात्मक विधिले 'किन' र 'कसरी', के मा मात्र हैन, 'कहाँ' र 'कहिले' सामाजिक घटना भयो भन्ने कुराको सोधखोज गर्दछ। यसका उदाहरणहरूमा अन्तरवार्ता, एथ्नोग्राफी (सहभागी अवलोकन), लक्षित समूह छलफल, प्रकृया अभिलेखिकरण आदि पर्दछन्। सहायता र विकास प्रभावकारितामा जन-अनुसन्धान सञ्चालनले इतिहास र कुनै विशेष सहायता नीतिको विकास वा विकास कार्यक्रमलाई नियाल्छ र यसले सामाजिक विकासलाई कसरी प्रभाव पार्दछ भनेर समेत अध्ययन गर्दछ।

**चरण ५**

## तथ्याङ्कको प्रशोधन र विश्लेषण गर्नुहोस्।

तथ्याङ्कको प्रशोधन र विश्लेषण अनुसन्धानमा प्रयोग विधि अनुसार फरक पर्दछ।

- **परिमाणात्मक तथ्याङ्क** : परिमाणात्मक विधिहरूका लागि तथ्याङ्कीय सफ्टवेयर जस्तै - एक्सेल (Excel) र एसपएसएस (SPSS) को साथै विभिन्न तथ्याङ्कीय मापन विधिको प्रयोग गरि तथ्याङ्कको प्रशोधन र विश्लेषण गरिन्छ। यसका उदाहरणहरूमा क) साधारण वर्णनात्मक तथ्याङ्कहरू जस्तै : औसत, मध्य, रित, मानक विचलन, र ख) अनुमानात्मक तथ्याङ्क - जसले चरहरूबीचको सम्बन्ध देखाउँछ।

उदाहरणहरू :

- औसत आकार/लैङ्गिक सवालसँग सम्बन्धित पहलहरूमा आधिकारिक विकास सहयोगको विनियोजित सहयोग राशि,
- विषयगत क्षेत्रहरू जसमा सहायताको अत्यधिक मात्रा प्राप्त भयो,
- देशहरूलाई प्रदान गरिएको आधिकारिक विकास सहयोग राशि को प्रतिगमन विश्लेषण विरुद्ध गरिबी न्यूनीकरण वा बेरोजगारी

यहाँ के परिकल्पना गरिन्छ भने - यदि कुनै देशले आधिकारिक विकास सहयोग धेरै प्राप्त गर्दछ भने त्यसको मानव विकास बढ्ने सम्भावना हुन्छ। यो ध्यान दिनुस् कि - चर (variables) हरूमा आधिकारिक विकास सहयोग प्रवाह (यसको सूचक एक देशले प्राप्त गर्ने आधिकारिक विकास सहयोग राशि हो) र मानव विकास (गरिबी न्यूनीकरण, बेरोजगारी आदि सूचक हुन्) पर्दछन्।

- **गुणात्मक तथ्याङ्क** : गुणात्मक तथ्याङ्क प्रशोधन गर्न जटिल प्रकृतिको परिमाणात्मक विश्लेषण गर्नु जरुरी छैन। बरु, अन्तरवार्ता र तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएका अन्य विधिहरूको राम्रो अभिलेख, रेकर्ड र लेखन (transcript) गर्नुपर्दछ। तत्पश्चात तथ्याङ्कहरू मूलविषय र सहायक विषयहरू अनुसार समूहबद्ध हुन सक्छन्। मूलविषय र सहायक विषयहरू सुत्रवद्ध गरिएका अनुसन्धान उद्देश्यहरूबाट प्राप्त गर्न सकिन्छ। गुणात्मक तथ्याङ्क व्यवस्थापनका लागि केही सुझाव तल दिइएको छ :

- **वर्णनात्मक अनुसन्धानका लागि**
  - सामान्य वा साझा के छ, देखाउनुहोस् ,
  - तथ्याङ्कमा अन्तर के छ , देखाउनुहोस् ,
  - तथ्याङ्कका विशेषता वा अन्य पक्षहरू देखाउनुहोस् ,
  - निष्कर्ष वा सामान्यीकरण गर्नुहोस्।

- **व्याख्यात्मक अनुसन्धानका लागि**
  - फरक विषयहरूबीचको सम्बन्ध देखाउनुहोस् ,
  - सम्बन्धहरूको प्रवृत्ति देखाउनु होस् ,
  - सम्बन्धहरूलाई परिष्कृत गर्नुहोस् र कारण तथा प्रभाव देखाउनु होस् ,
  - भविष्यवाणी वा सामन्य अवलोकन गर्नुहोस्।

परिमाणात्मक तथा गुणात्मक तथ्याङ्कको नमुनाका लागि अनुसुची क हेर्नुहोस्

## विकास सहयोगको नीति तथा तथ्याङ्क विश्लेषणमा केही सल्लाह :

१. नीतिगत अभिलेखमा जे लेखिएको छ त्यसलाई त्यही रूपमा नलिनुहोस् (उदाहरणका लागि संयुक्त राष्ट्रसंघका अभिलेख, सरकारका स्थिति पत्रहरू आदि)। यसका लागि निर्देशनात्मक नोटहरू विश्लेषण गर्न सकिन्छ र साँचो अभिप्रायको पर्दाफास गर्न विकासमा संलग्नहरूका कार्यसँग तुलना गर्न सकिन्छ।
२. नीति कागजातमा प्रयोग भएको भाषा र अवधारणा बुझ्ने प्रयास गर्नुहोस्। के यी नीतिहरूले उनीहरूले दाबी गरेजस्तै प्रजातान्त्रिक स्वामित्व र प्रशासनलाई बढवा दिन्छन् ?
३. त्यसमा के छ भन्ने जत्तिकै महत्वपूर्ण के हराइरहेको छ ? भन्ने कुरा पनि त्यत्तिकै याद राख्नुहोस्।
४. नीतिको घोषित मनसायलाई वास्तविक प्रभावका साथ तुलना गर्नुहोस्। के यो अभिप्रायले जनताको रुचीहरूलाई प्रतिविम्वित गर्दछ ? के वास्तविक प्रभावले मानिसका रुचिहरू पुरा गर्ने गरि परिणाम दियो त ?
५. कसरी भिन्न देशहरूमा समान नीतिहरू मस्यौदा वा कार्यान्वयन भइरहेका छन् वा समान अन्तर्राष्ट्रिय नीति दुई फरक-फरक परिवेशमा लागू भइरहेका छन् ? भन्ने जस्ता पक्षहरूको तुलना गर्नुहोस्।
६. नीतिको पछाडि कस्तो राजनीति छ पत्ता लगाउनुहोस्। यसका लागि कसले धकेल्दै छ ? किन ? कसका लागि? भन्ने कुराको गहिरोसँग अध्ययन गर्नुहोस्।
७. विकल्प प्रस्ताव गर्नुहोस्। जब कुनै नीतिभित्र त्रुटि पहिचान भई बाहिर आयो त्यतिबेला नागरिक समाज का संघ-संस्थाहरूले जनताका रुचि अनुरूप विकल्प वा सुझाव दिनु महत्वपूर्ण हुन आउँछ।

**चरण ६**

## अनुसन्धान प्रतिवेदन तयार गर्नुहोस्।

**शुद्धता** : सहायता अवलोकन लगायत कुनै पनि विकास कार्य सम्बन्धमा लेख्न सही जानकारीको आवश्यकता पर्दछ किनकि यसले अनुसन्धान गर्ने नागरिक समाजका संघ-संस्थालाई यसको अध्ययनको विश्वसनीयतालाई बढवा दिन्छ। गलत जानकारीले भविष्यका योजनाहरू, चरणहरू, उपक्रमहरू र सम्भावित सुझाव वा सिफारिसलाई पनि नकारात्मक प्रभाव पार्दछ।

**अनुक्रम** : लेखनका क्रममा जानकारी र विश्लेषणलाई एक सरल एवम् तार्किक अनुक्रममा पेश गर्नुपर्दछ। लेखकहरूले जटिल तरिकाले प्रतिवेदन लेखेर यसलाई अस्पष्ट पार्नु हुँदैन। प्रतिवेदनलाई सरल रूपमा प्रस्तुत गर्नु तर सरलता बनाउने नाममा कम सूचना भएको पनि नहोस् भनी सजगता अपनाउनु पर्ने नै यसको चुनौती हो।

**कल्पना/रचनात्मकता:** विचार र तर्क प्रस्तुत गर्न आफ्नो कल्पनाहरू वा रचनात्मक क्षमताको प्रयोग गर्नुहोस्। कहिलेकाहीँ लेखन शैलीले त्यसका पाठकलाई असर गर्दछ। यद्यपि विकास सहयोगमा धेरैजसो अनुसन्धानहरू मानवअधिकार, दिगो विकास र समानता जस्ता विषयवस्तुमा गरिन्छन् तर पनि जन-अनुसन्धानहरूले नीरस तथा पट्यारलाग्दो प्रतिवेदन तयार पार्नु हुँदैन।

**अनुसन्धान परिणामको प्रतिवेदन लेखनलाई लोकप्रियताका लागि लेखिने लेखनसँग भिन्न गर्नुहोस्** : अनुसन्धान प्रतिवेदन लेख्नु भनेको अध्ययनको प्रकृया, निष्कर्ष वा परिणाम र प्रभावहरूको राम्रोसँग व्याख्या गर्नु हो। लोकप्रियताका लागि लेख्न सजिलो छ। यस लेखनको मुख्यतया अन्वेषण र विश्लेषणमा केन्द्रित र प्राथमिक रूपमा सर्वसाधारणहरूलाई सूचित गर्ने लक्ष्य रहेको हुन्छ। पहिलोमा पाठक वा स्रोता विकास सहयोगसँग सम्बन्धित शब्दावलीसँग परिचित हुनसक्ने भएकाले अनुसन्धानकर्ताहरू सहायता अवलोकनसँग सम्बन्धित शब्दावली प्रयोग गर्न स्वतन्त्र छन्। अर्कोतर्फ लोकप्रियताका लागि लेखिने लेखनले यो कुरा सुनिश्चित गर्नुपर्दछ कि शब्द र अवधारणाहरूलाई सरल भाषामा व्याख्या गरिएको छ ताकि विकास सहयोगसँग अपरिचित व्यक्तिहरूले पनि सजिलै बुझ्न सकुन्।

**चरण ७**

## अनुसन्धान प्रकृयाको मूल्याङ्कन गर्नुहोस्।

अनुसन्धान र प्रकृयाको मूल्याङ्कन गर्दा हेर्ने भनेको भनेको १) प्रजातान्त्रिक स्वामित्व र विकास प्रभावकारिता प्रवर्धनमा नागरिक समाजका संघ-संस्थाको लक्ष्य र हस्तक्षेपका सन्दर्भमा अनुसन्धानको प्रभाव २) अनुसन्धानकर्ताद्वारा कसरी अनुसन्धान भएको थियो भन्ने कुरा हेर्नु हो। यसमार्फत विकास सहयोग, त्यसमा पनि विशेषगरि जनताको विकासका लागि र ज्ञान उत्पादन प्रकृयाका प्रगतिका सन्दर्भमा उनीहरूको अनुसन्धान प्रयासको योगदान मूल्याङ्कन गर्न समूहहरू सक्षम हुन्छन्। अनुसन्धान र प्रकृयाको मूल्याङ्कन गर्न अनुसन्धानकर्ताहरूले निम्न प्रश्न सोध्छन् :

- के अनुसन्धानले यसको उद्देश्य हासिल गऱ्यो ? के अनुसन्धानले अन्ततः जनताको रुचि अनुरूप कार्य गऱ्यो?
- अनुसन्धान कार्यका सवल र दुर्वल पक्षहरू के के हुन् ?
- अनुसन्धान कार्यमा के कस्ता अप्ठेरोको सामना गर्नुपऱ्यो ? तिनीहरूलाई कसरी पार गरियो ?
- के अनुसन्धानले नागरिक समाज संस्थाहरूको विकास प्रभावकारिताका साथै नयाँ नीतिहरूको प्रजातान्त्रिक स्वामित्वमा योगदान गऱ्यो ?

## खण्ड ०३

# तथ्याङ्कको स्रोत र व्यवस्थापन

### यस खण्डको उद्देश्य

१. सहभागीहरूलाई खुला तथ्याङ्क (Open Data) को महत्व बुझ्न सहयोग गर्ने ।

२. सहभागीहरूलाई तथ्याङ्क व्यवस्थापनका अवधारणा र सिद्धान्तहरू बुझ्न सक्षम तुल्याउने ।

३. विभिन्न प्रकारका तथ्याङ्क अन्वेषण र ती कहाँबाट प्राप्त गर्न सकिन्छ भन्ने बारेमा सहभागीहरूलाई सहयोग गर्ने ।

**निर्धारित समयः न्यूनतम तीन घण्टा**

सन् २०११ को बुसान साझेदारीमा प्रभावकारी विकास सहयोगका सिद्धान्तहरू अभिव्यक्त भएसँगै नागरिक समाजका संघ-संस्थाले सरोकारवालाहरूलाई यी सिद्धान्तहरूको प्रतिबद्धताप्रति उत्तरदायी रहन पैरवी गरिरहेका छन् । जवाफदेहिताका निम्ति पैरवीको हिस्साले सरकार र विकास कार्यमा संलग्न संस्थाहरूसँग कार्य गर्ने क्रममा तथ्यहरूलाई स्थापित गर्न, सुझावहरू तय गर्न, नीतिगत स्थिति तय गर्न प्रभावकारी रूपमा अनुसन्धानबाट प्राप्त तथ्याङ्क प्रयोग गरिरहेको छ ।

सन् २०१९ मा रियालिटी अफ एड-एसिया प्रशान्तले एक अनुसन्धान सार्वजनिक गऱ्यो जसले एसियाली विकास बैंकको रणनीति-२०३० को कार्यान्वयन सम्बन्धमा विकास प्रभावकारिताका सिद्धान्तहरूप्रतिको प्रतिबद्धताको मूल्याङ्कन गरेको थियो । अनुसन्धानले सिद्धान्तहरूमा बैंकको प्रतिबद्धतामा गम्भीर उल्लङ्घन गरेको देखायो : परिणाममा केन्द्रित, लोकतान्त्रिक स्वामित्व, समावेशी साझेदारी, पारदर्शिता र जवाफदेहिता, यसको आर्थिक नीतिका कारण गरिबीको अवस्था अझै बिग्रेको, वातावरणीय विनाश, ऋणको भार र स्रोतसाधनको व्यापारिक कब्जाका साथै मानवअधिकारको उल्लङ्घनमा जवाफदेहिताको कमी जस्ता मुद्दाहरू यसका नीति तथा परियोजनाका कारण सिर्जना भएको देखायो । प्रभावकारी विकास सहयोगका सिद्धान्तहरूमा एसियाली विकास बैंकको गैर-प्रतिबद्धता स्थापित गर्न सङ्कलित तथ्याङ्क प्रयोग गरिसकेपछि प्रतिवेदनले बैंकको प्रशासन, आर्थिक नीति निर्देशन, कार्यान्वयन प्रकृया र प्रभावकारी विकास सहयोगप्रतिको प्रतिबद्धता कार्यान्वयन गर्न यसको जवाफदेहिता संयन्त्रमा सुधार गर्न सिफारिस गऱ्यो । यस प्रतिवेदनको निष्कर्ष एसियाली विकास बैंकको ५२ औं र ५३ औं वार्षिक गभर्नर बैठक (AGM) छलफल र बहसमा प्रयोग गरिएको थियो ।

माथिको परिदृष्यले किन धेरै नागरिक समाज संस्थाहरू रणनीति, सिफारिस/सुझाव र नीतिगत स्थिति सूचित गर्न तथ्याङ्कमा भर पर्दछन् भन्ने देखाउँछ । यो खण्डले तथ्याङ्क व्यवस्थापनसँग सम्बन्धित महत्व र चुनौतीहरूको साथसाथै विकास प्रभावकारिताको सन्दर्भमा नागरिकहरूको मुख्य जानकारीमा पहुँच छ कि छैन भन्नेबारे छलफल गर्नेछ ।

यो खण्ड दुई खण्डहरू र एक कृयाकलाप मिलेर बनेको छ :

## सत्र ३.१.

### खुला तथ्याङ्क (Open Data) र तथ्याङ्क व्यवस्थापनका सिद्धान्तहरूको अपेक्षित परिणाम

यसले खुला तथ्याङ्कका स्रोतहरूको महत्वबारे छलफल गर्दछ ; खासगरि तथ्याङ्क व्यवस्थापनको सम्बन्धमा पारदर्शिता, पहुँच र विश्वसनीयताका मूल सिद्धान्तहरू, तथ्याङ्कको सुरक्षा, गोपनीयता र यससम्बन्धी चुनौतीहरू आदि ।

## सत्र ३.२.

### नागरिक समाजका संघ-संस्थाहरूको सहायताका लागि तथ्याङ्कका प्रकार तथा स्रोतहरू

यसले सान्दर्भिक तथ्याङ्कको प्रकारहरूको रूपरेखा तय गर्दछ जुन नागरिक समाजका संघ-संस्थाहरू सहायता अवलोकनका लागि प्रयोग गर्न सकिन्छ र तिनीहरू कहाँ प्राप्त गर्न सकिन्छ भन्ने छलफल गर्दछ ।

## क्रियाकलाप २.

### सहायता अवलोकनका लागि अनुसन्धान ढाँचा

एक अनुसन्धान ढाँचाको मस्यौदाद्वारा सहभागीहरूले अघिल्ला सत्रहरूमा सिकेका ज्ञान र सिप प्रस्तुत गर्छन् ।

# सत्र ३.१.

# खुला तथ्याङ्क र तथ्याङ्क व्यवस्थापन सिद्धान्तहरूको अपेक्षित परिणाम

**अपेक्षित परिणाम :**

यस सत्रको अन्त्यमा सहभागीहरू :

१. खुला तथ्याङ्कको अर्थ र अवधारणाबारे परिचित हुनेछन् ।
२. विकास प्रभावकारितासँग सम्बन्धित सूचनामाथि पहुँचको महत्वबारे बुझ्न सक्षम हुनेछन् ।
३. तथ्याङ्क व्यवस्थापनका विभिन्न सिद्धान्तहरूबारे परिचित हुनेछन् ।
४. उनीहरूको कार्यमा तथ्याङ्कको गोपनीयता वा सुरक्षा चुनौतीहरू पहिचान गर्न सक्षम हुनेछन् ।

**सामग्री :**

- पावर पोइन्ट प्रस्तुतिहरू र/वा फ्लिप चार्ट
- एलसीडी प्रोजेक्टर
- मार्करहरू

**प्रकृया :**

१. यस सत्रका सिकाइ उपलब्धिबारे बताउनुहोस् ।
२. तथ्याङ्क, खुला तथ्याङ्क र तथ्याङ्क व्यवस्थापनका सिद्धान्तबारे छलफल गर्नुहोस् ।

## १) तथ्याङ्क के हो ?

सरल अर्थमा तथ्याङ्क भन्नाले तथ्यगत सूचनाका छुट्टाछुट्टै टुक्राहरू हुन् जसलाई अनुसन्धान र विश्लेषणका लागि अभिलेखन र प्रयोग गरिन्छ । तथ्याङ्क सङ्ख्या वा अक्षर (पाठ)को रूपमा हुन सक्छ जसलाई दृष्य उपकरकणहरू जस्तै तालिका, ग्राफ वा चार्टहरूको प्रयोग गरि समूहबद्ध गरिएको हुन्छ ।

नागरिक समाज संस्था अवलोकनमा सहायता र विकास सहयोगका साथै यसमा पहुँचताको लागि तथ्याङ्क महत्वपूर्ण हुन्छ किनकि यी विकास सहयोगको प्रभाव र प्रभावकारिताको अन्वेषणको सुरुवाती बिन्दुहरू हुन् ।

[17] Robert Merton introduced four norms used in scientific research:
- Communalism - scientific knowledge is a resource to be shared regardless of which individual scientists produced which particular bits of knowledge
- Universalism - the important issue for scientists is the content of claims about the phenomena being studied, not the particulars about the people making those claims
- Disinterestedness - scientific research is done to advance science, not personal interests
- Organized scepticism - scientific claims should be exposed to critical scrutiny before being accepted

## २) खुला तथ्याङ्क के हो ?

खुला तथ्याङ्क एक त्यस्तो अवधारणा हो जसले निश्चित तथ्याङ्क प्रतिलिपि अधिकार, प्याटेन्ट वा नियन्त्रण वा अन्य संयन्त्रहरूको प्रतिबन्ध विना सबैले प्रयोग, हेरफेर गर्न र उनीहरूले चाहेअनुसार प्रकाशन गर्न स्वतन्त्र रूपमा उपलब्ध हुनुपर्छ भन्ने मान्यता राख्दछ खुला तथ्याङ्क अभियानका लक्ष्यहरू अन्य खुला अभियानहरू जस्तैः खुला स्रोत, खुला हार्डवेयर, खुला सामग्री, खुला पहुँच आदि छन् ।

खुला तथ्याङ्क भन्ने शब्द पहिलो पटक सन् १९९० को दशकमा देखा पऱ्यो तर पनि यस पछाडिको दर्शन वैज्ञानिक अनुसन्धानको क्षेत्रमा लामो समयदेखि स्थापित भइसकेको छ । उदाहरणका लागि सन् १९४० मा रोबर्ट मर्टन (Robert Merton) (जुन पछि मर्टनीयन मान्यताका रूपमा चिनियो)[17] ले वैज्ञानिक अनुसन्धानमा साम्प्रदायिकता (Communalism) को मान्यतालाई अगाडि सारे । जसअनुसार वैज्ञानिक ज्ञान साझा हुनु पर्दछ र यसलाई विभिन्न समूहबीच बाँड्नु पर्दछ भन्ने मान्यता राखिन्छ ।

खुला तथ्याङ्कका पैरवीकर्ताहरूले वैज्ञानिक ज्ञानमा पहुँचको विस्तारका साथै आमजनतामा प्रभाव पार्ने विकास नीतिहरू र व्यवहारसम्बन्धी सूचनालाई समर्थन गर्दछन् । सन् २००४ मा आर्थिक सहयोग र विकास संस्थाका सबै राष्ट्रका विज्ञान मन्त्रीहरूले एक घोषणापत्रमा हस्ताक्षर गरे जसमा महत्व दिँदै भनिएको छ कि- सबै सार्वजनिक लगानीद्वारा सङ्ग्रहित तथ्याङ्कहरू सार्वजनिक रूपमा उपलब्ध गराइनु पर्दछ । अनुरोधका साथै सदस्य राष्ट्रका तथ्याङ्क उत्पादन गर्ने संस्थाहरूसँग गहन छलफल गरिसकेपछि २००७ मा सार्वजनिक कोषबाट संङ्ग्रहित तथ्याङ्कमा पहुँचका लागि आर्थिक सहयोग र विकास संस्थाले यसका सिद्धान्त र निर्देशिका प्रकाशित गरि यसलाई कमजोर कानुन (Soft Law) को रूपमा[१८] सिफारिस गऱ्यो ।

## क) खुला तथ्याङ्कका फाइदाहरू के के छन् ?

- पारदर्शिता र प्रजातान्त्रिक नियन्त्रण
- सहभागिता
- आत्म-सशक्तिकरण
- सरकारी सेवाको प्रभावकारितामा अभिवृद्धि
- नीतिहरूको प्रभाव मापन

## ख) खुला डाटाबेशका उदाहरणहरू

- युरोपियन कमिसनको खुला डेटाबेश पोर्टल : **https://data.europa.eu/euodp/en/home**
- विश्व बैंकको खुला तथ्याङ्क क्याटलग : **https://data.worldbank.org**
- संयुक्त राष्ट्रसङ्घ : **http://data.un.org**
- आर्थिक सहयोग र विकास संस्था **(OECD)** को स्टेट्स अफ फ्रजाइलिटी **http://www3.compareyourcountry.org/states-of-fragility/overview/0/**
- अन्तर्राष्ट्रिय मुद्राकोषको तथ्याङ्क : **https://www.imf.org/en/Data**
- अन्तर्राष्ट्रिय जवाफदेहिता परियोजनाको प्रारम्भिक चेतावनी प्रणाली : **https://ews.rightsindevelopment.org**
- वातावरण विज्ञान तथा प्रविधि संस्थाको वातावरणीय न्याय मानचित्र : **https://ejatlas.org**
- पब्लिस ह्वाट यु फण्ड्स एड ट्रान्सपरेन्सी इण्डेक्स **(Publish What You Fund's Aid Transparency Index) : https://www.publishwhatyoufund.org/the-index/2020/**
- रियालिटी अफ एडको नागरिक समाजका संघ-संस्था सहायता अवलोकन **https:// realityofaid.org/aid-observatorio/**




[18] Compared to "hard laws", "soft laws" are principles, declarations, and agreements that are not legally binding/cannot be enforced before a court.

## ग) अन्तर्राष्ट्रिय सहायता पारदर्शिता पहल (International Aid Transparency Initiative -IATI) भनेको के हो ?

अन्तर्राष्ट्रिय सहायता पारदर्शिता पहल एक स्वैच्छिक तथा बहु-सरोकारवाला पहल हो र यसले गरिबी निवारण कार्यमा यसको प्रभावकारिता बढाउन सहायताको पारदर्शितामा सुधार गर्ने प्रयास गर्दछ। अन्तर्राष्ट्रिय सहायता पारदर्शिता पहलले सहयोगको पारदर्शितामा सुधार गर्नका लागि सँगै काम गर्न प्रतिबद्ध दाता र विकासशील देशहरू तथा नागरिक समाजका संघ-संस्थाहरूलाई एकै ठाउँमा ल्याउँछ।

अन्तर्राष्ट्रिय सहायता पारदर्शिता पहल सन् २००८ मा आक्रामा सम्पन्न विकास प्रभावकारिता सम्बन्धी तेश्रो उच्चस्तरीय मञ्चमा सुरु गरिएको थियो र विशेषतः कार्यका लागि आक्रा एजेण्डा (Accra Agenda for Action) मा तय गरिएका पारदर्शितासम्बन्धी प्रतिबद्धता पुरा गर्नका लागि दाताहरूलाई सहयोग गर्न यसको डिजाइन गरिएको थियो। जुन निम्नअनुसार छन् :

- दाता देशहरूले सहयोग विनियोजनको मात्रा र उपलब्ध भएसम्म विकासशील देशहरूलाई अझ राम्रो बजेट, लेखा प्रणाली र लेखापरीक्षणलाई सक्षम बनाउने कार्यका लागि गरिएको विकास खर्चको परिणाम विस्तृत रूपमा, नियमित तथा समयमै सार्वजनिक गर्नेछन्।
- दाताहरू र विकासशील देशहरूले अन्तर्राष्ट्रिय सहायता पारदर्शिता पहलको डेटावेश परियोजना/कार्यक्रमहरूसँग सम्बन्धित सबै सर्तहरू नियमित रूपमा सार्वजनिक गर्नेछन्।
- दाताहरूले वार्षिक प्रतिबद्धताहरू र वास्तविक वितरणको बारेमा पूर्ण तथा समसामयिक जानकारी उपलब्ध गराउने छन् ताकि विकासशील देशहरूले उनीहरूको अनुमानित बजेट र लेखा प्रणालीमा सबै सहायता प्रवाहहरू यथार्थ रूपमा अभिलेखिकरण गर्न सकुन्।
- दाताहरूले विकासशील देशहरूलाई उनीहरूको "रोलिङ्ग" थ्री टु फाइव यर फरवार्ड (तीन देखी पाँच वर्ष अगाडी) (Rolling three to five year forward) खर्च र/वा सम्भव भएसम्म, कार्यान्वयन योजनाहरू र संभावित स्रोत विनियोजनको नियमित र समयमै जानकारी प्रदान गर्नेछन् ताकि विकासशील देशहरूले त्यसलाई उनीहरूका मध्यम-अवधिका योजना र वृहत आर्थिक ढाँचामा समावेश गर्न सकुन्। यस प्रकारको जानकारी प्रदान गर्न दाताहरूले कुनै पनि अवरोधहरूको सम्बोधन गर्नेछन्।

बुसानको सहायता प्रभावकारितासम्बन्धी चौथो उच्चस्तरीय सम्मेलनसम्म अन्तर्राष्ट्रिय सहायता पारदर्शिता पहलले पारदर्शिताको आधार तयार गर्न योगदान गऱ्यो। बुसान साझेदारी दस्तावेजमा अन्तर्राष्ट्रिय सहायता पारदर्शिता पहलको एक विशिष्ट सन्दर्भहरू समावेश गरिएको छ, जसले निम्न कुरालाई समर्थन गर्दछन् :

आर्थिक सहयोग र विकास संस्था-विकास सहयोग समितिको तथ्याङ्कगत एवम् अन्तर्राष्ट्रिय सहायता पारदर्शिता पहल र अन्यको पूरक प्रयासहरूलाई ध्यानमा राख्दै विकास सहयोगको माध्यमबाट प्रदान गरिएको स्रोतहरूका सम्बन्धमा सामयिक, विस्तृत एवम् अग्रगामी जानकारीको विद्युतीय प्रकाशनका लागि साझा र खुला मापदण्ड तयार गर्ने।
यो मानकले राष्ट्रिय आवश्यकता अनुरूप विकासशील देशहरू र गैर-राज्य विकास सहयोगीहरूको आवश्यकता पुरा गर्न जरुरी छ।
हामी यस मापदण्डमा सहमत हुनेछौं र यसलाई डिसेम्बर २०१५ भित्र पूर्ण कार्यान्वयन गर्ने लक्ष्यसहित कार्यान्वयनका लागि डिसेम्बर २०१२ भित्र सम्बन्धित तालिका प्रकाशित गर्नेछौं।

## ३) तथ्याङ्क व्यवस्थापन के हो ?

तथ्याङ्क व्यवस्थापनको अवधारणाको विकास सन् १९८० को दशकमा प्रविधिका अनुक्रमिक प्रकृया (sequential processing) बाट ऱ्याण्डम एक्सेस प्रोसेस (random access process) मा प्रवेश गरेसँगै भयो। ज्ञानको तथ्याङ्क व्यवस्थापन निकायका अनुसार तथ्याङ्क व्यवस्थापन भनेको विकास, कार्यान्वयन र योजना, नीति, कार्यक्रम र अभ्यासहरूको पर्यवेक्षण हो जसले तथ्याङ्क र सूचना सम्पत्तिको मूल्य नियन्त्रण, संरक्षण, वितरण र वृद्धि गर्दछ।

तथ्याङ्क व्यवस्थापन एक प्रशासकीय प्रकृया हो जसद्वारा तथ्याङ्क प्राप्त हुन्छ तिनको प्रमाणिकरण, भण्डारण र प्रशोधन गरिन्छ। यसका साथै यसद्वारा प्रयोगकर्ताहरूको आवश्यकता पुरा गर्न तथ्याङ्कमाथिको पहुँच, विश्वसनीयता र समयबद्धता सुनिश्चित गरिन्छ। धेरैजना के सोच्दछन् भने तथ्याङ्क व्यवस्थापन डेटाबेशको पर्यायवाची हो। डेटाबेश शब्दको प्रयोग सामान्य हिसाबले प्राय : तथ्याङ्कको सङ्कलन भन्ने जनाउन गरिन्छ - सायद, एक स्प्रेडसिट, कार्ड इण्डेक्स (spreadsheet, card index) यस्तै यस्तै। त्यसैगरि सामान्य अर्थमा डेटाबेश व्यवस्थापन प्रणाली एक त्यस्तो प्रणाली हो जुन डेटाबेश लाई परिभाषित गर्न, सिर्जना गर्न, प्रश्न गर्न, अद्यावधिक गर्न र प्रशासन अनुमति दिन डिजाइन गरिएको हुन्छ। डेटाबेश व्यवस्थापनले प्राय: कार्यको एकल प्रयोगको लागि एकभन्दा बढी डेटाबेश का साथ काम गर्दछ।

## क. तथ्याङ्क व्यवस्थापनका सिद्धान्तहरू

### ०१ तथ्याङ्क एक सम्पत्ति हो

तथ्याङ्क नागरिक समाज संस्थाहरूको एक मुख्य सम्पत्ति हो । यस सिद्धान्तको पछाडि के तर्क छ भने तथ्याङ्क कुनै पनि संस्था वा संस्थाको स्रोत हो, यसको वास्तविक तथा मापनयोग्य मूल्य हुन्छ । सरल शब्दमा तथ्याङ्कको उद्देश्य कुनै पनि निर्णय लिन सहयोग गर्नु हो । सही तथा सामयिक निर्णयका लागि सही र सामयिक तथ्याङ्क निकै महत्वपूर्ण हुन्छ ।

### ०२ २. तथ्याङ्क साझा गरिन्छ

नागरिक समाज संस्थाहरूलाई आफ्नो तथ्याङ्क आवश्यक हुन्छ । संस्थागत निर्णय लिने क्षमता र दक्षतामा सुधार गर्न सही तथ्याङ्कमा समयमै पहुँच आवश्यक छ र यसका लागि पनि तथ्याङ्कलाई साझा गरिनु जरुरी छ । बहुअनुप्रयोग (application) मा प्रतिलिपि तथ्याङ्क व्यवस्थित गर्नभन्दा एकल अनुप्रयोगमा समयमै सही तथ्याङ्क व्यवस्थित एवम् साझा गर्न कम खर्चिलो हुन्छ ।

### ०३ तथ्याङ्क पहुँच योग्य हुन्छ

तथ्याङ्कमा व्यापक पहुँचले निर्णय लिने क्षमता र त्यसको प्रभावकारितामा वृद्धि गर्दछ । यसले समयमै सूचना प्रदान गर्ने र सेवा प्रवाह गर्ने कुरालाई सहज तुल्याउँछ । यसका अतिरिक्त यसले विकास कार्यक्रमहरूले गरिबी निवारणमा योगदान पुऱ्याउने कुरा पनि सुनिश्चित गर्दछ ।

### ०४ तथ्याङ्क पारदर्शी हुन्छ

खुला तथ्याङ्कले सार्वजनिक संस्थाहरूको जवाफदेहिता अभिवृद्धि गर्न र सबै प्रकारका सरोकारवालाहरूसँग सहकार्य गर्ने आधार निर्माण गर्दछ[१९] । विकास प्रभावकारितासँग सम्बन्धित तथ्याङ्कको सार्वजनिकीकरणले सरोकारवालाहरूको जवाफदेहिताका साथै विकास कार्यक्रममा उच्च गुणस्तर, नागरिक सहभागिता र प्रभावकारी सेवाहरूको अभिवृद्धि गर्दछ ।

### ०५ तथ्याङ्क विश्वसनीय हुन्छ

यसको अर्थ के भने तथ्याङ्क सही हुन्छ । शुद्धताले तथ्याङ्कको सत्यतालाई प्रतिबिम्बित गर्दछ । साङ्ख्यिकीय उपकरणहरूले तथ्याङ्कको शुद्धता र विश्वसनीयता बढाउँछ ।

### ०६ तथ्याङ्कको गुणस्तर उद्देश्यको निम्ति उपयुक्त हुन्छन्

नागरिक समाजका संघ-संस्थाहरूले गर्ने विकास प्रभावकारितासम्बन्धी पैरवी कार्यका लागि तथ्याङ्कको गुणस्तर उपयुक्त छ र तय गरिएको उद्देश्य पुरा हुन्छ ।

### ०७ तथ्याङ्कहरू कानुन र नियम अनुरूप हुन्छन्

संस्थागत सूचना व्यवस्थापन प्रकृयाहरूले सम्बन्धित सबै कानुन, नीति तथा नियमहरूको पालना गरेका छन् ।

### ०८ तथ्याङ्क सुरक्षित छ

तथ्याङ्क भरपर्दो छ र सबै प्रकारका अनाधिकृत पहुँच, जालसाज, गलत भावना सुरक्षित छ । वर्गीकृत तथा संवेदनशील जानकारीको उपलब्धतामा रोक लगाउनुपर्ने आवश्यकताका विरुद्ध तथ्याङ्कको खुला रूपमा साझा गर्ने कार्य सन्तुलित हुनुपर्दछ । अनावश्यक अनुमान, गलत व्याख्या तथा अनुपयुक्त प्रयोगबाट जोगिनका लागि पूर्व-निर्णयात्मक जानकारी सुरक्षित राख्नु जरुरी छ ।

### ०९ तथ्याङ्कको भाषा र परिभाषा सामान्य छ

तथ्याङ्कलाई स्थिर, उपयुक्त एवम् सरल किसिमबाट परिभाषित गरिएको छ र यो सबै सरोकारवालाले बुझ्दछन् । तथ्याङ्कलाई साझा गर्ने प्रयोजनका लागि योग्य तुल्याउन यसको निरीक्षण गरिनु पर्छ । सरल शब्दावलीले त्यसको सञ्चार र बहु-सरोकार वालाबीचको बहसलाई सहज तुल्याउँछ ।

### १० तथ्याङ्क व्यवस्थापन सबैको पेशा वा कार्य हो

आफ्ना तथ्याङ्कहरू व्यवस्थित ढङ्गले राख्ने, व्यवस्थित गर्ने र त्यसको अनुगमन एवम् निरीक्षणका साथै तिनीहरूलाई सम्हाल्नुपर्ने सबै सरकारी निकाय र तथ्याङ्क नागरिक समाजका संघ-संस्थाहरूको जिम्मेवारी हो । यसैगरि तथ्याङ्क नागरिक समाजका संघ-संस्थाहरूले तथ्याङ्कको अखण्डता कायम राख्न सूचना व्यवस्थापन निर्णयहरूमा भाग लिनु पर्दछ ।

[19] http://www.aaronsw.com/

## तथ्याङ्कको सुरक्षा र गोपनीयता

सहायता अवलोकनका लागि अनुसन्धान गर्ने तथ्याङ्क नागरिक समाजका संघ-संस्थाहरूले तथ्याङ्कको दुरूपयोग हुनबाट बचाउन व्यक्तिगत सूचनाको गोपनीयतालाई कायम गर्नु पर्छ । जन-अनुसन्धान गर्ने तथ्याङ्क नागरिक समाजका संघ-संस्थाहरूको सन्दर्भमा अनुसन्धानमा सहभागीहरूको परिचय गोप्य एवम् सुरक्षित राख्नुपर्ने पनि हुन सक्छ । त्यसैले उनीहरूका निम्ति तथ्याङ्क सुरक्षा आवश्यक पर्दछ । सङ्कलन गरिएका तथ्याङ्क सहभागीहरूको परिचय नखुल्ने किसिमले प्रशोधन एवम् व्यवस्थित गर्नुपर्दछ । व्यक्तिगत जानकारीहरू सुरक्षित भण्डारण गरि सो को प्रशोधन र व्यवस्थित गरिसकेपछि नष्ट गर्नुपर्दछ ।

तथ्याङ्क संरक्षण र गोपनीयताको महत्व अनुसन्धानको क्षेत्र भन्दा बाहिर पनि बढेको छ किनकि सरकारहरू, व्यवसायिक क्षेत्र र नागरिक समाजबाट पनि तथ्याङ्क प्रशोधन र नियन्त्रण गर्ने कार्य व्यापक रूपमा वृद्धि भएको छ । गोपनीयता र निगरानीबाट स्वतन्त्रताको अधिकारहरूको कुरा गर्दा यसका केही प्रभावहरू छन् जुन धेरै देशहरूमा मानवअधिकार रक्षकहरूको विरुद्ध प्रयोग गरिएको छ ।

सामाजिक सञ्चार/सञ्जालको व्यापक प्रयोगले तथ्याङ्कको सुरक्षा र गोपनीयतासम्बन्धी चुनौतीहरूलाई अझ बढाएको छ । सामाजिक सञ्जालमा साझा भइरहेका तथ्याङ्क तथा सूचना कसले नियन्त्रण गर्दछ ? यी सूचनाहरूका कसरी प्रशोधन तथा व्यापारिक नाफाको निम्ति प्रयोग हुन्छ भन्ने बाहेक निगरानी र ट्र्याकिङमा सामाजिक सञ्जालको प्रयोगको सम्भावनाको मुद्दा पनि विकास कार्यकर्ताहरूले उठाइरहेका छन् । सामाजिक सञ्जाल प्लेटफर्महरू अधिकार पैरवीकर्ताहरूको लागि पनि उपयोगी छन् तैपनि धेरै देशहरूमा यिनीहरू पनि सङ्गठित तथा राम्रो वित्तीय सहयोग प्राप्त संस्थाहरूले जानाजान सामाजिक मुद्दाप्रति सार्वजनिक धारणामा प्रभाव पार्न वा मिथ्या सूचना फैलाउन प्रयोग गरेका छन् ।

व्यापार र विकास सम्बन्धी संयुक्त राष्ट्रसघीय सम्मेलन (UNCTAD) का अनुसार सन् २०१९ सम्म तथ्याङ्कको संरक्षण र सुरक्षा गर्न १ सय ३२ देशहरूले कानुन निमार्ण गरेका छन् । यसैबीच सन् २०१८ देखि युरोपियन युनियनले यसको सामान्य  तथ्याङ्क संरक्षण नियमन (General Data Protection Regulation-GDPR) सम्बन्धी कार्यान्वयन प्रकृया सुरु गऱ्यो । तथ्याङ्क सुरक्षासम्बन्धी कानुनहरूले गोपनीयता कायम गर्ने विश्वास गरिन्छ तर तिनीहरूको प्रयोग अत्यधिक कडा नियम थोपरेर नागरिक समाज संस्थाहरूको कामलाई कमजोर बनाउन पनि गर्न सकिन्छ ।

तपाईंको कामसँग सम्बन्धित क्षेत्रमा तथ्याङ्क सुरक्षा कानुन लागू भइरहेको छ वा छैन भनेर जान्नु महत्वपूर्ण छ । प्राइवेशी इण्टरन्याशनल (Privacy International) का अनुसार तथ्याङ्क संरक्षण र गोपनीयताका निम्न सिद्धान्तहरू छन् :

**निष्पक्ष, कानुनी र पारदर्शी** : व्यक्तिगत सूचना/तथ्याङ्कहरूको कानुनी तथा निष्पक्ष ढङ्गले प्रशोधन गर्नुपर्दछ । तथ्याङ्कको बिक्री र/वा जालसाजपूर्ण हिसाबले प्राप्त गरिएको व्यवसायिक तथ्याङ्कको स्थानान्तरण जस्ता अभ्यासहरूलाई सम्बोधन गर्नका लागि यो सिद्धान्त निकै महत्वपूर्ण छ ।

**उद्देश्यको सीमितता** : सबै व्यक्तिगत तथ्याङ्क एक निर्धारित, विशिष्ट र वैध उद्देश्यका लागि सङ्कलन गर्नुपर्दछ । कुनै पनि प्रशोधन सुरुमा निर्दिष्ट गरिएका उद्देश्यसँग असङ्गत हुनुहुँदैन । यससम्बन्धी अनिवार्य सर्त यो रहन्छ कि कुनै व्यक्तिको सूचना कुनै एक प्रयोजनका लागि लिने र विना जानकारी वा औचित्य कुनै अर्को प्रयोजनका लागि प्रयोग गर्ने कुरा स्वीकार्य हुँदैन ।

**न्यूनिकरण** : तथ्याङ्कको न्यूनिकरण व्यक्तिगत अधिकार र सूचना सुरक्षा दुवै दृष्टिकोणबाट तथ्याङ्क संरक्षणमा एक मुख्य अवधारणा हो । जुन सूचना निर्दिष्ट गरिएका उद्देश्यको निम्ति जरुरी वा सान्दर्भिक छ ती सूचना मात्र प्रशोधन गरिनुपर्दछ । यससम्बन्धी कुनै पनि अपवादलाई सीमित र स्पष्ट रूपमा परिभाषित गरिनुपर्दछ ।

**शुद्धता** : व्यक्तिगत सूचना प्रशोधनको क्रममा सही हुनुपर्दछ र यसको सुनिश्चित गर्न सबै उचित कदम चाल्नुपर्दछ । यसभित्र शुद्धता, पूर्णता, अद्यावधिक तथा सीमित जस्ता पक्षहरू समेटिन्छन् । (नं. ५ हेर्नुहोस्)

**भण्डारण सीमा** : व्यक्तिगत सूचना केवल निश्चित समय अवधिका लागि मात्र अर्थात जुन उद्देश्यका लागि यसको सङ्कलन र भण्डार गरिएको थियो त्यस अवधिका लाीग मात्र राख्नु पर्दछ । यसले संस्करणको अन्तमा सूचना मेटाउने दायित्वलाई सुदृढ एवम् निश्चित गर्दछ, जुन अर्को प्रावधानमा समावेश गरिनु पर्दछ ।

**इमान्दारिता र गोपनीयता** : व्यक्तिगत सूचना अनधिकृत पहुँच, प्रयोग साथै नोक्सानी वा क्षतिजस्ता जोखिम विरुद्ध सुरक्षा गरिनुपर्छ । सुरक्षाभित्र भौतिक उपाय जस्तैः बन्द ढोका, परिचय पत्र, संस्थागत उपाय जस्तै : पहुँच नियन्त्रण, सूचनात्मक उपाय जस्तै : खतराको अनुगमन, संकेत (अक्षरलाई कोडको रूपमा बदल्ने) र प्राविधिक उपाय जस्तैः इन्क्रिप्सन (सूचनालाई कोडमा बदल्ने विधि), गोप्य वा फरक नाम राख्ने (pseudonymization) कार्य आदि पर्दछन् ।

**जवाफदेहिता** : कुनै निकाय जसले तथ्याङ्क प्रशोधनकर्ता वा नियन्त्रकको रूपमा व्यक्तिगत तथ्याङ्क प्रशोधन गर्दछ उक्त निकाय तथ्याङ्क संरक्षणसम्बन्धी कानुनमा उल्लेखित मापदण्ड र प्रावधानहरूप्रति जबाफदेही हुनुपर्दछ । तथ्याङ्क प्रशोधनको जिम्मेवारीमा रहेका निकायहरू उनीहरूले प्रशोधन गरेका तथ्याङ्कहरू कसरी कानुन सम्मत छन् भन्ने कुराको साथै यससम्बन्धी सिद्धान्त, उनीहरूको दायित्व र व्यक्तिको अधिकारका पक्षहरूलाई खुलाउन सक्षम हुनु जरुरी छ ।

## सत्र ३.२

# नागरिक समाजका संघ-संस्थाहरूको सहायताका लागि तथ्याङ्कका प्रकार तथा स्रोतहरू

| | |
|---|---|
| **अपेक्षित परिणाम :** | यस सत्रपछि सहभागीहरू :<br>१. नागरिक समाजका संघ-संस्था सहायता अवलोकनको कार्यमा आवश्यक विभिन्न प्रकारका सूचनाहरू पहिचान गर्न सक्षम हुनेछन् ।<br>२. विकास प्रभावकारिता र सहयोगसँग सम्बन्धित सूचना स्रोतबारे परिचित हुनेछन् । |
| **सामग्री :** | • पावर पोइन्ट प्रस्तुतिहरू र/वा फ्लिप चार्ट<br>• एलसीडी प्रोजेक्टर<br>• मार्करहरू |
| **प्रकृया :** | १. यस सत्रका सिकाइ उपलब्धिबारे बताउनुहोस् ।<br>२. सहायता सूचनाका प्रकारहरू र यिनीहरू कहाँबाट प्राप्त हुनसक्छ भन्नेबारे छलफल गर्नुहोस् । |

## क) सहायता सूचनाका प्रकारहरू के के हुन् ?

१. **सहायतासम्बन्धी सार्वजनिक नीति** : सार्वजनिक नीति एक प्रणाली, कानुन, निर्देशक सिद्धान्त वा नियमावलीहरूको सङ्कलन वा समूह हो जसले सहायताको प्रयोगका साथै सहायताको कार्यान्वयन र वितरणमा सरकार वा यसका प्रतिनिधिद्वारा घोषणा गरिएका वा लिइएका संकल्पहरूमा मापदण्डको रूपमा कार्य गर्दछ । यसभित्र प्राय : कार्यक्रम र आधिकारिक विकास सहयोग मा पहुँचको लागि आधारको रूपमा प्रयोग हुने कुनै पनि देशको विकास योजना पर्नसक्छ । कतिपय देशहरूमा आधिकारिक विकास सहयोग सम्बन्धी कानुन पनि हुन सक्दछ जस्तै फिलिपिन्स आधिकारिक विकास सहायता ऐन, १९९६, जसले आधिकारिक विकास सहयोग स्रोतहरूको अधिकतम सदुपयोग र अनुकुलन गर्नका लागि आधिकारिक विकास सहयोगलाई अन्य वैदेशिक ऋणबाट अलग राख्दछ ।

२. **बजेट** : बजेट एक दस्तावेज हो जसले कुनै विशेष क्यालेण्डर वा वित्तीय वर्षको लागि अनुमानित राजस्व र खर्चको सारांश प्रस्तुत गर्दछ । राष्ट्रिय बजेट सरकारको आधिकारिक वित्तीय प्रक्षेपण हो । यसले राजस्व सङ्कलन र खर्च दुवैको जानकारी प्रदान गर्दछ भने दाता देशहरूको सन्दर्भमा सहायता र प्राप्त गर्ने देशहरूको सन्दर्भमा ऋण पनि समेट्छ ।

३. **सार्वजनिक खर्च** : सार्वजनिक खर्चले सरकारद्वारा गरिने खर्चलाई जनाउँछ । यसले त्यस्तो खर्चलाई प्रतिबिम्बित गर्नुपर्दछ जुन गरिब र सीमान्तकृत समूहहरूको जीवन सुधार गर्न

प्रतिबद्धता जनाइएको थियो । दाता देशहरूमा विकास सहायता र वैदेशिक सहायता उनीहरूको बजेटमा झल्किन्छ ।

४. **वैदेशिक ऋण** : वैदेशिक ऋण भनेको ऋण लिने देशले ऋण प्रदान गर्ने देशलाई तिर्नुपर्ने रकम हो । देशहरूका ऋणसेवासम्बन्धी आफ्नै नीतिहरू रहेका छन् । केही देशहरूमा राष्ट्रिय बजेटको निश्चित प्रतिशत स्वचालित हिसाबले देशको ऋणसेवाका लागि विनियोजन गरिन्छ ।

५. **सहायता प्रवाह** : यसले एक दाता देशबाट प्रापक देशले प्राप्त गरेको रकमको मात्राबारेमा जानकारी प्रदान गर्दछ । सहायता प्रवाहका बारेमा व्यापक जानकारी र प्रचार गर्ने कार्य प्राय : दाता देशहरूले गर्दछन् । ती जानकारीहरूमा सहायताको विषयगत प्राथमिकता अनुरूप वितरीत रकम, प्राप्त गर्ने देशहरू, सहायता खर्च गर्ने परियोजना कार्यान्वयनकर्ता वा ठेकेदार आदि समेटिएको हुन्छ ।

६. **सहयोग प्रभाव** : आधिकारिक विकास सहयोगको प्रभावकारितालाई खुलाउनु पर्ने दबाबलाई सम्बोधन गर्न IFIS, सरकारहरू र नागरिक समाज संस्थाहरूले सहायताले विकासका उद्देश्यहरू पुरा गऱ्यो वा गरेन वा कति योगदान गऱ्यो ? भन्ने सम्बन्धमा प्रतिवेदनहरू सार्वजनिक गर्दछन् । मानवअधिकार उल्लङ्घनका प्रतिवेदनहरू प्रायजसो नागरिक समाजका संघ-संस्थाहरूले सार्वजनिक गर्दछन् ।

## ख) तथ्याङ्कका स्रोतहरू

विकास प्रभावकारिता र सहयोगसम्बन्धी तथ्याङ्कहरू सरकारी निकाय (दाता र प्रापक दुवै देशहरूमा), शैक्षिक क्षेत्र वा नागरिक समाजका संघ-संस्थाहरूबाट प्राप्त गर्न सकिन्छ । विकास सहयोगसम्बन्धी तथ्याङ्कको सबैभन्दा भरपर्दो र प्रख्यात स्रोत भने आर्थिक सहयोग र विकास संस्था/संयुक्त राष्ट्रसंघीय निकायहरू हुन सक्छन् । सहायताका विशिष्ट विषय वा क्षेत्रहरू (कृषि, महिला, स्वास्थ्य आदि) को तथ्याङ्क प्राय : त्यस क्षेत्रहरूमा काम गर्ने संस्थाहरूका वेबसाइटमा पनि उपलब्ध हुन्छन् ।

### विकास सहयोग र प्रभावकारितासम्बन्धी तथ्याङ्कका स्रोतको उदाहरणहरू :

१. खुला सहायतासम्बन्धी वेवसाइटहरू :

- स्वीडेन→ **https://openaid.se/about/**
- नेदरल्याण्ड्स → **https://openaid.nl/**
- बेल्जियम → **https://openaid.be/en/about-site**
- डेनमार्क → **https://openaid.um.dk/en/**
- इटाली → **https://openaid.aics.gov.it/en/**

२. Aid/Watch's monitoring of Australia's international aid and trade policies → **https://aidwatch.org.au/about/**

३. Concord's AidWatch Reports on EU aid spending and policies → **https://concordeurope.org/tag/aidwatch/**

४. Development Initiatives' data sets on poverty, development finance, private finance, and humanitarian assistance → **https://devinit.org/data/**

५. Donor Tracker's databases on donors and funding on development sectors → **https://donortracker.org**

# कृयाकलाप २.
# नागरिक समाजका संघ-संस्था सहायता अवलोकनको अनुसन्धान योजना/खाका तयार गर्नुहोस् ।

| | |
|---|---|
| **उद्देश्य :** | नागरिक समाजका संघ-संस्था⁄ सहायता अवलोकनका लागि जन-अनुसन्धान सञ्चालन गर्ने सम्बन्धमा अघिल्लो सत्रहरूबाट सिकेका सिपहरूको प्रयोग गर्ने । |
| **अपेक्षित परिणाम :** | नागरिक समाजका संघ-संस्था⁄ सहायता अवलोकनका लागि एक अनुसन्धानको ढाँचा तयार हुनेछ । |
| **सामग्री :** | • पावर पोइन्ट प्रस्तुतिहरू र⁄वा फ्लिप चार्ट<br>• एलसीडी प्रोजेक्टर<br>• मार्करहरू |

**कृयाकलाप २.१ र २.२ का लागि कार्यपत्र (worksheets) हेर्नुहोस् ।**

## कृयाकलाप २.१ का लागि निर्देशनहरू :

१. सहभागीहरूका बीचमा उचित समूह निमार्ण गर्नुहोस् ।
२. विकास सहायतासम्बन्धी अनुसन्धानको शीर्षक पहिचान र अनुसन्धान समस्या तय गर्नुहोस् ।
३. अनुसन्धानका प्राथमिक र सहायक उद्देश्य तय गर्नुहोस् ।
४. अनुसन्धानका क्रममा प्रयोग गरिने रणनीति र दृष्टिकोण तय गर्नुहोस् ।
५. अनुसन्धानको तथ्याङ्क आवश्यकता र तथ्याङ्कको स्रोत पहिचान गर्नुहोस् ।

## कृयाकलाप २.२ का लागि निर्देशनहरू :

१. सहभागीहरूको समूह निमार्ण गर्नुहोस् ।
२. सहभागीहरूले अनुसन्धान गर्ने इच्छा व्यक्त गरेको अन्तर्राष्ट्रिय वित्तीय संस्था वा विकाससम्बन्धी वित्तीय संस्थाबाट सहायता प्राप्त विकास परियोजना पहिचान गर्नुहोस् ।
३. अनुसन्धानका प्राथमिक र सहायक उद्देश्य तय गर्नुहोस् जसले प्रभावकारी विकास सहयोगको सिद्धान्त अनुरूप परियोजनाको विकास प्रभावकारिताको मूल्याङ्कनलाई सम्बोधन गरोस् ।
४. मूल्याङ्कनलाई सहयोग गर्न आवश्यक तथ्याङ्क वा चरहरूको आवश्यकता र तथ्याङ्कको स्रोत पहिचान गर्नुहोस् ।
५. तथ्याङ्क सङ्कलनका क्रममा प्रयोग हुने विधि पहिचान गर्नुहोस् ।
६. सङ्कलित तथ्याङ्कको विश्लेषण गर्न प्रयोग हुने विधिको पहिचान गर्नुहोस् ।

## खण्ड ०४

# वितरण र लोकप्रियता

### खण्डको उद्देश्यहरू

१. सहायता अनुगमनमा जनचेतना र पैरवी कार्य सञ्चालनको महत्वबारे छलफल गर्ने ।

२. विकास प्रभावकारितामा पैरवी गर्नका लागि सहभागीहरूको ज्ञान र सिप अभिवृद्धि गर्ने ।

**निर्धारित समयः न्यूनतम तीन घण्टा**

सहायतासम्बन्धी सचेतनाले जनसाधारणहरूलाई सम्वादमा भाग लिन र उचित सुधारको निम्ति जोड दिन प्रोत्साहित गर्दछ । विकास प्रभावकारिताका लागि पैरवीमा सहायतासम्बन्धी सूचनाको उपयोग नागरिक समाजका संघ-संस्था सहायता अवलोकनको एक महत्वपूर्ण पक्ष हो । यद्यपि नीति र परियोजनाहरूमा प्रभाव पार्न सहायतासम्बन्धी सूचना वा जानकारीलाई लोकप्रिय बनाउन आवश्यक छ र यसलाई लक्षित समुदाय वा सरकोकारवाला अनुसार पहुँच योग्य बनाउनु पर्दछ ।

यो खण्डले सहायता अवलोकनमा संलग्न नागरिक समाजका संघ-संस्थाहरूको पैरवीकर्ताको भूमिका र पैरवीका सन्दर्भमा सहायतासम्बन्धी सूचना वितरण एवम् लोकप्रियताका रणनीतिको महत्वमा जोड दिन्छ ।

यो खण्डका दुई सत्र र एक कृयाकलाप रहेका छन् र त्यसलाई दुई भागमा विभाजन गरिएको छ ।

**सत्र ४.१.**

| | |
|---|---|
| **पैरवी कार्य** | यसअन्तर्गत पैरवीको महत्व र नागरिक समाजका संघ-संस्था सहायता अवलोकन कार्यको एक भागको रूपमा पैरवी कार्यका चरणहरूको रूपरेखामा छलफल गरिन्छ । |

**सत्र ४.२.**

| | |
|---|---|
| **पैरवी कार्य सञ्चालनका विधिहरू** | यस अन्तर्गत नागरिक समाजका संघ-संस्थाहरूले विकास प्रभावकारिताको पैरवी गरिरहँदा सहायतासम्बन्धी सूचनाको वितरण तथा लोकप्रियताका लागि प्रयोग गर्नसक्ने विभिन्न रणनीतिहरू र उपकरणहरूको रूपरेखामा छलफल गरिन्छ । |

**क्रियापलाप ३.**

| | |
|---|---|
| **पैरवी योजनाको मस्यौदा तयार गर्नुहोस् । (भाग क र ख)** | यसले सहभागीहरूलाई नागरिक समाजका संघ-संस्था सहायता अवलोकन कार्यको भाग वा अङ्गका रूपमा पैरवी योजना निमार्ण गर्न अघिल्लो सत्रहरूबाट प्राप्त ज्ञानको प्रयोग गर्न अनुमति दिन्छ । |

## सत्र ४.१.
# पैरवी कार्य

| | |
|---|---|
| **सिकाइको उपलब्धिहरू :** | छलफलको अन्त्यमा सहभागीहरू निम्न पक्षमा सक्षम हुनेछन् :<br>१. विकास प्रभावकारितामा पैरवीको महत्वबारे बुझ्न ,<br>२. पैरवी कार्यका विभिन्न तत्वहरूबारे बुझ्न ,<br>३. नागरिक समाजका संघ-संस्था सहायता अवलोकनका लागि पैरवी योजना सञ्चालन गर्न । |
| **सामग्री :** | • पावर पोइन्ट प्रस्तुतिहरू र/वा फ्लिप चार्ट<br>• एलसीडी प्रोजेक्टर<br>• मार्करहरू |
| **प्रकृया :** | १. यस सत्रका सिकाइ उपलब्धिबारे बताउनुहोस् ।<br>२. पैरवी कार्यका प्रकृयाबारे छलफल गर्नुहोस् ।<br>३. सत्रभित्र एकीकृत कृयाकलापहरूको लागि तयारी गर्नुहोस् । |

## क) विकास प्रभावकारिताका लागि पैरवीको महत्व

डेविड ब्राङ्कडन (David Brancdon)[20] का अनुसार व्यक्ति वा जोखिममा रहेका व्यक्ति वा समूह अथवा उनीहरूका प्रतिनिधिहरू, संलग्न भई आफ्ना मुद्दाहरू वा अवस्थाका बारेमा आफ्ना मुद्दामा प्रभाव पार्न प्रभावकारी ढंगले दवाव दिन पैरवी मा संलग्न हुन्छन् । यस्तो अवस्थामामा आवाज उठाइन्छ जसले या त उनीहरूलाई सिधा प्रभाव पार्दछ वा/धेरैजसो प्रस्तावित परिवर्तनहरू रोक्ने प्रयास गरिएको हुन्छ । त्यस्तो पैरवीको अभिप्राय र परिणाम व्यक्ति वा समूहमा शक्तिको भावना बढाउने, उनीहरूलाई थप आत्मविश्वास अभिवृद्धि गर्न र परिवर्तनका लागिसशक्त तुल्याउने हुनुपर्दछ । सामाजिक कार्यकर्ता र विकास प्रभावकारिताका पैरवीकर्ताहरूको लागि पैरवी सामाजिक न्यायका लागि नीति र व्यवहार परिवर्तन प्राप्ति तर्फको कार्य हो ।

सन् २००३ मा रोमदेखि २०११ मा बुसानसम्म नागरिक समाजका संघ-संस्थाहरूको पैरवीले विकास प्रभावकारिताका सम्बन्धमा मानवअधिकारमा आधारित दृष्टिकोणको बहस सिर्जना गर्न सहयोग गऱ्यो । सरोकारवालाहरूले प्रभावकारी विकास सहयोगप्रति आफ्ना प्रतिबद्धताहरू पुरा गर्छन् भन्ने कुराको नागरिक समाजका संघ-संस्थाहरूले सुनिश्चित गर्नुपर्दछ ।

विकास प्रभावकारितासम्बन्धी पैरवीले जोखिममा रहेका क्षेत्र तथा सीमान्तकृतहरूलाई लाभ पुग्ने गरि कार्य गर्न र सुधारहरू लागू गर्न निर्णयकर्ताहरूलाई प्रभाव पार्ने कार्ययोजनाको आवश्यकता बोध गराउँछ । यसका साथै आधिकारिक विकास सहयोग र सार्वजनिक तथा निजी तबरका वित्तीय संस्थाहरूले विकास प्रभावकारिताका सिद्धान्तहरू पालना गरे/नगरेको सुनिश्चित गर्न पनि पैरवी जरुरी छ । अगाडिका पैरवी कार्यहरूको कार्यान्वयनका आधारमा योजना र रणनीतिहरू निरन्तर निमार्ण गर्नुपर्दछ । पैरवी कार्य प्रभावकारी हुनका लागि यो सधैं गतिशील र निरन्तर विकासोन्मुख हुनुपर्दछ ।

[20] Wilks, T. (2012). Advocacy's Place Within Social Work Practice in Advocacy and Social Work Practice (chapter 1). Retrieved from https://books.google.com.ph/books?id=i5_nRZYNK2cC&printsec=frontcover&source=gbs_ge_summary_r&cad=0#v=onepage&q&f=false

## ख) पैरवी कार्य सञ्चालनका पाँच चरणहरू

वकालत विशेष गरेर यदि यसले मानिसको प्रतिष्ठालाई बढवा दिन्छ भने यसलाई प्रगतिको रेखांकन गर्ने ढाँचाको रूपमा सराहना गर्नुहुँदैन । पहिला नै कार्यान्वयन वकालतको कामको आधारमा योजना र रणनिती बनाउने कामलाई निरन्तर अघि बढाउनु पर्छ ।

तल वकालतका आधारभुत पक्षहरू दिइएका छन जस्तो, विकास प्रभावकारिता र सहायता वकालतको प्रकृयालाई लागू गर्न सक्छ ।

**पैरवी कार्य सञ्चालनका पाँच चरणहरू**

- ०१ विकास प्रभावकारितासम्बन्धी प्राथमिकतामा रहेको मुद्धा छान्ने
- ०२ अनुसन्धान र विश्लेषण गर्ने ।
- ०३ सहयोग र विकास प्रभावकारिताको लागि पैरवी योजना बनाउने ।
- ०४ पैरवी योजनालाई कार्यान्वयन गर्ने ।
- ०५ अनुगमन तथा समीक्षा गर्ने ।

## पहिलो चरण

### विकास प्रभावकारितासम्बन्धी प्राथमिकतामा रहेको मुद्धा छान्ने छान्नुहोस्

यस चरणमा संस्था वा समुदायले आफू वा संस्थालाई प्रभाव पार्ने र पैरवीमार्फत त्यस्तो अवस्थामा फरक ल्याउन सकिने सहायता र विकास सहयोगसँग सम्बन्धित समस्या वा मुद्धा पहिचान गर्दछन् । पैरवी एक समस्या हो । यसको सम्बोधन त्यतिबेला हुनसक्छ जब केही नीति वा कानुनमा परिवर्तन हुन्छ ।

पैरवी सम्बन्धी मुद्धा पहिचान गर्ने विभिन्न तरिका हुन सक्छन् । जस्तैः समुदाय भेला गरेर वा सम्बन्धित नागरिक समाजका संघ-संस्था वा सरोकारवालाहरूसँगको बैठक आदि तरिकाबाट मुद्धा छान्न सकिन्छ । समुदायका मुद्धाको प्राथमिकता तय गर्ने केही सुझावहरू तल दिइएको छ :

**कुनै वृक्षलाई एक समस्या–वृक्ष (problem tree) को रूपमा प्रयोग गरि विश्लेषण गर्नुहोस्** : समस्या वृक्ष एक दृष्य विधि हो । यसले उपस्थित समूहलाई मुद्धाका विभिन्न आयामहरू पहिचान गर्न सहयोग गर्दछ । जस्तै : समस्याका कारणहरूको रूपमा जरा, मूल मुद्धाको रूपमा फेद (Trunk) र प्रभावको रूपमा पात र फलहरूलाई परिभाषित गर्न सकिन्छ ।

**तल दिइएका प्रश्नहरूलाई ध्यान दिनुहोस्** : समस्या वृक्षको विश्लेषण पश्चात सहभागीहरूलाई निम्न प्रश्नहरू सोधेर पैरवीबाट कुन कारणहरू सम्बोधन गर्न सकिन्छ भनेर छनौट गर्नुहोस् :

- यो मुद्धा सहायता र विकास प्रभावकारितासँग कसरी सम्बन्धित छन ?
- के यो तपाइँको संस्था वा समुदायभित्रको सबैभन्दा सान्दर्भिक र सामयिक सहायता र विकास प्रभावकारितासँग सम्बन्धित मुद्धा हो ?
- निम्न मुद्धामा काम गरिनेछ :
    - के यसले विकास प्रभावकारिताका सिद्धान्तहरूको प्रवर्धन गर्नेछ ?
    - के यसले संस्था वा समुदायको आवश्यकता सम्बोधन गर्नुका साथै अधिकारको संरक्षण गर्नेछ ?
    - के यसले संस्था वा समुदायलाई सुदृढ गर्न सहयोग गर्नेछ ?
    - के यसले नयाँ नेतृत्व र सञ्जाल विकास गर्नेछ ?

यी माथि दिइएका प्रश्नहरू मुद्धा पहिचान गर्ने क्रममा ध्यान दिनुपर्ने केही पक्षहरू हुन् । यस्तै अन्य ध्यान दिनुपर्ने पक्षहरूमा आवश्यक स्रोत, समयतालिका, पैरवी कार्यका लागि आवश्यक स्थानमा पहुँच आदि पर्न सक्छन् ।

## दोस्रो चरण

### अनुसन्धान र विश्लेषण कार्य गर्ने ।

जन-अनुसन्धानले पैरवीकर्ताहरूलाई उनीहरूको पैरवी मुद्धालाई अझ राम्रोसँग बुझ्न सहयोग गर्दछ । समाधान भइरहेको समस्याको प्रभाव सम्बन्धी तथ्याङ्क उपलब्ध हुनेदेखि बाहेक अनुसन्धान र विश्लेषण कार्यले पैरवीका निम्ति आवश्यक स्रोतहरूको पहिचान गर्न पनि सहयोग गर्दछ, जस्तैः सरोकारवालाहरू, पैरवीका लक्ष्यहरू, सम्भावित सहयोगीहरू, अवरोधकहरू तथा समस्याको सम्भावित समाधानहरू आदि ।

समस्याको प्रभावसम्बन्धी तथ्याङ्क सङ्कलनका लागि सर्वेक्षण, विशेष सूचना राख्ने व्यक्तिहरूसँगको अन्तर्वार्ता र लक्षित समूह छलफल आयोजना गर्न सकिन्छ । यी विधिहरूबाट सङ्कलित तथ्याङ्कहरू समस्याको गहिराइ बारे बताउन, संस्था वा समुदायको पैरवी सन्देश तयार गर्न र पैरवी सँगसँगै सम्भावित समाधानहरू वा सुझावहरू के के पत्ता लगाउन सकिन्छ भन्ने अन्तरज्ञानहरूको विकास गर्ने कार्यका लागि पनि प्रयोग गर्न सकिन्छ ।

सरोकारवाला पहिचान गर्ने एक विधि म्याट्रिक्सको प्रयोग हो जुन तल दिइएको छ । यस म्याट्रिक्स अनुसार कार्य गरिसकेपछि संस्था वा समुदायलाई पैरवी लक्ष्यहरू पहिचान गर्दै सम्भावित सहयोगी र अवरोधकहरू को को हुन् भन्ने पत्ता लगाउन मद्धत पुग्दछ ।

[21] https://www.tearfund.org/en/about_us/what_we_do_and_where/issues/advocacy/

| सरोकारवालाको प्रकार | को ? (व्यक्ति/हरू, संस्थाहरू/ निकायहरू) | मुख्य सम्पर्क व्यक्ति | कारणहरू (किन मुद्दा उनीहरूका लागि महत्वपूर्ण छ ?) | मुद्दाको अवस्था | प्रभावको स्तर (+ देखि +++ वा -देखि--- |
|---|---|---|---|---|---|
| **प्रत्यक्ष प्रभावित** | | | | | |
| जनसङ्गठनहरू | 'क' आदिवासीको प्रतिनिधित्व गर्दै 'ख' नदी किनारमा रहँदै आएको | नम | बाँध निमार्ण परियोजनाका कारण विस्थापन | बाँध निमार्ण परियोजना बन्द | ++ |
| **सरकार** | | | | | |
| सार्वजनिक क्षेत्र | मेयरको कार्यालय | नाम | मेयरको एक पारिवारिको सदस्य बाँध निमार्णकर्ता मध्ये एक | बाँध निमार्ण परियोजनामा स्विकृती | -- |
| सार्वजनिक क्षेत्र | क्षेत्रीय वातावरण कार्यालय | नम | नदीजन्य पर्यावरणमा वन्यजन्तु वासस्थानका लागि सहयोग गर्छ | बाँध निमार्ण परियोजनालाई वातावरणीय नियमसम्बन्धी प्रमाणपत्र जारी गर्दैन | ++ |
| **पैरवीकर्ताहरू** | | | | | |
| नागरिक समाज | नागरिक समाजका संघ-संस्था 'क' को बौद्धिक सम्पत्ति अधिकार | नम | तिनीहरूको क्षेत्रमा बौद्धिक सम्पत्ति अधिकारको पैर वी गर्छ | भूमि हडप्ने कार्यको विरुद्ध | +++ |

## तेस्रो चरण

## सहयोग र विकास प्रभावकारिताको लागि लागि पैरवी योजना बनाउने ।

पैरवी योजना भनेको एक योजनाको ढाँचा हो जसमा समुदाय वा संस्थाले परिवर्तन गर्न चाहेका नीति वा व्यवहारहरूको रूपरेखा तयार गरिन्छ र ती परिवर्तन कसरी गरिनेछ भन्ने कुरा उल्लेख गरिन्छ । एक पैरवी योजनामा सामान्यतया निम्न पक्षहरू रहेका हुन्छन् :

- समस्या वा मुद्दा
- समस्याको कारणहरू र असर
- पैरवी योजनाका उद्देश्यहरू
- उद्देश्य पुरा गर्न गरिने कृयाकलापहरू
- आवश्यक स्रोत
- कृयाकलापका लागि मुख्य जिम्मेवार व्यक्तिहरू
- पहिचान गरिएका मुख्य सरोकारवालाहरू
- मुख्य सरोकारवालाहरूको निम्ति तयार गरिएको पैरवी सन्देश

**उद्देश्यहरूको निर्माण :**

उद्देश्यहरूको तयारी गर्दा जहिले पनि तिनीहरू निश्चित, मापनयोग्य, प्राप्त गर्न सकिने, सान्दर्भिक र समय निर्धारित (Specific, Measurable, Attainable, Relevant and Time-bound-SMART) छन् भन्ने सुनिश्चित गर्नुपर्दछ । कृयाकलापहरूले हरतरहले पैरवी योजनाको उद्देश्यमा योगदान गर्नुपर्दछ । त्यसैगरि कृयाकलाप सञ्चालन गर्ने कार्यका लागि स्रोत तथा उक्त कृयाकलाप कार्यान्वयनका लागि जिम्मेवार व्यक्ति पहिचान गरिनुपर्दछ ।

**लक्षित समूह (पाठक वा स्रोता) को पहिचान तथा मुख्य सन्देश निमार्ण :**

कुनै पनि पैरवी-सन्देश प्रवाह हुनुभन्दा पहिले उक्त सन्देश को-कोसम्म पुर्‍याउन चाहान्छौं भन्ने कुरा निर्दिष्ट गरिनुपर्छ । कुनै पनि पैरवीको निश्चित एवम् लक्षित समूह हुनुपर्दछ अन्यथा यो अत्यधिक (आवश्यकता

भन्दा बढी) मा पुग्ने र यसमा निश्चित दिशा र उद्देश्यको अभाव खड्किनेछ। लक्षित समुदायलाई निम्न प्रश्नका आधारमा वर्णन गर्न सकिन्छ :

- पैरवी कार्यमा परिवर्तनका बाहक को हुन् ?
- पैरवीका बारेमा उनीहरूलाई के जानकारी छ ?

यसैबीच पैरवी सन्देशहरू अनुसन्धानका परिणाम र समस्या समाधानका लागि के गरिनुपर्छ भन्ने विश्लेषणका आधारमा निमार्ण गर्नुपर्दछ। प्रायःजसो यिनीहरूलाई माग वा मुख्य प्रश्न (Demand or Key asks) भनिन्छ। सन्देशहरू साधारण (आम रूपमा सबै को निम्ति) र विशिष्ट (प्रत्येक लक्षित समूहका लागि छुट्टाछुट्टै) हुन्छन्। उदाहरणका लागि कुनै भूमिसम्बन्धी विवादमा सरकार वा नीति निर्माताका लागि नीतिसम्बन्धी सन्देश हुनसक्छ भने प्रभावित समुदायका लागि नीति निर्मातालाई सम्बन्धित विषयमा दबाब सिर्जना गर्ने सन्देश हुनसक्छ।

## पैरवी-सन्देशका उदाहरणहरू :

**सन् २०१७ मा नैरोबीमा सम्पन्न प्रभावकारी विकास सहयोगका लागि विश्वव्यापी साझेदारीको दोश्रो उच्चस्तरीय सम्मेलनका दौरान वुमन्स कन्स्टिट्युन्सी स्टेटमेन्ट (Women's Constituency Statement) बाट उद्धरित**

प्रभावकारी विकास सहयोगका लागि विश्वव्यापी साझेदारीका सरकारहरू र अन्य सरोकारवालाहरूलाई आव्हान गर्दछ कि -

- पेरिस, आक्रा र बुसान प्रतिबद्धताहरूलाई लैङ्गिक समानता र मानवअधिकार तथा न्यायपूर्ण विकास सहयोग योजनाका निम्ति सुदृढ गरियोस् ,
- मानव अधिकारका साथै महिला अधिकारमा आधारित मापदण्डहरूको अभ्यास मार्फत विकास प्रभावकारितालाई सुदृढ गरियोस् ,
- हामी विकास प्रभावकारिताका लागि त्यस्तो समावेशी साझेदारीको माग गर्दछौं जसले विकास न्याय र प्रजनन् तथा हेरचाहको कार्यलाई मान्यता एवम् महत्व दिन्छ, मर्यादित काम एवम् दिगो प्रकृतिको जीवन निर्वाहको संरक्षण र संवर्द्धन गर्छ र भूमि, घर, नयाँ प्रविधि लगायत अन्य उत्पादनमूलक स्रोत/संसाधनमा महिलाको प्रत्यक्ष स्वामित्व एवम् नियन्त्रण सुनिश्चित गर्छ। यसले हेरचाहलाई जनहितकारी तथा आधारभूत अधिकारको रूपमा मान्यता दिन्छ। विकास सहयोगले यो कुरा स्वीकार गर्नु पर्छ कि स-साना टापुहरू र भूपरिवेष्ठित देशहरूले द्वन्द्व र नाजुक स्थितिमा असामान्य अवस्थाको सामनाका गर्नुका साथै जलवायु परिवर्तन र सशस्त्र द्वन्द्वको खराब प्रभाव महिला र बालिकाहरूको अधिकार र जीवनमा परेको हुन्छ।

**विकास सहयोग समितिको मस्यौदा दिगो विकासका लागि कूल आधिकारिक सहयोग (Total Official Support for Sustainable Development-TOSSD) सङ्कलनमा रियालिटी अफ एडको सुझावबाट उद्धरित**

दाता वा सरकारहरूले राष्ट्रिय स्तरमा प्रजातान्त्रिक नीति निमार्ण प्रकृयालाई निम्न तरिकाले सहजीकरण गर्नुपर्दछ* :

- विकास नीतिका सम्बन्धमा बहुसरोकारवाला बीच बहस सञ्चालन गर्नका लागि स्थायी संस्थागत संरचना वा वातावरणको निमार्ण गर्ने ,
- सामाजिक कार्यकर्ता, विशेषगरि जनस्तरमा काम गर्ने संस्थाका प्रतिनिधिहरू, जनजाति समुदाय तथा महिला र वालबालिकाहरूको विविधतापूर्ण समावेशी सहभागितालाई सहजीकरण गर्ने ,
- कानुनद्वारा संरक्षित सूचना र पारदर्शी एवम् जबाफदेही संयन्त्र र प्रकृयामा खुला र सामयिक पहुँच निमार्ण गर्ने ,
- बजेट निमार्ण प्रकृयामा नागरिकहरूको सहभागिताका साथ पूर्णरूपमा पारदर्शी तरिकाले बजेट अभिलेखको कार्यान्वयन गर्ने ,
- विकास लक्ष्यको प्राप्तिमा राष्ट्रियदेखि अन्तर्राष्ट्रियस्तरसम्म समावेशी र पूर्ण सहभागितामूलक प्रकृयाहरू अवलम्वन गर्ने,
- नागरिक समाजका संघ-संस्थाहरूलाई नीति निमार्ण प्रकृयामा सहभागी गराउन उनीहरूको क्षमता अभिवृद्धि गर्ने,

*यी सिफारिसहरू सीपीडीइको नागरिक समाज संस्थाहरूको लागि सक्षम वातावरणसम्बन्धी कार्यदल (CPDE Working Group on CSO Enabling Environment) ले अक्टोबर २०१३ मा प्रभावकारी विकास सहयोगका लागि विश्वव्यापी साझेदारीलाई प्रदान गरेको नागरिक समाजका संघ-संस्थाहरूको लागि सक्षम वातावरण : बुसानदेखि प्रगतिको प्रमाण संश्लेषण (*An Enabling Environment for Civil Society Organizations: A Synthesis of Evidence of Progress since Busan*) पुस्तकबाट उद्दृत गरिएको हो।

## चौथो चरण

### पैरवी योजनालाई कार्यान्वयन गर्ने गर्नुहोस्

पैरवी योजनाको कार्यान्वयन गर्न विभिन्न कृयाकलाप गर्न सकिन्छ (सत्र ४.२ हेर्नुहोस्) । पैरवी र अभियानात्मक गतिविधिहरू पैरवी योजना कार्यान्वयन गर्ने दुई तरिका हुन् । पैरवीका मुद्दा र पैरवी कार्यमा संलग्न सरोकारवालाहरूको प्रकारका आधारमा धेरैजसो पैरवी कार्यमा यी दुवै तरिकाको मिश्रण गरिन्छ ।

- **सरकारी अधिकारी र सम्बन्धित नीतिनिमार्ण तहमा पैरवी** : पैरवीअन्तर्गत नीति विश्लेषण वा परिवर्तनमा प्रत्यक्ष भूमिका निर्वाह गर्नसक्ने वा प्रभाव पार्न सक्ने वा स्रोत भएका वा नीति निमार्णकर्तासँग विशेष सम्बन्ध भएका व्यक्तिहरूसँग प्रत्यक्ष कुराकानी/संवाद पर्दछ । यो कार्य दिइएका मध्ये कुनै वा एक भन्दा बढीको समूहबाट गर्न सकिन्छ । जस्तै : टेलिफोन संवाद, चिठीपत्र, लिखित विवरण, अन्तरसरकारी बैठकमा सहभागिता र सकारात्मक हस्तक्षेप, सम्बन्धित सरकारी अधिकारी सँगको बैठक र यस्तै अन्य ।

- **अभियान र परिचालन** : यस अन्तर्गत व्यापक रूपबाट विभिन्न मञ्चहरूको विकास गरि सबै मञ्चहरूको प्रभावकारिताका निम्ति योजना निमार्ण गर्ने कार्य पर्दछ । अभियान र परिचालन विभिन्न माध्यमबाट गर्न सकिन्छ । खासगरि नागरिकहरू एक ठाँउमा जम्मा पारी नीतिगत सुधारका लागि दबाब सिर्जना गर्न सकिने कार्यक्रम जस्तै : शैक्षिक सामग्री वितरण, विरोध कार्यक्रम, कार्यशाला गोष्ठी, समारोह, बैठक, प्रदर्शन, अनलाइन कार्यक्रमको आयोजना आदि । यस्ता कृयाकलापहरू प्राय : उद्देश्यहरू, स्रोतहरूको उपलब्धता र पैरवीको सन्दर्भमा भर पर्दछन् ।

## पाँचौ चरण

### अनुगमन, समीक्षा र मूल्याङ्कन गर्ने

अनुगमन, समीक्षा र मूल्याङ्कन तीन विभिन्न प्रकृयाहरू हुन् जसले संस्था र समुदायलाई उनीहरूको पैरवी योजना कार्यान्वयनको प्रभावकारिता वा प्रभाव मूल्याङ्कन गर्ने अनुमति दिन्छन् र यी प्रकृयाहरू पैरवी योजनाको श्रृङ्खलाभित्र सम्पन्न गरिन्छ ।

- **अनुगमन** : अनुगमन पैरवी योजनाको अवधिभर तथ्याङ्कको व्यवस्थित सङ्ग्रह गर्ने कार्य हो । यसले ती सूचनाहरू सङ्कलन गर्दछ जसले कार्यान्वयनको प्रगति ट्र्याक गर्न आधार प्रस्तुत गर्दछ । यसका साथै, यसले समुदाय वा संस्थालाई योजना अगाडि बढ्ने क्रममा सम्बोधन गर्नुपर्ने मुद्दाहरूको पहिचान गर्न सहयोग गर्दछ । अनुगमन धेरैजसो सुरुमा पहिचान गरिएका सूचकहरूमा आधारित हुन्छ । सूचकहरू अन्तर्गत पैरवीका मुख्य सन्देशहरू समावेश हुन्छन् । अनुगमनमा अन्तर्वार्ताका अनुवादहरू र लक्षित समूहको संलग्नता एवम् उनीहरूको विचार तथा प्रतिकृया पनि समावेश हुन सक्छन् । साथसाथै, यसभित्र टिभी, रेडियो, प्रिन्ट तथा अनलाइन मिडियाबाट प्रसारण हुने सामग्रीमा समावेश हुने जनविचारमा यसको प्रभावको नोट गर्ने कार्य पनि पर्दछ । अर्कोतर्फ मूल्याङ्कनले निर्दिष्ट लक्ष्य र उद्देश्यहरूको उपलब्धि मापन गर्दछ ।
- **समीक्षा** : अनुगमनबाट सङ्कलन गरिएका तथ्याङ्कहरूको प्रयोग गरि पैरवी योजना अवधिभर नियमित रूपमा समीक्षा गरिन्छ । यसभित्र परियोजना ट्र्याकमा छ कि छैन भनेर हेर्न वा विद्यमान योजनाको कार्यान्वयनलाई प्रभाव पार्ने सिकाइहरू समेट्न र भावी योजनालाई आकार दिन आवधिक रूपमा सम्पन्न गरिने मूल्याङ्कनहरू (साप्ताहिक, मासिक, त्रैमासिक वा वार्षिक- जुन योजनाको अवधिमा भर पर्छ) पनि पर्दछन् ।
- **मूल्याङ्कन** : मूल्याङ्कन सामान्यतया पैरवी योजना वा परियोजनाको मध्य वा अन्त्यमा के प्रगति भएको छ भनेर विश्लेषण गर्न, परिवर्तनका निम्ति यसको प्रभावकारिताको मूल्याङ्कन गर्न र रणनीतिक सिकाइहरू हासिल गर्ने कार्यका लागि सम्पन्न गरिन्छ । पैरवीले संस्थाहरू र समुदायभन्दा वाहिर पनि पैरवी साझेदारहरू संलग्न गर्न सक्छ

नमुना अनुगमन र मूल्याङ्कन म्याट्रिक्सका लागि अनुसूची ख हेर्नुहोस् ।

## कृयाकलाप ३.१.

# नागरिक समाजका संघ-संस्था सहायता अवलोकनको अनुसन्धान परिणामका लागि पैरवी योजना मस्यौदा गर्नुहोस् । (भाग क)

| | |
|---|---|
| **उद्देश्य :** | सहायता विकास प्रभावकारिताका लागि अघिल्लो सत्रहरूबाट हासिल भएका जानकारीहरूको प्रयोग गरि एक पैरवी योजना तयार गर्नुहोस् । |
| **अपेक्षित परिणाम :** | पैरवी योजनाको मस्यौदाको तयार हुनेछ । |
| **सामग्री :** | • पावर पोइन्ट प्रस्तुतिहरू र/वा फ्लिप चार्ट<br>• एलसीडी प्रोजेक्टर<br>• मार्करहरू |

**प्रशिक्षकका लागि सुझाव:**
यो कृयाकलापले कृयाकलाप २.१ को समूह कार्यको उपलब्धिलाई समृद्ध गर्न सक्दछ ।

**कृयाकलाप ३.१ का लागि कार्यपाना हेर्नुहोस् ।**

## कृयाकलाप ३.१ का लागि निर्देशन

१. सहभागीको उचित समूह निमार्ण गर्नुहोस् ।
२. सहभागीहरूले अभ्यास गर्न इच्छा व्यक्त गरेको सहायता र विकास प्रभावकारितासम्बन्धी मुद्धा पहिचान गर्नुहोस् ।
३. छनौट गरिएको मुद्धाले निम्त्याएका कारण र प्रभावहरू पहिचान गर्नुहोस् ।
४.पैरवी योजनाको उद्देश्यहरू लेख्नुहोस् ।
५. सहभागी हुनुपर्ने वा संलग्न गरिनुपर्ने सरोकारवालाहरू वा समूहहरू पहिचान गर्नुहोस् ।
६. मुख्य सरोकारवालाहरूको निम्ति पैरवी सन्देश तयार गर्नुहोस् ।

## सत्र ४.२.

# पैरवी कार्य सञ्चालनका विधिहरू

| | |
|---|---|
| **सिकाइ उपलब्धिहरू :** | छलफलको अन्त्यमा सहभागीहरू :<br>१. पैरवी कार्य सञ्चालनका विभिन्न विधिहरूबारे जानकार हुनेछन्,<br>२. उनीहरूका आफ्ना पैरवी कार्यहरूमा यी विधिहरूका आधारभूत पक्षहरू लागू गर्न सक्नेछन् , |
| **सामग्री :** | • पावर पोइन्ट प्रस्तुतिहरू र/वा फ्लिप चार्ट<br>• एलसीडी प्रोजेक्टर<br>• मार्करहरू |
| **प्रकृया :** | १. यस सत्रका सिकाइ उपलब्धि बारे बताउनुहोस् ।<br>२. पैरवी कार्यका विधिहरूबारे छलफल गर्नुहोस् ।<br>३. सत्रभित्र एकीकृत कृयाकलापहरूको लागि तयारी गर्नुहोस् । |

**प्रशिक्षकका लागि निर्देशन :**
प्रत्येक विषयको अन्त्यमा उदाहरणका लागि विषयसँग सम्बन्धित लिङ्क प्रदान गरिनेछ । यद्यपि तपाइँको प्रशिक्षण सन्दर्भको लागि अन्य सान्दर्भिक उदाहरणहरू दिनु राम्रो हुनेछ ।

पैरवी कार्यको एक महत्वपूर्ण भाग भनेको पैरवी सन्देश लक्षित समूहसम्म पुगेको सुनिश्चित गर्दै उनीहरूलाई मुद्धाबारे प्रभाव पार्नु हो । यो सत्रले पैरवी कार्य गर्दा लक्षित समूहसम्म पुग्न सामान्य रूपमा प्रयोग हुने विधिहरूको रूपरेखा प्रस्तुत गर्नेछ ।

१. **संक्षिप्त नीति** : यसलाई नीतिगत दस्तावेज वा नीतिगत प्रतिवेदनको रूपमा पनि चिनिन्छ । यो एक संक्षिप्त दस्तावेज हो । जसले समस्या समाधानका लागि उत्तम सुझाव प्रदान गर्नुका साथै निश्चित नीतिगत समस्याहरूका मुख्य बुँदाहरूलाई संक्षेपमा प्रस्तुत गर्दछ । सहायता अवलोकनकर्ताहरूको लागि नीति संक्षिप्त अनुसन्धान परिणामहरू र सुझावहरू गैर विशेषज्ञहरूलाई सरल भाषामा प्रस्तुत गर्ने र नीति निर्माता एवम् अन्य लक्षित समूहलाई प्रभाव पार्ने एक मुख्य उपकरण हुनसक्छ ।

संक्षिप्त नीतिका लागि कुनै एक निश्चित ढाँचा छैन । यी सामान्य रूपमा दिइएको रूपरेखा अनुसार संरचना गरिन्छ :

- शीर्षक
- कार्यकारी सारांश
- परिचय
- मुख्य भाग (नीतिगत समस्या र/वा मुख्य अनुसन्धान परिणामहरू)
- नीतिगत सुझावहरू
- निष्कर्ष

थप रूपमा, नीति संक्षेपमा बक्स, साइडबार, ग्राफिक्स (Box, Sidebar, Graphics) घटना, तालिका, र फोटो पनि समेटिन सक्छन् । यसैगरि सन्दर्भ र कृतज्ञता पनि यसमा समेट्नु पर्छ ।
यद्यपि नीति संक्षेपको कुनै निर्दिष्ट लम्बाइ छैन तर पनि सामान्यतया यसमा ७ सय देखि ३ हजार शब्दहरू हुन्छन् । यसको लम्बाइ नीतिगत मुद्धाको प्रकृतिका साथै लक्षित समूहको प्रकारमा भर पर्छ । यति सम्झिनुस् सामान्यतया एउटा नीति संक्षेपले निम्न पक्ष समेटेको हुनुपर्छ :

- पाठकलाई समस्याका बारे बुझ्न पर्याप्त पृष्ठभूमि र सन्दर्भ प्रदान गर्ने ,
- पाठकलाई समस्या तत्काल सम्बोधन हुनुपर्छ भन्ने कुरामा विश्वस्त तुल्याउने ,
- विकल्पहरूबारे जानकारी प्रदान गर्ने,
- पाठकलाई निर्णय गर्न प्रोत्साहित गर्ने ।

२. **स्थिति पत्र** : स्थिति पत्र एक विस्तृत लिखत विवरण हो जसले कुनै विषयमा संस्थाको दृष्टिकोण, विश्लेषण र/वा संस्थाको नीतिलाई अभिव्यक्त गर्दछ । यो सामान्यतया तत्कालको घटना वा मुद्धाको प्रतिकृयाको रूपमा निबन्धको ढाँचामा लेखिएको हुन्छ । स्थिति पत्रले प्राय निम्न पक्षहरूलाई समेट्छ :
   - उपलब्ध मुद्धाको परिचय र पृष्ठभूमि
   - मुद्धा सम्बन्धमा संस्थाको विश्लेषण र स्थिति
   - निष्कर्ष (जसमा कारबाहीका निम्ति आह्वान र सुझाव समेटिन सक्छन्) ।

### संक्षिप्त नीतिको उदाहरणहरू :

- विकासका लागि राष्ट्रिय वित्तपोषण : व्यापारीकरण कि प्रजातान्त्रिक प्रकृया → **https://bit.ly/2zBKiHk**
- आजको विकास वित्तपोषण : कसको स्वार्थको सेवा → **https://bit.ly/2YBJvP6**
- एसियाली विकास बैंकको रणनीति २०३० : नवउदारवादको पुनःप्याकेजिङ्ग → **https://bit.ly/3d2OoWr**

### संक्षिप्त नीतिको उदाहरणहरू :

- दक्षिणी नागरिक समाजका संघ-संस्थाको दक्षिण-दक्षिण सहयोग सम्बन्धी पहिलो मस्यौदामाथिको वक्तव्यः→ **https://realityofaid.org/statement-on-the-first-draft-of-the-bapa40-outcome-document-southern-cso-alliance-on-south-south-cooperation/**
- आधिकारिक विकास सहयोगका लागि रिपोर्टिङ्को आधुनिकीकरण सम्बन्धी आर्थिक सहयोग र विकास संस्था- विकास सहयोग समितिको उच्चस्तरीय बैठकको विवरण :→ **https://realityofaid.org/statementfor-the-oecd-dac-high-level-meeting-on-modernising-reporting-for-official-development-assistance/**

३. **आवेदनपत्र** : मागपत्र भन्नाले प्रायः सम्बन्धित अधिकारीलाई सम्बोधन गरि कुनै विशेष कार्यका लागि गरिने लिखित अनुरोधलाई जनाउँछ। विकास प्रभावकारिताका लागि पैरवीका सन्दर्भमा यसप्रकारका आवेदनपत्रहरू धेरै लेख्न सकिन्छ। उदाहरणका लागि नागरिक समाजका संघ-संस्थाले प्रभावित समुदायका सदस्यहरूलाई निर्णय प्रकृयामा सहभागिताको अनुमति दिन, निश्चित परियोजना रोक्न, सरकारद्वारा प्राप्त सहायतासम्बन्धी कागजातहरू सार्वजनिक गर्न, मानवअधिकारको उल्लंघन गर्ने सरकारी गतिविधिमा अनुदान प्रदान गर्ने दातालाई अनुदान रोक्न आदि जस्ता उद्देश्यले आवेदनपत्र जारी गर्न सकिन्छ। आवेदनपत्रमा उल्लेख गरिएका आवश्यकतालाई वजन प्रदान गर्न सो मा हस्ताक्षर पनि सङ्कलन गरिन्छ।

मागपत्रका आधारभूत तत्वहरू देहाय बमोजिम रहेका छन् :

- संस्थाको लेटरहेड
- निवेदनको शीर्षक
- मिति
- प्राप्त गर्ने संस्था वा प्राप्त गर्नेको नाम
- पहिलो अनुच्छेद - विस्तृत माग
- दोश्रो अनुच्छेद -मागका कारणहरू
- तेश्रो अनुच्छेद - गर्नुपर्ने कार्यका लागि अनुरोध
- समापन
- हस्ताक्षरकर्ताको सूची

मागपत्रमा अफलाइन तथा अनलाइन दुवै माध्यमबाट हस्ताक्षर गर्न सकिन्छ। यसरी अनलाइन हस्ताक्षर लिनको लागि change.org/avaaz.org जस्ता वेवसाइटले सजिलो बनाएका छन्।

**मागपत्रको उदाहरण :**

- मापिथेल बाँध निमार्ण अहिले नै रोकियोस !→ **https://bit.ly/2zwDB9i**
- (प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई पत्र: भारतको संविधानको विशेष प्रावधान धारा ३७१ सी अनुसार मणिपुर राज्यमा मापिथेल बाँध (थोउबल बहुउद्देश्यीय परियोजना) को निमार्णका सम्बन्धमा)→ **https://bit.ly/2ULHoXL**

४. **वयानमा हस्ताक्षर (Sign-on statement)**: साइन अन स्टेटमेण्टहरू कम औपचारिक हुन्छन् र कुनै विशेष अधिकारीलाई सम्बोधन नगरिएको हुनसक्छ। यो त्यसरी लेखिन्छ जहाँ स्थिति, केही विश्वास र आवश्यकता अनुरूप सार्वजनिक मुद्दामा कार्य गर्नका लागि आव्हान गर्दै संस्थाहरू वा व्यक्तिहरूले समर्थन सहित हस्ताक्षर गर्दछन्।

**वयानमा हस्ताक्षरको उदाहरणहरू :**

- प्रणाली सुधार, परिवर्तन होइन !→ **https://bit.ly/37x973O**
- कर्पोरेट लुट र दमनबीच जलवायु एजेण्डा पुन: दाबी गर।→ **https://bit.ly/2XZZCXB**

५. **वयानमा ऐक्यबद्धता** : ऐक्यबद्धतामा कुनै कार्य वा कारणको लागि सार्वजनिक रूपमा समर्थन वा सहानुभूति व्यक्त गरिन्छ। यो खासगरि मुलधार का सञ्चारमा नउठ्ने मुद्धालाई विशेष महत्वका साथ उठान गर्न तथा विभिन्न व्यक्ति, समुदाय र संस्थाहरूको त्यसउपर समर्थन जुटाउन प्रयोग गरिने महत्वपूर्ण सञ्चार उपकरण हो।

**वयानमा ऐक्यबद्धताको उदाहरण :**

- सह-अध्यक्ष बेभरली लङ्गिडको लागि सीपीडीई को समर्थन बक्तव्य→ **https://www.change.org/p/government-of-the-philippines-latest-updates-cpde-statement-of-support-for-co-chair-beverly-longid**
- कोभिड-१९ माहामारीलाई सम्बोधन गर्न हामीले ऐक्यबद्धता निमार्ण गर्नुपर्छ र पछाडि परेका व्यक्तिहरूलाई विशेष ध्यान दिनुपर्दछ→ **https://bit.ly/3d4sCBC**
- प्रस्तावित आतङ्क
- आतङ्कवाद विरुद्धको ऐन, २०२० सम्बन्धमा सीपीडीई को वक्तव्य→ **https://www.facebook.com/notes/council-for-peoples-development-and-governance/proposed-anti-terror-law-is-an-attack-on-civic-space-and-democracy/546292496027723/**

६. **नीतिगत कार्यशाला** : नीतिगत कार्यशाला एक व्यवस्थित कार्यक्रम हो । जहाँ सार्वजनिक नीतिहरूको अध्ययन, छलफल, मूल्याङ्कन गरि प्रस्तावहरू तयार गरिन्छ । यस कार्यक्रमको उद्देश्य अनुरूप सहभागीहरू फरक फरक हुन्छन् । रियालिटी अफ एडको कामको सन्दर्भमा यसले नागरिक समाज, नीतिगत क्षेत्रमा काम गर्ने व्यक्तिहरू, पैरवीकर्ताहरू र प्रभावित समुदायको बीचमा सहायता र विकास प्रभावकारिताका मुद्धामा सरकार, दाता राष्ट्रहरू र बहुराष्ट्रिय सङ्गठनहरूलाई संलग्न गर्नका लागि नीतिगत कार्यशाला आयोजना गर्दछ ।

७. **नीतिगत संवाद** : नीतिगत संवाद भन्नाले एक संरचित/व्यवस्थित कार्यक्रम जहाँ नीति निर्माता र सरोकारवालाहरू सार्वजनिक नीतिमा छलफल गरि प्रभाव पार्ने उद्देश्यले भेला हुन्छन् वा त्यस्तो नीति निमार्णको सम्पूर्ण प्रकृया जहाँ नीतिगत क्षेत्रमा कार्य गर्ने मानिसहरू कुनै सार्वजनिक मुद्धाको नीतिगत पक्षमा अन्तरक्रिया गर्दछन् भन्ने कुरालाई बुझ्नुपर्दछ । यस प्रकृया अन्तर्गत नीतिगत पक्षहरूमा सम्बन्धित निकायलाई जानकारी गराई प्रभाव पार्ने लक्ष्यका साथ संरचित/व्यवस्थित कार्यक्रम, अनौपचारिक छलफल र कुराकानी, इमेल आदानप्रदान, मागपत्र र चिट्ठीहरू बुझाउने कार्यहरू पनि पर्दछन् ।

विशिष्ट वा व्यापक जुन परिभाषा प्रयोग गरिए पनि नीतिगत संवाद नीति निमार्ण प्रकृयाको एक महत्वपूर्ण अंश हो किनकि यसले सरोकारवालाको अपनत्वका साथसाथै जवाफदेहिता र पारदर्शितालाई सहजीकरण गर्दछ भने परिणामहरूको अनुगमन र ट्र्याकिङलाई राम्रो बनाउँछ । यद्यपि, नीतिगत संवादको प्रभावकारिता शासन प्रकृयामा नागरिक समाजका संघ-संस्था र जनसङ्गठनको प्रजातान्त्रिक सहभागितामा निर्भर गर्दछ । यसको अर्थ नीतिगत संवादहरू केवल प्रतिकात्मक र झारा टार्ने किसिमका हुनु हुँदैन । नीतिगत संवादले नागरिक समाजका संघ-संस्था र जनसङ्गठनहरूलाई प्रभाव पार्ने नीतिको निर्णय प्रकृयामा सकृय सहभागिताको अधिकार र क्षमता अभिवृद्धि गर्न सक्नु पर्दछ ।

८. **सांस्कृतिक सामग्री/कार्यक्रम** : सामान्यतया विकास प्रभावकारितासम्बन्धी पैरवीका लागि सांस्कृतिक कार्यक्रमहरूको आयोजना वा सामग्रीहरूको प्रयोग नगरिने भए पनि रचनात्मक माध्यमबाट विकास प्रभावको लागि जनसमर्थन प्राप्त गर्न सकिन्छ । गीत, कविता, कला प्रदर्शन, चलचित्र प्रदर्शन, सार्वजनिक नाटकहरू आदि जनचेतना अभिवृद्धि गर्ने र सहायता परियोजनाबाट प्रभावितहरूमाथि सहानुभूति बढाउने कार्यमा सहयोगी हुन सक्छन् ।

### सांस्कृतिक कार्यक्रमका उदाहरणहरू :

- वन विलियन राइजिङ्ग विरुद्ध पेनायमा विकास अभियान → **https://www.onebillionrising.org/15630/panay-guimaras-philippines-rising-revolution/**
- २७ औं कर्डिलेरा दिवस समारोहका परिणाम तथा मुख्य विशेषताहरू : हाम्रो सङ्घर्षको गौर वशाली इतिहासमा जिउनुहोस् । भूमि, जीवन र सम्मानका लागि लड्नुहोस् ! → **https://cpaphils.org/campaigns/CD2011ResultsandHighlights_Final.pdf**
- कारी-ओका-२, रियो +२० मा आदिवासीहरूको सम्मेलन : → **https://malocacommunities.org/2012/09/25/june-2012-kari-oca-ii-indigenous-peoples-conference-at-rio-20/**

९. **परिचालन** : परिचालन, प्रदर्शन, विरोध कार्यक्रम वा र्‍याली त्यस्ता कार्यक्रम हुन् जसमा विभिन्न समूहहरू एक विशेष स्थान, मिति र समयमा कुनै निश्चित मुद्धामा समर्थन वा विरोध गर्न भेला हुन्छन् । परम्परागत हिसाबले परिचालन भौतिक उपस्थितिमा गरिन्छ । डिजिटल प्रविधिको विकाससँगै सामाजिक सञ्जालका मञ्चहरूले भौतिक रूपमा उपस्थित हुन नसक्दा यस किसिमका कार्यक्रम गर्न सकिने माध्यम उपलब्ध गराएका छन् ।

### परिचालनका उदाहरणहरू :

- परिचालन विरुद्ध मापिथेल बाँध → **http://e-pao.net/GP.asp?src=38..130415.apr15**
- खुम्चिँदो नागरिक स्थान (space) विरुद्धको कार्यको विश्व दिवस → **https://csopartnership.org/2019/12/cso-platform-cpde-leads-global-day-of-action-against-shrinking-civic-spaces/**
- सिक्किममा बाँध निमार्ण कार्यविरुद्ध विश्वव्यापी विरोध → **https://www.ipmsdl.org/events/join-the-worldwide-protest-against-implementation-of-dams-in-sikkim/?fbclid=IwAR3sXIrpyRxYCkoNxYF98w9uSv7yQS8-14yRlLl-nWH5qhLkRTysZzi0Q0g**

१०. **अनलाइन पैरवी उपकरणहरू :** डिजिटल मिडिया वा अनलाइन सामग्रीहरूले विकास प्रभावकारिताका पैरवीकर्ताहरूलाई व्यापक रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोता/दर्शकबीच पुग्न सहयोग गरेको छ। डिजिटल मिडियाका लागि प्राथमिक रूपमा डिजिटल उपकरणहरू, विद्युत र इन्टरनेटमा पहुँच आवश्यक छ। यसरी डिजिटल मिडियामार्फत पैरवी सुरु गर्नु पहिले यी आवश्यकता र लक्षित स्रोता/दर्शकका सम्बन्धमा ध्यान पुऱ्याउनु जरुरी छ।

- वेबिनारहरू भौतिक उपस्थितिमा आयोजना गरिने कार्यशाला, सम्मेलन वा बैठकका अनलाइन संस्करणहरू हुन्। भौतिक रूपमा उपस्थिति हुनुको सट्टा आयोजक, वक्ता र सहभागीहरू वेबमा आधारित अनलाइन मञ्चमा जम्मा भई छलफल गर्दछन्।
- तथ्याङ्क दृश्यावलोकन (Data visualization) भनेको तथ्याङ्क र जानकारीको ग्राफिकल प्रतिनिधित्व हो। चार्ट, ग्राफ र नक्साजस्ता चित्र वा छविहरूको प्रयोग गरेर तथ्याङ्क दृश्यावलोकनले पाठक वा दर्शकहरूलाई तथ्याङ्कबीचको सम्बन्ध सजिलो तरिकाबाट बुझ्न सहयोग गर्दछ। सहायता र विकास प्रभावकारिताको सन्दर्भमा सहयोगको प्रतिबद्धता र वास्तविक सहयोग वा एउटा प्राथमिकताको तुलनामा अर्को प्राथमिकतालाई प्रदान गरिएको सहायता रकम जस्ता पक्षहरूको तुलनात्मक जानकारीको लागि पनि तथ्याङ्क दृश्यावलोकनले सहयोग गर्दछ।

### तथ्याङ्क दृश्यावलोकनका उदाहरणहरू :

- अमेरिकी विदेश सहायता जहाँ जाँदैछ ? → **https://bit.ly/3fsT8Gt**
- देश अनुसार अमेरिकी विदेश सहायता→ **https://bit.ly/30P7bSG**
- सैन्य खर्च ग्राफिक्स, २०१९ → **https://bit.ly/37BdTNm**

- **सामाजिक सञ्जाल :** सामाजिक सञ्जालका विभिन्न मञ्चहरू पैरवी कार्यका लागि निकै लोकप्रिय छन्। फेसबुक, ट्विटर, इन्स्टाग्राम जस्ता मञ्चहरू मार्फत विकास प्रभावकारिताका पैरवीकर्ताहरू व्यापक स्रोता/दर्शक/पाठकहरूका बीचमा पुगेका छन्। सामाजिक सञ्जालमा पैरवी कार्यका लागि तथ्याङ्क दृश्यावलोकन, इन्फोग्राफिक्स, तस्विर कथा, भिडियो, मिम्स लगायतका सामग्रीको प्रयोग गर्न सकिन्छ। सामाजिक सञ्जालहरूमा वेबलिङ्कहरू पनि राखेर पठाउन सकिन्छ ताकि स्रोता /दर्शक/पाठकहरू पैरवी-संस्थाहरूका वेबसाइट, वक्तव्य वा हस्ताक्षर अभियानहरूमा संलग्न हुन वा हेर्न-देख्न सकुन्।

### डिजिटल सञ्चार सामग्रीका उदाहरणहरू :

- इन्फोग्राफिक्स : रियालिटी अफ एड प्रतिवेदन २०१८ → **https://realityofaid.org/infographics/**
- चित्र कथाहरू : न्यूयोर्कका मानवहरू → **https://bit.ly/3eb4zCm**
- मेम : ट्रिकल डाउन अर्थशास्त्र (Trickle down Economics) → **https://bit.ly/2YGixpv**
- भिडियोहरू : डि.सी.एफ. २०१८ मा आइबिओ एनइन्टरनेशनलको(IBON International) → **https://bit.ly/2YKNSam**

सामाजिक सञ्जाल अभियान कम्तीमा एक सामाजिक सञ्जालको मञ्चबाट एक पैरवीलाई अगाडि बढाउने एक समन्वयात्मक प्रयास हो। उदाहरणका लागि कुनै विश्व दिवसको अवसरमा आयोजकहरूले सहभागीहरूलाई उनीहरूले गरेका कार्य, गतिविधि वा घटनाहरूलाई ह्यास्ट्याग (३) गरि सामाजिक सञ्जालमा राख्न प्रोत्साहित गर्दछन्। यसरी गरिएका पैरवी प्रभावकारी भएता पनि सामाजिक सञ्जालमा राखिएका सामग्रीहरूको अफलाइन अनुवाद हुनसक्दा अझ बढी प्रभावकारी हुनसक्छ।

तपाईंले सामाजिक सञ्जाल अभियानको तयारी गर्दा निम्न पक्षहरू सम्झनुहोस् :

- **अभियानको निम्ति स्मार्ट (SMART) उद्देश्यहरू निमार्ण गर्नुहोस्**
  - निश्चित : अभियानका लागि हामीले 'ए' भन्ने सामाजिक सञ्जाल र 'बी' भन्ने मापन प्रणाली छानेका छौं।
  - मापन योग्य : प्रतिकृयाको पहुँच विश्लेषणात्मक तरिकाबाट मापन गर्न सकिन्छ।
  - प्राप्त गर्न सकिने : हामीले .... प्रतिशत सम्म लक्षित वर्ग वा मानिसहरूसम्म पुग्ने लक्ष्य लिएका छौं।
  - सान्दर्भिक : हाम्रो लक्ष्यले समग्र सामाजिक सञ्जालमा बलियो प्रभाव पार्नेछ।
  - समय निर्धारित : हाम्रो लक्ष्य ... वर्षको अन्त्य सम्म हासिल गरिनेछ।
- लक्षित स्रोता /दर्शक/पाठकहरूका निम्ति उत्पादन गरिने सामग्री र प्रयोग गरिने सामाजिक सञ्जालबारे निर्णय गर्नुहोस्।
- सामग्री क्यालेण्डर वा तालिका तयार गर्नुहोस्।

- व्यक्ति वा संस्थाहरू कसरी अभियानमा सहभागी हुन सक्छन् भन्नेबारे सामान्य निर्देशन वा सुझाव तयार गर्नुहोस् ।
- पोष्टिङको अनुगमन गर्नुहोस् र प्रतिकृयाहरूको सम्बोधन गर्नुहोस् ।
- उद्देश्य अनुरूप उपलब्धि हासिल भए/नभएको मूल्याङ्कन गर्नको लागि कति पटक पोष्टिङ्ग भए ? कति सेयर भए ? कति प्रतिकृयाहरू आए ? जस्ता पक्षहरूको तथ्याङ्क अद्यावधिक गर्नुहोस् ।

**सामाजिक सञ्जाल अभियानहरूको उदाहरणहरू :**

- ऐक्यवद्धताको विश्वदिवस #PublicHealthNotProfit
- सैन्य खर्चसम्बन्धी कार्यको विश्वदिवस (Global Days of Action on Military Spending) #GDAMS

११. मिडिया (सञ्चारक्षेत्र) को संलग्नता : मिडिया सम्बन्ध व्यवस्थापन भनेको रेडियो, टेलिभिजन तथा डिजिटल मिडियाका सम्पादक, पत्रकार, सम्वाददाताहरूसँग पैरवी सामग्रीहरूको उचित सञ्चार माध्यमबाट प्रभावकारी ढङ्गले सञ्चार गर्ने कार्यका लागि गरिने सम्बन्ध विकास हो । पत्रकारहरू सधै राम्रो समाचार वा सामग्रीको खोजीमा रहन्छन् । मिडिया कर्मचारीहरूसँगको बलियो सम्बन्ध विकासले विकास प्रभावकारिताका पैरवीकर्ताहरूलाई लक्षित स्रोता /दर्शक/पाठकहरूसम्म पुग्नलाई अझ सहज हुन्छ । मिडिया सम्बन्ध विकासका लागि केही सुझावहरू तल दिइएको छ :

- **संवाददाताहरू पहिचान गरि उनीहरूको सूची तयार गर्नुहोस् ।**
  लक्षित मिडियाहरूका कुन चाहिँ लेखक वा पत्रकारले तपाइँको पैरवीसँग सम्बन्धित विषयमा सामग्रीहरू पस्किन्छ भन्ने कुराको पहिचान गर्नुहोस् । यो कार्य प्रकाशित वा प्रशारित सामग्रीमा दिइएको नाम अभिलेख गरेर गर्न सकिन्छ । कतिपय अवस्थाहरूमा अनलाइन मिडियाहरूले विषयवस्तु अनुसार उनीहरूको सम्पादकीय डेस्क हेर्नेहरूको इमेल ठेगानाहरू प्रकाशित गर्ने गर्छन् । संवाददाताहरूको सामाजिक सञ्जालको खाता र मिडिया आउटलेटमा पनि मिडिया सम्पर्क फेला पार्न सकिन्छ ।
- **तपाइँको पैरवीमुद्धासँग सम्बन्धित हालसालैका समाचारमा टिप्पणी वा प्रतिकृया दिन अनुरोध गर्नुहोस् ।**
  यो कार्य मिडिया साक्षात्कारको प्रस्ताव गरेर गर्न सकिन्छ भने सम्पादकलाई पत्र लेख्ने र सामाजिक सञ्जालमा पोष्ट गरिएको समाचारमा टिप्पणी लेख्ने जस्ता कार्यबाट पनि गर्न सकिन्छ ।
- **विश्वसनीय र पहुँचयोग्य हुनुहोस्**
  तपाइँले पत्रकारहरूलाई प्रदान गर्ने जानकारीमा इमान्दारिता र सत्यता सुनिश्चित गर्नुहोस् । संवाददाताले सामग्री तयार पारिसक्नुपर्ने समय र तपाइँले उनीहरूलाई गर्नुभएका प्रतिबद्धताको सम्मान गर्नुहोस् । उनीहरूका सम्भावित प्रश्नहरूको तत्काल उत्तर दिन तपाइँ सक्षम हुनुपर्दछ । तपाइँ सधै मिडिया वा प्रेस किट (सामग्री)का साथ तयारी अवस्थामा रहनु होस् । जसमा तपाइँको संस्थाको प्रोफाइल, प्रवक्ताको सम्पर्क, पैरवीको संक्षिप्त विवरण, गुणस्तरीय तस्विरहरू आदि रहन्छन् ।

पैरवी कार्यमा मिडियालाई संलग्न गर्नका लागि प्रयोग गर्न सकिने केही उपकरणहरू तल दिइएका छन् ।

- **प्रेस विज्ञप्ति** : प्रेस विज्ञप्ति (जसलाई प्रेस वक्तव्य पनि भनिन्छ) एक त्यस्तो समाचार सामग्री हो जुन पैरवीकर्ताद्वारा लेखिन्छ र मिडियाका लक्षित सदस्यलाई पठाइन्छ । सहायता अवलोकनमा जन-अनुसन्धानलाई व्यापक वा लोकप्रिय बनाउने सन्दर्भमा प्रेस विज्ञप्ति भनेको एक सञ्चार उपकरण हो जुन तपाइँको पैरवीको पक्षमा जन-अनुसन्धानका परिणामहरूलाई मिडिया मार्फत प्रसार वा वितरण गर्न प्रयोग गरिन्छ ।

  प्राविधिक दृष्टिकोणबाट प्रेस विज्ञप्ति एक समाचार सामग्री हो । जुन सामान्यतया एक पेज लामो हुन्छ र यसले पाँचवटा W (डब्ल्यू) र एक H (एच) प्रश्नहरू (के, कहिले, कहाँ, किन, को र कसरी) को उत्तर समेट्छ । यसका साथै, यसको लेखन जानकारीमूलक हुनुपर्दछ, औपचारिक तथा बनावटी भाषा प्रयोग गर्नु हुँदैन भने प्राविधिक शब्दहरू सकेसम्म प्रयोग नगर्ने वा थोरैमात्र प्रयोग गर्नुपर्दछ ।
- **सम्पादकलाई पत्र** : सम्पादकलाई पत्र भनेको पाठकहरूको चासोका विषयमा प्रकाशनलाई सम्बोधन गरि लेखिने पत्र हो । यी विषयहरू मिडियाका सम्पादकीयमा तपाइँको अडान, यसमा प्रकाशित सामग्री, तत्कालका मुद्धाहरू, गलत समाचार वा त्रुटि सुधारसम्बन्धमा हुन सक्छन् । सम्पादकलाई पत्र प्रायः छोटो अर्थात २ सय भन्दा

कम शब्दमा लेखिन्छ । सम्पादकलाई पत्र लेख्नु अगाडि सधैँ मिडिया आउटलेटको जाँच गर्नुपर्दछ ।

- **फरक विचार सम्बन्धी लेख (Op-Ed Article):** फरक विचारसम्बन्धी लेख एक त्यस्तो लेख हो, जुन हालैका घटनामा केन्द्रित हुन्छ र कुनै मिडिया प्रकाशनमा व्यक्त विचारको प्रतिक्रियामा लेखिएको हुन्छ । यो सम्पादकलाई लेखिने पत्र भन्दा लामो वा प्राय : ३ सय देखि ७ सय शब्दमा लेखिएको हुन्छ । फरक विचार लेख्दा तपाइँको विचार स्पष्ट एवम् तथ्याङ्कहरूले त्यसलाई पुष्टि गर्दछ भन्ने कुरा सुनिश्चित गर्नु जरुरी छ । यसमा पाठकहरूलाई उनीहरूले के कुरा ख्याल गर्नु पर्छ र के कदम चाल्नु जरुरी छ ? भन्ने बारेमा स्पष्ट रूपमा सन्देश दिनुपर्छ ।
- **पत्रकारहरूलाई तपाइँको मिडियासम्बन्धी कार्यक्रममा आमन्त्रण गर्नुहोस् ।**
  मिडिया सम्बन्धी कार्यक्रमहरू ती सबै कार्यक्रम हुन् जुन आफूले उठाउँदै आएका विषयहरू मिडियामा समेट्ने अभिलाषाका साथ आयोजना गरिन्छ । यस अन्तर्गत मिडिया परिचालन, प्रतिकात्मक कार्य वा अभियानको सुरुमा समाचार सङ्कलनका लागि मिडियालाई गरिने आमन्त्रण जस्ता कार्य पर्दछन् ।
- पत्रकार सम्मेलनः पत्रकार सम्मेलन सबैभन्दा बढी गरिने मिडियासम्बन्धी कार्यक्रम हो । यो कार्यक्रम मिडियाबाट कुनै पनि विषयमा आधिकारिक जानकारी दिन र सम्बन्धित प्रश्नहरूको जवाफ दिन आयोजना गरिन्छ । यस मार्फत तपाइँले प्रेस विज्ञप्तिमा भन्दा धेरै जानकारी प्रदान गर्न सक्नुहुन्छ (यद्यपि तपाइँले यसलाई सम्मेलनको दौरान वितरण गर्नुपर्ने हुन्छ), अन्तरक्रिया गर्न सक्नुहुन्छ, महत्वपूर्ण विकासक्रमबारे जानकारी दिन सक्नुहुन्छ, प्रश्नहरूको प्रत्यक्ष रूपमा उत्तर दिन सक्नुहुन्छ आदि । पत्रकार सम्मेलन गर्दा निम्न पक्षमा ध्यान दिनु जरुरी छ :
  - तपाइँको कार्यक्रमसम्बन्धी के, कहिले, को, कहाँ, किन जस्ता प्रश्नहरूको उत्तर आउने गरि एकपेजको जानकारी पठाउनु होस् । यसका साथै, तपाइँको फोन नं., इमेल, सान्दर्भिक अन्य जानकारी पनि यसमा समेट्नुहोस् ।
  - सम्मेलनका लागि वक्ताहरू छान्नुहोस् र उनीहरूलाई उनीहरूले बोल्ने शीर्षक प्रदान गरिएको पनि सुनिश्चित गर्नुहोस् । प्रभावित समुदायबाट आएका प्रथम प्रमाणहरू धेरै शक्तिशाली तथा मनासिब हुन्छन् । कार्यक्रम सञ्चालन गर्नका लागि एक सहजकर्ता छान्नुहोस् जसले विषय र सहभागीको जानकारीका साथै कार्यक्रमलाई व्यवस्थित ढङ्गले अगाडि बढाउँछ । सहजकर्ताले कतिपय प्रश्नको उत्तर आफै दिन्छ भने आवश्यकता अनुरूप कतिपय अवस्थामा सम्बन्धित सहभागीलाई सो को उत्तर दिन अनुरोध गर्दछ ।
  - सम्मेलनको समयमा वितरणका लागि प्रेस सामग्री तयार गरि लैजानु पर्दछ । यसमा एक प्रेस विज्ञप्ति, वक्ताहरूको छोटो परिचय, सान्दर्भिक फोटो, विषयवस्तुको पृष्ठभूमिसम्बन्धी जानकारी आदि समेटिएको हुन्छ ।
  - पत्रकार सम्मेलनका लागि हल वा कोठा तयारी अवस्थामा राख्नुहोस् । साथै, दृष्य सामग्री, विद्युतीय उपकरणहरू, खाजा आदिको प्रबन्ध हुनु पर्दछ ।
  - पत्रकार सम्मेलनको समयमा मिडियालाई स्वागत गर्दै अतिथिको रूपमा हस्ताक्षर गराउनु होस् । प्रत्येक वक्तालाई करिब ५ मिनेटभित्र ३ देखि ५ वटासम्म मुख्य बुँदाहरूमा रहेर विचार राख्ने अवसर दिनुहोस् । वक्ताहरूको विचार पछि सहजकर्ताले मिडियालाई प्रश्न राख्ने अवसर दिनुपर्छ । पत्रकार सम्मेलन प्रायः ४५ मिनेटदेखि १ घण्टासम्मको हुन्छ ।
  - पत्रकार सम्मेलनपछि मिडिया आउटलेटहरू हेर्नुहोस् र तपाइँले आयोजना गरेको कार्यक्रमका विषयहरू कसरी प्रकाशित वा प्रसारित भए भन्ने नोट गर्नुहोस् । राम्रो प्रभाव पार्नका लागि पत्रकारहरूसँग व्यक्तिगत सम्पर्क बढाउनुहोस् र उनीहरूलाई सम्बन्धित विषयमा जानकारी आवश्यक परेमा आफूलाई सम्पर्क गर्न पनि अनुरोध गर्नुहोस्

### मिडियाका लागि सञ्चार उपकरणहरू :

- **प्रेश विज्ञप्ति** : सहायता सम्वन्धी विश्वव्यापी भेला : नागरिक समाज समूहहरूले अमेरिकी सहायता नीतिमा प्रहार गरे । → **https://bit.ly/37ssbjB**
- **सम्पादकलाई चिठी** : वेट्सोइटेन (Wet'suwet'en) विरोध पाइपलाइन भन्दा बढी हो → **https://bit.ly/2YdmHWX**
- **ओप-एड लेख (Op-Ed Article)** : जनता मार्फत र जनताका लागि विकास → **https://bit.ly/3egrA6Y**
- **मिडिया सुझाव** : आदिवासी नेता, कानून विज्ञहरूद्वारा साईट सीले पार्लियामेण्ट हिलमा गरेको पत्रकार सम्मेलनको विरोध → **https://bit.ly/2USUuTi**

### छलफलका लागि प्रश्न :

तपाइँले मिडियासम्बन्धी अन्य कुन-कुन कार्यक्रम गर्नुभएको छ अर्थात लक्षित स्रोता/दर्शक/पाठक वा समूहसम्म प्रभावकारी ढङ्गले पुग्न के गर्नुपर्ला ?

## कृयाकलाप ३.२.

# नागरिक समाजका संघ-संस्था सहायता अवलोकनको अनुसन्धान परिणामका लागि पैरवी योजना तयार गर्नुहोस् । (भाग-२)

| | |
|---|---|
| उद्देश्य : | विकास प्रभावकारिताका लागि पैरवी योजना तयार गर्न यसभन्दा पहिलेका सत्रमा हासिल गरेका जानकारीहरूको प्रयोग गर्ने । |
| अपेक्षित उपलब्धिहरू : | पैरवी योजनाको मस्यौदा |
| सामग्री : | • पावर पोइन्ट प्रस्तुतिहरू र/वा फ्लिप चार्ट<br>• एलसीडी प्रोजेक्टर<br>• मार्करहरू |

**प्रशिक्षकका लागि निर्देशन :**
यो कृयाकलापले कृयाकलाप ३.१ को समूह कार्यको उपलब्धिलाई समृद्ध गर्न सक्दछ ।

कृयाकलाप ३.२ का लागि कार्यपाना (Work sheet) हेर्नुहोस् ।

## कृयाकलाप ३.२ का लागि निर्देशनरू :

१. कृयाकलाप ३.१ को नतिजाहरू प्रयोग गर्नुहोस् ।
२. कृयाकलाप ३.१ मा पहिचान गरिएका मुख्य सरोकारवालाहरूलाई सहभागी वा संलग्न गर्न उपयुक्त विधिहरू तय गर्नुहोस् । यिनीहरूलाई सञ्चार उत्पादन (communication products) जस्तै : मेम्स, प्रेस विज्ञप्ति, नीतिगत संक्षेप आदि) र कार्यक्रमहरू (पत्रकार सम्मेलन, नीतिगत कार्यशाला, परि चालन आदि) का आधारमा समूहिकृत गर्नुहोस् ।
३. सरोकारवाला संलग्नता वा सहभागिता उपलब्धिका सूचकहरू तयार गर्नुहोस् ।
४. विधि वा कृयाकलाप कार्यान्वयनका लागि समय तालिका बनाउनु होस् ।
५. आवश्यक स्रोत (मानव स्रोत, यातायात, वित्त आदि) पहिचान गर्नुहोस् ।

# अनुसूचीहरू :


| | |
|---|---|
| अनुसूची क : नमुना गुणात्मक र परिमाणात्मक तथ्याङ्क<br>१. गुणात्मक तथ्याङ्कका उदाहरणहरू<br>२. परिमाणात्मक तथ्याङ्कका उदाहरणहरू | ७९ |
| अनुसूची ख : नमुना अनुगमन तथा मूल्याङ्कन म्याट्रिक्स | ८२ |
| अनुसूची ग : कृयाकलाप १, कार्यपत्र (Work Sheet) | ८३ |
| अनुसूची घ : कृयाकलाप २.१ कार्यपत्र (Work Sheet) | ८४ |
| अनुसूची ङ : कृयाकलाप २.२ कार्यपत्र (Work Sheet) | ८५ |
| अनुसूची च : कृयाकलाप ३.१ तथा ३.२ कार्यपत्र (Work Sheet) | ८६ |
| अनुसूची छ : विकास सहयोगीको जवाफदेहिता संयन्त्रको सम्पर्कसम्बन्धी जानकारी | ८७ |

# अनुसूची क
# नमुना गुणात्मक र परिमाणात्मक तथ्याङ्क

## १. गुणात्मक तथ्याङ्कका उदाहरणहरू

**उदाहरण १ :** एसियाली पूर्वाधार तथा लगानी बैंक (AIIB) र न्यू डेभलेपमेण्ट बैंक (New Development Bank)[२२] बीच तुलना :

### एसियाली पूर्वाधार तथा लगानी बैंक र न्यू डेभलेपमेण्ट बैंकको वातावरण तथा सामाजिक ढाँचाका मुख्य विशेषताहरू

**एसियाली पूर्वाधार तथा लगानी बैंक**

- देशहरूले पेरिस सम्झौताका लक्ष्यहरूका लागि सहयोग गर्दछन् ।
- सह- वित्तपोषण गर्ने बहुपक्षीय विकास बैंक (MDB) हरूसँग यसका नीतिहरू समन्वय गर्ने लक्ष्य राख्दछ तर यिनीहरूका मुद्दाहरूका आधारमा आवेदनको अनुमति दिन्छ ।
- परियोजनाहरूको सम्भावित वातावरण तथा सामाजिक जोखिम र प्रभावहरूका आधारमा ४ भागमा वर्गीकरण र मूल्याङ्कन गर्दछ ।
- तीन क्षेत्रमा वातावरण र सामाजिक मापदण्ड तय गर्दछ : अ) वातावरणीय र सामाजिक मूल्याङ्कन एवम् व्यवस्थापन, आ) इच्छा नगरिएको पुनर्वास, र इ) आदिवासी
- एक वातावरणीय र सामाजिक बहिष्करण सूची संलग्न गर्दछ ।

**न्यू डेभलेपमेण्ट बैंक**

- देहायका मुख्य सिद्धान्तहरू गणना गर्दछ : अ) समावेशी र दिगो विकास, आ) राष्ट्रिय प्रणाली इ) वातावरणीय र सामाजिक रुचि, र ई) जलवायु परिवर्तन
- वातावरणीय र सामाजिक जोखिम एवम् प्रभावहरूको व्यवस्थापनमा देशीय तथा व्यापारिक प्रणालीहरूको प्रयोगलाई पक्षपोषण गर्दछ ।
- परियोजनाहरूको संभावित वातावरण तथा सामाजिक जोखिम र प्रभावहरूका आधारमा ४ भागमा वर्गीकरण र मूल्याङ्कन गर्दछ ।
- तीन क्षेत्रमा वातावरण र सामाजिक मापदण्ड तय गर्दछ : अ) वातावरणीय र सामाजिक मूल्याङ्कन एवम् व्यवस्थापन, आ) इच्छा नगरिएको पुनर्वास, र इ) आदिवासी
- एक वातावरणीय र सामाजिक बहिष्करण सूची संलग्न गर्दछ ।

*Source: AIIB's Environment and Social Framework. Approved February 2016 (Amended February 2019); NDB's ENvironment and Social Framework, March 2016*

[22] Custodio, I. (2020, March). Introduction in S.I. Torres (Ed.). Asian Infrastructure Investment Bank and the New Development Bank: Paradigm shift or rehashing corporate-led development? (pp. 5-17). Retrieved from https://realityofaid.org/wp-content/uploads/2020/04/AIIB-NDB-Paradigm-Shift-or-Rehashing-CorporateLed-Development.pdf

**उदाहरण २ : रियालिटी अफ एड सदस्य राष्ट्रहरूमा 'समावेशी परामर्श' को वर्णन**[२३]

स्थानीय तहमा पनि परामर्श र सहभागिता हुनुपर्ने गरि कानुनी प्रावधान रहेको इक्वेडरमा प्राय : यी प्रकृयाहरू नीतिनिमार्ण प्रकृयाका अन्तमा हुने गर्दछन् र नागरिक संस्थाले यो अभ्यासलाई प्रायः सामाजिक प्रमाणिकरण मध्येको एक प्रकृया मान्दछन् । विकासलाई प्रतिस्थापन गर्न नयाँ सुमक कावसे (इक्वेडोरियन भाषा जसले 'राम्रो जीवन' भन्ने अर्थ दिन्छ)-इक्वेडर अध्याय- को प्रभावहरूमा छलफल वा बहस गर्ने अवसर पर्याप्त छैनन् ।

जाम्बियामा नागरिक समाजका संघ-संस्था हरूको धारणा के थियो भने उनीहरू केवल रबर स्ट्याम्प हुन् अर्थात एक योजना जसको उत्पादन प्रकृया उनीहरूको सुझाव वा सहभागिताविना नै सुरु भएको थियो । सरकारले शून्य मस्यौदा तयार गरिसकेपछि अन्तिम प्रकृयामा मात्रै नागरिक समाजकाका संघ-संस्थाहरूको सुझावका लागि अनुरोध गऱ्यो ।

फिलिपिन्सको घटना पनि प्रतिकात्मक छ, जहाँ क्षेत्रीयस्तरका परामर्श कार्यक्रमहरूमा नागरिक समाजका संघ-संस्थाहरूको सहभागिता केवल आमन्त्रितमात्र छ । यसैगरि, सरकारको नीतिहरूका बारेमा  आलोचना गर्ने व्यक्तिहरू पनि यस्ता कार्यक्रमका लागि छनौट हुने सम्भावना निकै कम हुन्छ । (फिलिपिन्स अध्याय) । पाकिस्तानी अध्यायका लेखकले वहिष्करण शासन प्रणालीबारे वर्णन गर्दै जसले नागरिकका आवश्यकता र आकाक्षा सम्बोधन गर्न लगभग असक्षम रहेको उल्लेख गरेका छन् । यस सन्दर्भमा नागरिकहरूले ठूला सार्वजनिक चासोका विषयप्रति उदासीनताको मनोवृत्ति विकास गरेका छन् ।

## ख) परिमाणात्मक तथ्याङ्कको उदाहरण

**उदाहरण १**ः एशियाली विकास बैंक सदस्यहरूको मतदान शक्ति र शेयर पुँजीको तुलना[२४]

**चित्र ३**
**एसियाली विकास बैंकका गैर-क्षेत्रीय सदस्यहरूको शेयरपुँजी र मतदान शक्ति**

| | सदस्यता लिएको वर्ष | शेयर पुँजी (%) | मतदान शक्ति (%) |
|---|---|---|---|
| **गैर-क्षेत्रीय सदस्य** | | | |
| अष्ट्रेलिया | १९६६ | ०.३४० | ०.५७१ |
| बेल्जियम | १९६६ | ०.३४० | ०.५७१ |
| क्यानाडा | १९६६ | ५.२३१ | ४.४८३ |
| डेनमार्क | १९६६ | ०.३४० | ०.५७१ |
| फिनल्याण्ड | १९६६ | ०.३४० | ०.५७१ |
| फ्रान्स | १९७० | २.३२८ | २.१६१ |
| जर्मनी | १९६६ | ४.३२६ | ३.७५९ |
| आयरल्याण्ड | २००६ | ०.३४० | ०.५७१ |
| इटाली | १९६६ | १.८०७ | ३.७५९ |
| लक्जमवर्ग | २००३ | ०.३४० | ०.५७१ |
| नेदरल्याण्ड्स | १९६६ | १.०२६ | १.७४४ |
| नर्वे | १९६६ | ०.३४० | ०.५७१ |
| पोर्चुगल | २००२ | ०.११३ | १.११९ |
| स्पेन | १९८६ | ०.३४० | ०.५७१ |
| स्वीडेन | १९६६ | ०.३४० | ०.५७१ |
| स्वीजरल्याण्ड | १९६७ | ०.५८४ | ०.७६५ |
| टर्की | १९९१ | ०.३४० | ०.५७१ |
| संयुक्त अधिराज्य | १९६६ | २.०४२ | १.९३२ |
| संयुक्त राज्य | १९६६ | १५.६०७ | १२.७८४ |
| | | **३६.४६७** | **३४.८५४** |
| **जम्मा** | | **१००.००** | **१००.००** |

**नोटः राउण्डिङ्का कारण संख्याको योग यकिन छैन ।**

[23] Reality of Aid. (2011). Democratic Ownership and Development Effectiveness: Civil Society Perspectives on Progress since Paris. Retrieved from https://www.realityofaid.org/wp-content/uploads/2013/02/Final-bridged-Roa-Report-2011-EFS.pdf

[24] Reality of Aid-Asia Pacific. (2019). CSO Review of Asian Development Bank's Development Effectiveness. Retrieved from https://realityofaid.org/wp-content/uploads/2019/04/ADB-25April-web1-1.pdf

**उदाहरण २ :** मण्डालिका सेज (Mandalika SEZ)[२५] को परियोजना लागत तथा वित्तीय योजना अनुमानित परियोजना लागत र वित्तीय योजना - चरण १ (२०१९-२०२३)

**Estimated Project Cost and Financing Plan - Phase 1 (2019-2023)**

| **भाग** | **लागत रकम** | **वित्तीय स्रोत** | |
|---|---|---|---|
| | | **एसियाली पूर्वाधार तथा लगानी बैंक** | **इण्डोनेसिया सरकार** |
| भाग १. आधारभूत सेवा तथा पूर्वाधार (छिमेकी गाउँ समेत) | १६९.३० | १६९.३० | ०.०० |
| भाग २. कार्यान्वयन सहयोग तथा क्षमता वृद्धि | १५.४० | १४.४० | १.०० |
| भू-लागत | ६७.११ | ०.० | ६७.११ |
| आकस्मिक लागत (भौतिक तथा मूल्य) | ४१.३६ | ४१.४६ | ०.०० |
| निमार्ण अवधि वित्तीय खर्च | २३.३४ | २३.३४ | ०.०० |
| **जम्मा** | **३१६.५०** | **२४८.३९** | **६८.११** |

रकम यु.एस. डलरमा; स्रोत : एसियाली पूर्वाधार तथा लगानी बैंक, २०१८

[25] Sabar, K. (2020). AIIB Financial Support for Mandalika SEZ Deprives People's Rights in S. I. Torres (Ed.). Asian Infrastructure Investment Bank and the New Development Bank: Paradigm Shift or Rehashing Corporate-Led Development? (pp. 40-49). Retrieved from https://realityofaid.org/wp-content/uploads/2020/04/AIIB-NDB-Paradigm-Shift-or-Rehashing-CorporateLed-Development.pdf

# अनुसूची ख
# नमुना गुणात्मक तथा परिमाणात्मक तथ्याङ्क

| | सूचक | परिभाषा<br>यसको हिसाब कसरी हुन्छ ? | बेसलाइन<br>अहिलेको मान के छ ? | लक्ष्य<br>लक्षित मान के छ ? | तथ्याङ्क स्रोत<br>यसको मापन कसरी गरिन्छ ? | आवृत्ति<br>यो कति पटक मापन गरिन्छ ? | जिम्मेवारी<br>यो कसले मापन गर्छ ? |
|---|---|---|---|---|---|---|---|
| लक्ष्य | | | | | | | |
| उपलब्धि<br>**Outcomes** | | | | | | | |
| तत्कालीन उपलब्धि<br>**Outputs** | | | | | | | |

# अनुसूची ग
# कृयाकलाप १. कार्यपत्र (worksheet)

| क | ख | ग | घ | ङ | च | छ |
|---|---|---|---|---|---|---|
| तपाइँ कुन समस्या समाधान गर्न प्रयासरत हुनुहुन्छ ? | तपाइँको लक्षित स्रोता/दर्शक/समूह को हुन् ? | तपाइँको लक्षित स्रोता/दर्शक/समूह को हुन् ? | परिवर्तनका लागि के कदम चाल्नु जरूरी छ ? | तपाइँको कार्यको तत्कालीन उपलब्धि के हुन् ? | तपाइँको कार्यका उपलब्धि/व्यापक लाभहरू के हुन् ? | तपाइँ कस्तो दीर्घकालीन प्रभाव ल्याउन/पार्न चाहनुहुन्छ ? |

| ज |
|---|
| वर्तमानको बाह्य वातावरण (आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक आदि) कस्तो छ जसले तत्कालीन तथा व्यापक उपलब्धिमा प्रभाव पार्दछ ? |

# अनुसूची घ
# कृयाकलाप २.१ कार्यपत्र (worksheet)

| | |
|---|---|
| **अनुसन्धान समस्या** : तपाइँ के समाधान गर्न चाहानुहुन्छ ? | |
| **अनुसन्धानका सामान्य/प्राथमिक उद्देश्यहरू** : तपाइँ के सम्पन्न गर्न चाहानु हुन्छ ? | **अनुसन्धानका विशिष्ट/सहायक उद्देश्यहरू** : तपाइँ के सङ्कलन गर्न चाहानु हुन्छ ? कस्तो प्रकारको प्रभावबारे जान्न चाहानुहुन्छ ? |
| **रणनीति तथा दृष्टिकोण** : तपाइँ अनुसन्धान कसरी गर्न चाहानुहुन्छ ? | |
| **चर/तथ्याङ्क आवश्यकता** : तपाईंले पूर्ति गर्न आवश्यक तथ्याङ्क अन्तराल/अभाव (gap) के हो ? | **तथ्याङ्क स्रोत** : आवश्यक तथ्याङ्क कहाँबाट प्राप्त गर्नुहुन्छ ? |
| | |
| | |
| | |

# अनुसूची ङ
# कृयाकलाप २.२ कार्यपत्र (worksheet)

<table>
<tr><td colspan="4">अन्तर्राष्ट्रिय वित्त संस्था/विकास सम्बन्धी वित्त संस्थाको सहयोग प्राप्त विकास परियोजना : कुन परियोजनामा तपाइँ अनुसन्धान गर्न चाहनुहुन्छ ?</td></tr>
<tr><td colspan="4">अनुसन्धान समस्या : तपाइँ के समाधान गर्न चाहानुहुन्छ ?</td></tr>
<tr><td colspan="2">अनुसन्धानका सामान्य/प्राथमिक उद्देश्यहरू : तपाइँ के सम्पन्न गर्न चाहानु हुन्छ ?</td><td colspan="2">अनुसन्धानका विशिष्ट/सहायक उद्देश्यहरू : तपाइँ के सङ्कलन गर्न चाहानु हुन्छ ? कस्तो प्रकारको प्रभावबारे जान्न चाहानु हुन्छ ?</td></tr>
<tr><td>चर/तथ्याङ्क आवश्यकता : तपाइँले पूर्ति गर्न आवश्यक तथ्याङ्क अन्तराल/अभाव (gap) के हो ?</td><td>तथ्याङ्क स्रोत : आवश्यक तथ्याङ्क कहाँबाट प्राप्त गर्नुहुन्छ ?</td><td>तथ्याङ्क सङ्कलन विधि : उद्देश्य पुरा गर्न कुन विधि प्रयोग गर्दै हुनुहुन्छ ?</td><td>तथ्याङ्क विश्लेषण विधि : सङ्कलित तथ्याङ्क विश्लेषण गर्न कुन विधि प्रयोग गर्दै हुनुहुन्छ ?</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>

# अनुसूची च
# कृयाकलाप ३.१ र ३.२ कार्यपत्र (worksheet)

| सहायता र विकास प्रभावकारिताको मुद्धा : | | | | | | |
|---|---|---|---|---|---|---|
| यो मुद्धा महत्वपूर्ण हुनुको कारणहरू (कारण र प्रभावहरू) : | | | | | | |
| परिवर्तनको दुरदृष्टि : | | | | | | |
| पैरवी उद्देश्य नं. १ : | | | | | | |
| मुख्य सरोकारवालाहरू | पैरवी सन्देश | संलग्नता/सहभागिताका विधिहरू | | उपलब्धि | समय सीमा | आवश्यक स्रोत |
| | | सञ्चार सामग्री | कृयाकलाप | | | |
| | | | | | | |
| | | | | | | |
| पैरवी उद्देश्य नं. २ : | | | | | | |
| मुख्य सरोकारवालाहरू | पैरवी सन्देश | संलग्नता/सहभागिताका विधिहरू | | उपलब्धि | समय सीमा | आवश्यक स्रोत |
| | | सञ्चार सामग्री | कृयाकलाप | | | |
| | | | | | | |
| | | | | | | |

# अनुसूची छ
# विकास सहयोगीहरूको जबाफदेही संयन्त्रहरूको सम्पर्क

| अफ्रिकन विकास बैंक (AfDB) | |
|---|---|
| जबाफदेही संयन्त्र | **सवतन्त्र समीक्षा संयन्त्र (Independent Review Mechanism-IRM):** https://www.afdb.org/en/independent-review-mechanism-irm<br><br>**गुनासो कसरी फाइल गर्ने?** : https://www.afdb.org/en/independent-review-mechanism/management-of-complaints/how-to-file-a-complaint |
| सम्पर्क व्यक्ति वा कार्यालय प्रमुख | **अनुपालन समीक्षा तथा मध्यस्थता इकाइ (Compliance Review and Mediation Unit-BCRM) - अफ्रिकन विकास बैंक** |
| इमेल ठेगाना | BCRM_info@afdb.org<br>B.kargougou@afdb.org<br>and copy to A.Bacarese@afdb.org |
| सम्पर्क नम्बर | Tel: +225 20 26 29 00 or +225 20 26 40 49 |

| एसियाली विकास बैंक (ADB) | |
|---|---|
| जबाफदेही संयन्त्र | **गुनासो कसरी दर्ता गर्ने** : https://www.adb.org/site/accountability-mechanism/how-file-complaint<br><br>**जवाफदेहिता संयन्त्र:** https://www.adb.org/who-we-are/accountability-mechanism/main<br><br>**जवाफदेहिता संयन्त्र नीति २०१२** : https://www.adb.org/documents/accountability-mechanism-policy-2012<br><br>**जवाफदेहिता संयन्त्र सारांश** : https://www.adb.org/publications/accountability-mechanism-summary |
| सम्पर्क व्यक्ति वा कार्यालय प्रमुख | **गुनासो बुझ्ने अधिकारी** |
| इमेल ठेगाना | https://www.adb.org/contact?target=Hmzj1lzfKqMSRDKA0C6/kg==&name=-Complaint%20Receiving%20Officer&referrer=node/81970 |
| सम्पर्क नम्बर | Tel: +63 2 8632 4444 ext 70309 |

| एसियन पूर्वाधार लगानी बैंक (AIIB) | |
|---|---|
| जबाफदेही संयन्त्र | **परियोजना प्रभावित जनताको संयन्त्र :** https://www.aiib.org/en/about-aiib/who-we-are/project-affected-peoples-mechanism/how-we-assist-you/index.html<br><br>**गुनासो कसरी दर्ता गर्ने:** https://www.aiib.org/en/about-aiib/who-we-are/project-affected-peoples-mechanism/submission/index.html |
| सम्पर्क व्यक्ति वा कार्यालय प्रमुख | **प्रबन्ध निर्देशक, गुनासो समाधान, मूल्याङ्कन तथा इण्टिग्रीटी इकाइ** (CEIU) |
| इमेल ठेगाना | ppm@aiib.org |
| सम्पर्क नम्बर | Tel: +225 20 26 29 00 or +225 20 26 40 49 |

| पुनर्निर्माण तथा विकासको लागि युरोपियन बैंक (EBRD) | |
|---|---|
| जबाफदेही संयन्त्र | **स्वतन्त्र परियोजना जवाफदेही संयन्त्र (Independent Project Accountability Mechanism -IPAM):** https://www.ebrd.com/project-finance/independent-project-accountability-mechanism.html<br><br>**गुनासो कसरी दर्ता गर्ने:** https://www.ebrd.com/project-finance/independent-project-accountability-mechanism/how-ipam-works.html |
| सम्पर्क व्यक्ति वा कार्यालय प्रमुख | **भिक्टोरिया मार्किज मेस** (Victoria Marquez-Mees)<br>**मुख्य जिम्मेवार अधिकारी**<br>European Bank for Reconstruction and Development |
| इमेल ठेगाना | ipam@ebrd.com |

| अन्तर-अमेरिकी विकास बैंक (IADB) | |
|---|---|
| जबाफदेही संयन्त्र | **स्वतन्त्र परियोजना जवाफदेही संयन्त्र:** https://www.iadb.org/en/mici/mici-independent-consultation-and-investigation-mechanism<br><br>**गुनासो कसरी दर्ता गर्ने:** https://www.iadb.org/en/mici/how-file-complaint |
| सम्पर्क व्यक्ति वा कार्यालय प्रमुख | **स्वतन्त्र परामर्श तथा अन्वेषण संयन्त्र :** |
| इमेल ठेगाना | mecanismo@iadb.org |
| सम्पर्क नम्बर | Tel:+1 (202) 623-3952 \| Fax: +1 (202) 312-4057 |

| जापान अन्तर्राष्ट्रिय सहायता नियोग (JICA) | |
|---|---|
| जवाफदेही संयन्त्र | **वातावरणीय तथा सामाजिक सवाल/पक्षहरू :** https://www.jica.go.jp/english/our_work/social_environmental/objection/index.html |
| सम्पर्क व्यक्ति वा कार्यालय प्रमुख | **मार्गनिर्देशका लागि परीक्षकहरू**<br>**मार्गनिर्देशका लागि परीक्षकहरूको सचिवालय**<br>**जापान अन्तर्राष्ट्रिय सहायता एजेन्सी** (जाइका) |
| इमेल ठेगाना | jicama-jigi@jica.go.jp |
| सम्पर्क नम्बर | Fax: +81-03-5226-6973 |

| नयाँ विकास बैंक (New Development Bank-NDB) | |
|---|---|
| जवाफदेही संयन्त्र | **वातावरणीय तथा सामाजिक सवाल/पक्षहरू:** https://www.jica.go.jp/english/our_work/social_environmental/objection/index.html |
| सम्पर्क व्यक्ति वा कार्यालय प्रमुख | **मार्गनिर्देशका लागि परीक्षकहरू**<br>**मार्गनिर्देशका लागि परीक्षकहरूको सचिवालय**<br>**जापान अन्तर्राष्ट्रिय सहायता एजेन्सी** (जाइका) |
| इमेल ठेगाना | jicama-jigi@jica.go.jp |
| सम्पर्क नम्बर | Fax: +81-03-5226-6973 |

| आर्थिक सहयोग र विकास संस्था (OECD) | |
|---|---|
| जवाफदेही संयन्त्र | **जिम्मेवार व्यवसायिक आचरणका लागि राष्ट्रिय सम्पर्क केन्द्रहरू:**<br>http://mneguidelines.oecd.org/ncps/ |
| सम्पर्क व्यक्ति वा कार्यालय प्रमुख | **राष्ट्रिय सम्पर्क केन्द्र** |
| सम्पर्क /इमेल ठेगाना | http://mneguidelines.oecd.org/ncp-contact%20list-%20website-%20 2020%20october.pdf<br>Email: rbc@oecd.org |

| संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) | |
|---|---|
| **जबाफदेही संयन्त्र** | **सामाजिक तथा वातावरणीय अनुपालन समीक्षा (अनुपालन अनुसन्धानको लागि):** https://www.undp.org/content/undp/en/home/accountability/audit/secu-srm/social-and-environmental-compliance-unit.html |
| **सम्पर्क व्यक्ति वा कार्यालय प्रमुख** | **सामाजिक तथा वातावरणीय अनुपालन इकाइ (SECU)** |
| **इमेल ठेगाना** | project.concerns@undp.org |
| **सम्पर्क नम्बर** | Tel: 001 (917) 207 4285 |

| | |
|---|---|
| **जबाफदेही संयन्त्र** | **सरोकारवाला जबाफ/सम्वोधन संयन्त्र (विवाद समाधानका लागि) :** https://www.undp.org/content/undp/en/home/librarypage/operations1/stakeholder-response-mechanism.html<br><br>http://www.undp.org/content/dam/undp/library/corporate/compliance-and-dispute-resolution/UNDP-SECU-SRM-Brochure-2014.pdf |
| **सम्पर्क व्यक्ति वा कार्यालय प्रमुख** | **सरोकारवाला जवाफ/सम्बोधन संयन्त्र** (SRM) |
| **इमेल ठेगाना** | stakeholder.response@undp.org |

| विश्व बैंक (WB) | |
|---|---|
| **जबाफदेही संयन्त्र** | **विश्व बैंक जवाफदेहिता संयन्त्र :** https://www.inspectionpanel.org/sites/www.inspectionpanel.org/files/documents/AccountabilityMechanismResolution.pdf<br><br>**निरीक्षण प्यानल :** https://www.inspectionpanel.org/<br><br>**गुनासो कसरी दर्ता गर्ने?:** https://www.inspectionpanel.org/how-to-file-complaint |
| **सम्पर्क व्यक्ति वा कार्यालय प्रमुख** | **मार्गनिर्देशका लागि परीक्षकहरू**<br>**मार्गनिर्देशका लागि परीक्षकहरूको सचिवालय**<br>**जापान अन्तर्राष्ट्रिय सहायता एजेन्सी (जाइका)** |
| **इमेल ठेगाना** | ipanel@worldbank.org |
| **सम्पर्क नम्बर** | Tel: +1 202 458 5200 \| Fax: +1 202 522 0916 |

अन्य स्रोतहरू :

**अन्य स्रोतहरू (Accountability Counsel)**
https://accountabilitycounsel.org/policy-advocacy/
- बहुपक्षीय संस्थाहरूको जवाफदेहिता संयन्त्रको सङ्कलन हेर्नका लागि तपाइँले माथिको वेवसाइट अध्ययन गर्न सक्नुहुनेछ ।

# शब्दावलीहरूको परिभाषा

**पैरवी**

जोखिममा रहेका व्यक्ति वा समूह वा उनीहरूका प्रतिनिधिहरू संलग्न भई आफ्ना मुद्धाहरू वा अवस्थाका बारेमा प्रभावकारी रूपमा दबाब सिर्जना गर्दै मुद्धामा प्रभाव पार्नसक्ने अन्यसँग आवाज उठाउने प्रकृया । साथै, यसमा ती मुद्धा वा अवस्थाहरूमा आवाज उठाइन्छ जसले या त उनीहरूलाई सिधा प्रभाव पार्दछ वा/धेरैजसो प्रस्तावित परिवर्तनहरू रोक्ने प्रयास गरिएको हुन्छ, जसले अवस्थालाई झनै बिगार्छ ।

**सहायता**

आधिकारिक विकास सहयोग हेर्नुहोस् ।

**विकास प्रभावकारिता**

सहायता व्यवस्थापन र वितरणको प्राविधिक पक्षमा सङ्कुचित रूपमा केन्द्रित अवधारणा ।

**सहायता प्रवाह**

दाता राष्ट्रबाट प्रापक देशमा निर्यात हुने रकमको राशि ।

**सहायता प्रणाली**

विकास सरोकारवालाहरू (दाता सरकारहरू, प्रापक देशहरू, वहुपक्षीय र अन्तर्राष्ट्रिय वित्त संस्थाहरू, निजी क्षेत्र र नागरिक समाज) ले गर्ने आधिकारिक विकास सहयोगको व्यवस्थापन, अनुगमन र मूल्याङ्कन प्रणाली ।

**द्विपक्षीय एजेन्सी**

एक सरकारका लागि जिम्मेवार र प्राय : सरकारी मन्त्रालयको भाग, जस्तै : विदेश मामिला मन्त्रालयहरू ।

**द्विपक्षीय सहायता :**

एक विकासशील देशलाई दाता सरकारले प्रत्यक्ष प्रदान गरेको सहयोग जसलाई सामान्यतया प्रापक वा साझेदार देश/सरकार भनेर चिनिन्छ ।

| | |
|---|---|
| **मिश्रित वित्त** | निजी लगानी आकर्षित गर्न प्रयोग गरिने विकास कोष । |
| **बजेट** | विशेष क्यालेण्डर वा आर्थिक वर्षका लागि अनुमानित राजस्व र खर्चको सारांश दस्तावेज । |
| **अभियान** | व्यापक रूपबाट विभिन्न मञ्चहरूको विकास गरि सबै मञ्चहरूको प्रभावकारिताका निम्ति योजना निमार्ण गर्ने कार्य; नागरिकहरूलाई एक ठाँउमा जम्मा पारी नीतिगत सुधारका लागि दबाब सिर्जना गर्ने कार्य । |
| **नागरिक समाजका संघ-संस्था (CSOs)** | व्यापक सन्दर्भमा सबै गैर-नाफामूलक तथा गैर-सरकारी संस्थाहरू, जस्तै : किसान सङ्गठन, आधारभूत तहका जनसङ्गठन हरू, स्वतन्त्र अनुसन्धान संस्थाहरू, मजदुर सङ्गठन आदि । |
| **सहुलियत ऋण** | त्यस्तो ऋण जसको ब्याजदर प्रचलित बजार दरभन्दा कम छ । |
| **सर्त** | अन्तर्राष्ट्रिय विकास, राजनीति अर्थव्यवस्था तथा अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी अवधारणा । ऋणसँग जोडिएका सर्त, ऋण राहत, द्विपक्षीय सहायता एवम् अन्तर्राष्ट्रिय संस्थाहरूको सदस्यता (सामान्यतया अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरू, क्षेत्रीय सङ्गठनहरू र दाता राष्ट्रले यसको प्रयोगको व्याख्या गर्छ । |
| **तथ्याङ्क** | अभिलेख गरिएका तथ्यगत सूचनाको छुट्टाछुट्टै टुक्राहरू जुन अनुसन्धान र सो को विश्लेषणका लागि प्रयोग हुन्छ । यो सङ्ख्यात्मक फाइलहरू वा पाठको रूपमा उपलब्ध हुनसक्छ र दृश्य सामग्रीहरू जस्तै तालिकाहरू, ग्राफहरू वा चार्टहरू प्रयोग गरेर समूहिकृत गरिएको हुन्छ । |
| **तथ्याङ्क व्यवस्थापन** | एक प्रशासनिक प्रकृया जसद्वारा आवश्यक तथ्याङ्क प्राप्ति, भण्डारण, सुरक्षा र प्रशोधन गरिन्छ । यस प्रकृयाद्वारा तथ्याङ्क प्रयोगकर्ताहरूको तथ्याङ्कसम्बन्धी पहुँच, समयवद्धता र विश्वसनियताको आवश्यकता पुरा गरिन्छ । |

| | |
|---|---|
| **ऋण राहत** | ऋणको खारेजी, समय तालिकाको परिमार्जन, पुनः ऋण प्रदान अथवा पुनर्व्यवस्थित गर्ने कार्य । |
| **विकास सहयोग** | विकासका लागि साझेदारी । यसलाई प्रभावकारी विकास सहयोग पनि भनिन्छ । |
| **विकास प्रभावकारिता** | विकासमा मानव अधिकारमा आधारित दृष्टिकोण अपनाउने अवधारणा । |
| **विकास प्रभावकारिताका सिद्धान्त** | प्रभावकारी एवम् जनतामा आधारित विकास सहयोगको सिद्धान्त, जुन परिणाममा केन्द्रित, राष्ट्रिय स्वामित्व, समावेशी सहभागिता, परस्पर पारदर्शिता एवम् जवाफदेहितालाई प्रभावकारी विकास सहयोगका रूपमा चिनिन्छ । |
| **दाता सरकार/राष्ट** | सरकार वा राष्ट्रहरू जसले आफ्नो राष्ट्रिय बजेटको निश्चित अंश विकासशील देशहरूका विकास परियोजना कार्यान्वयनका लागि विनियोजन गर्दछन् । |
| **मूल्याङ्कन** | पैरवी योजना वा परियोजनाको या त मध्यम समय या त अन्त्यमा के कति कार्य कसरी सम्पन्न हुँदैछ वा भयो र परिवर्तनका निम्ति यसको प्रभावकारिता कस्तो छ भनी विश्लेषण गर्न तथा रणनीतिक सिकाइ हासिल गर्नको लागि सम्पन्न गरिने कार्य । |
| **वैदेशिक ऋण** | कुनैपनि देशले ऋणदाता देशलाई तिर्नुपर्ने रकम । |
| **स्वतन्त्र, पूर्व र सूचित सहमति** | आदिवासी जनतासँग सम्वन्धित विशेष अधिकार जसलाई आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा मान्यता प्रदान गरिएको छ । |
| **अनुदान** | चुक्ता गर्नु नपर्ने नगद, सामान वा सेवा जुन सामान्यतया एक दाताले कुनै विकासशील देशलाई प्रदान गर्दछ । |

| | |
|---|---|
| **अनुदान मिलान Grant Equivalent** | सहायता प्रवाहको ट्र्याकिङ विधि जसले आधिकारिक विकास सहयोगको अनुदानको भाग मात्र सङ्ग्रह गर्दछ। ऋण चुक्ताको रेकर्ड गर्नुपर्ने र कुल तथा खुद आधिकारिक विकास सहयोग छुट्याउनु पर्ने आवश्यकतालाई समाप्त गर्दछ |
| **अन्तर्राष्ट्रिय वित्तीय संस्था** | विकासशील देशहरूलाई विकास सहायता प्रदान गर्ने संस्था। यस प्रकारको सहायताको महत्वपूर्ण अंश दाता राष्ट्रहरूको आधिकारिक विकास सहयोग लाभ लगायत योगदानबाट प्राप्त हुन्छ। |
| **पैरवी Lobbying** | नीति विश्लेषण वा परिवर्तनमा प्रत्यक्ष भूमिका निर्वाह गर्नसक्ने वा प्रभाव पार्न सक्ने वा स्रोत भएका वा नीति निमार्णकर्तासँग विशेष सम्बन्ध भएका व्यक्तिहरूसँग गरिने प्रत्यक्ष कुराकानी/संवाद। |
| **अनुगमन** | पैरवी योजनाको अवधिभर तथ्याङ्कको व्यवस्थित सङ्कलन गर्ने कार्य। पैरवी का परियोजनाको कार्यान्वयन प्रगति ट्र्याकिङ गर्न आधार प्रदान गर्ने सूचनाको सङ्कलन गर्दछ र कार्यान्वयनका क्रममा संस्था वा समुदायले सम्बोधन गर्नुपर्ने मुद्धा पहिचानका लागि सहयोग गर्दछ। |
| **बहुपक्षीय सहायता** | सरकारद्वारा बहुपक्षीय संस्था र अन्तर्राष्ट्रिय वित्तीय संस्थालाई प्रदान गरिने सहयोग, जुन अन्ततः लक्षित विकासशील देशहरूको विकास कार्यक्रममा प्रयोग हुन्छ। |
| **बहुपक्षीय संस्था** | धेरै सरकारहरूद्वारा वित्त प्राप्त गर्ने संस्था। संयुक्त राष्ट्रसंघीय प्रणाली अन्तर्गतका एजेन्सी र युरोपियन कमिसन लगायत विश्वमा २ सय भन्दा धेरै बहुपक्षीय संस्थाहरू छन्। |
| **गैर-सहुलियत ऋण** | त्यस्तो स्थानान्तरण (transfers) जुन बजारमा आधारित ब्याजदरमा भुक्तानी गर्नु जरुरी छ। |
| **आधिकारिक विकास सहयोग** | आर्थिक सहयोग र विकास सङ्गठन (विकास सहयोग समिति) ले यसलाई सरकारी सहयोगको रूपमा परिभाषित गर्दछ। यो विकासशील देशहरूको आर्थिक विकास र कल्याणमा विशेष रूपमा लक्षित हुन्छ। यसलाई सहायताका रूपमा पनि चिनिन्छ। |

| | |
|---|---|
| **खुला तथ्याङ्क (Open Data)** | एक त्यस्तो अवधारणा हो जसले निश्चित तथ्याङ्क प्रतिलिपि अधिकार, प्याटेन्ट वा नियन्त्रण वा अन्य संयन्त्रहरूको प्रतिबन्ध विना सबैले प्रयोग, हेरफेर गर्न र उनीहरूले चाहे अनुसार प्रकाशन गर्न स्वतन्त्र रूपमा उपलब्ध हुनुपर्छ भन्ने मान्यता राख्दछ । |
| **सहभागितामूलक अनुसन्धान** | त्यस्तो रणनीति हो जस अन्तर्गत अनुसन्धानका केही भागहरू वा सम्पूर्ण प्रकृयामा अनुसन्धानका सहभागीहरूलाई प्रत्यक्ष सामेल गरिन्छ । यसको अर्थ के पनि हुन्छ भने -असन्धानकर्ताहरू सहभागीहरूसँग निरन्तर अन्तरक्रियामा रहन्छन् र उनीहरूसँगै रहेर उनीहरूका दैनिक कृयाकलापहरूमा सामेल हुन्छन् । |
| **जन-अनुसन्धान** | परम्परागत तथा अभिजात वर्गको नेतृत्वमा हुने अनुसन्धानको विकल्प, जसले विशेषगरि सीमान्तकृत तथा सशक्तिकृत नभइसकेका जनताको आवश्यकता एवम् रुचिका निम्ति कार्य गर्दछ । |
| **निजी प्रवाह** | आर्थिक सहयोग र विकास सङ्गठनअन्तर्गतका देशहरू वा बहुपक्षीय सङ्गठन हरूद्वारा सहायता प्राप्त गर्ने देशहरूको लाभका लागि उनीहरूसँग गरिने लामो अवधिको पुँजी लेनदेन । यस अन्तर्गत अन्तर्राष्ट्रिय बैंकले प्रदान गर्ने ऋण लगायत सबै लगानी पर्दछन् । |
| **निजी क्षेत्र** | सामान्यतया व्यापारिक क्षेत्र वा लाभ उन्मुख संस्थाहरूलाई बुझाउँछ । |
| **सार्वजनिक खर्च** | सरकारहरूद्वारा गरिने खर्च । |
| **सार्वजनिक नीति** | एक प्रणाली, कानुन, निर्देशक सिद्धान्त वा नियमावलीहरूको सङ्कलन वा समूह, जसले सहायताको प्रयोगका साथै सहायताको कार्यान्वयन र वितरणमा सरकार वा यसका प्रतिनिधिद्वारा गरिएका घोषणा वा सङ्कल्पमा मापदण्डको रूपमा कार्य गर्दछ । |
| **गुणात्मक विधि** | एक अनुसन्धान विधि जसले कुनै सामाजिक घटनामा के ? कहाँ ? र कहिले ? भन्ने प्रश्नमा मात्र केन्द्रित नभई किन ? र कसरी ? भन्ने कुरालाई पनि महत्व दिन्छ । |

| | |
|---|---|
| **गुणात्मक अनुसन्धान** | अनुसन्धानमा त्यस्तो रणनीति जसअन्तर्गत अनुसन्धानकर्ताहरू सङ्ख्यात्मक तथ्याङ्कको सट्टा पाठ्य तथ्याङ्क वा घटना विवरणहरू सङ्कलन र विश्लेषण गरि निष्कर्ष निकाल्छन् । |
| **परिमाणात्मक विधि** | अनुसन्धानको त्यस्तो विधि जसले सामाजिक घटना र व्यवहार बारे बुझ्न तथ्याङ्क र सम्भावना (जो कोही व्यक्ति छानिन सक्ने सम्भावना) को प्रयोग गर्दछ । |
| **परिमाणात्मक अनुसन्धान** | अनुसन्धानमा त्यस्तो रणनीति जसमा निष्कर्ष निकाल्नका लागि तथ्याङ्कीय प्रकृयाको प्रयोग गरि तथ्याङ्कको सङ्कलन र विश्लेषण गरिन्छ । |
| **प्रापक सरकार/देश** | अर्को सरकार वा अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट कुनै पनि प्रकारको विकास सहायता (ऋण, अनुदान, प्राविधिक सहयोग आदि) प्राप्त गर्ने देश वा सरकार । |
| **दक्षिण-दक्षिण सहयोग** | यसलाई संयुक्त राष्ट्रसङ्घले ‘राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय तथा प्राविधिक क्षेत्रहरूमा दक्षिणका देशहरूबीचको सहकार्यको फराकिलो रूप भनी परिभाषित गरेको छ । |
| **दक्षिण-दक्षिण विकास सहयोग** | दक्षिणका देश र जनताबीच एकताको अभिव्यक्ति, तथा प्रत्येक देशको राष्ट्रिय कल्याण, आत्मनिर्भरता एवम् विकास लक्ष्य प्राप्त गर्न क्षमताको लागि योगदान गर्ने प्रतिबद्धता । |
| **प्राविधिक सहयोग** | जानकारी र विशेषज्ञता, निर्देशन, सिपसम्बन्धी तालिम, कामसम्बन्धी ज्ञानको प्रसारण र परामर्श सेवाहरूको रूपमा उपलब्ध गराइने गैर-वित्तीय सहयोग । |
| **सर्तसहितको ऋृण** | सामान र सेवाहरू दाता देशहरूबाट खरिद गर्ने सर्तमा प्रदान गरिने ऋृण । |
| **त्रिकोणीय सहयोग** | सामान्यतया दुई वा सो भन्दा बढी साझेदार विकासशील देशहरूले विशेषज्ञता र संसाधनहरूको स्थानान्तरणका लागि विकसित देश वा अन्तर्राष्ट्रिय संस्थासँग गर्ने सहकार्य । |

# सन्दर्भ सामग्रीहरू :

१ प्रभावकारी विकास सहयोगका लागि बुसान साझेदारी, अनुच्छेद २२, https://www.oecd.org/dac/effectiveness/49650173.pdf

२ विकास प्रभावकारिता प्राप्तिका सन्दर्भमा प्रगति सम्बन्धी नागरिक समाजको विचार : समावेशीता, जवाफदेहिता र पारदर्शिता, https://c419de57-e749-4591-9016- 5feb763746da.filesusr.com/ugd/9f29ee_44f4e59a973f47fb920f-6ce8d66cba08.pdf

३ सहायता र विकास प्रभावकारिता सम्बन्धी IBON को प्रथम पुस्तक : At a Crossroad at Busan ?. 2011. https://iboninternational.org/download/primer-on-aid-and- development-effectiveness-at-a-crossroads-at-busan/

४ आधिकारिक विकास सहयोग, OECD. (April 2019) https://www.oecd.org/dac/stats/What-is-ODA.pdf

५ OECD को ODA ऋण गणनाको नयाँ तरिका–प्रभाव कस्तो छ ? Garret, M., &Zuhr, R. (2019, July) https://donortracker.org/sites/default/files/insight_pdfs/June2019_DT_Insights_GrantEquivalent_0.pdf

६ अतिकम विकसित देशहरूको प्रतिवेदन,२०१९: वाह्य विकास वित्तको वर्तमान तथा भविष्य–पुरानो निर्भरता, नयाँ चुनौतीहरू https://unctad.org/en/pages/PressRelease.aspx¿OriginalVersionID=538

७ व्यापारका लागि सहायता, विश्वव्यापी समीक्षा, २०१९ , आर्थिक विविधिकरण र सशक्तिकरण सहयोग UNIDO (2019) https://www.unido.org/events/aid-trade-global- review-2019-supporting-economic-diversification-and-empowerment

८ व्यापारका लागि सहायता एक नजर, २०१९, आर्थिक विविधिकरण र सशक्तिकरण OECD & WTO (2019) https://www.oecd-ilibrary.org/development/aid-for-trade- at-a-glance-2019_18ea27d8-en

९ दक्षिण–दक्षिण सहयोगका लागि मानव अधिकारमा आधारित दृष्टिकोण : प्रस्तावित रूपरेखा Reality of Aid Network & CSO Partnership for Development Effectiveness. (2019, November) https://realityofaid.org/wp-content/uploads/2020/01/Towards-Measuring-South-South-Development- Cooperation-Nov2019-final-copy-for-web-upload.pdf

१० दक्षिण–दक्षिण सहयोग मापन र अनुगमनका दृष्टिकोणहरू Di Ciommo, M. (2017) http://devinit.org/wp-content/uploads/2017/02/ Approaches-to-measuring-and-monitoring-South-%E2%80%93South-cooperation.pdf

११ आइबेरो अमेरीकामा दक्षिण–दक्षिण सहयोगसम्बन्धी प्रतिबेदन, २०१७ https://www.segib.org/wpcontent/uploads/informe_INGLES_2017-web.pdf

१२ दक्षिण–दक्षिण सहयोगको मात्रा र विकासशिल देशहरूका बैदेशिक नीतिहरूमा यसका प्रभावहरू Correa, M. (2017) https://www.southcentre.int/wp-content/uploads/2017/07/PB41_Quantification-of-South-South-cooperation-and-its-implications-to-the-foreign-policy-of-developing-countries_EN.pdf

१३ SDG 17.15:.हरेक देशको गरिबी निवारण र दिगो विकासका लागि नीतिहरू बनाउन र त्यसलाई लागू गर्न अवलम्वन गरिएका नीतिनिमार्णका निकाय तथा नेतृत्वको आदर गर्ने, SDG 17.16:. ज्ञान, विशेषज्ञता, प्रविधि र वित्तीय स्रोतहरूलाई परिचालन गरि बहुपक्षीय साझेदारी मार्फत सबै देशहरू, खासगरि विकासोन्मूख देशहरूमा दिगो विकास लक्ष्यप्रप्तिका लागि विश्वव्यापी साझेदारी वृद्धि गर्ने SDG 5c: लैङ्गिक समानताको प्रवर्धन तथा सबै तहमा महिला, किशोरी र बालिकाको सशक्तिकरणका लागि प्रभावकारी नीति तथा अवलम्बन गर्न सकिने कानून तर्जुमा गर्ने

१४ गरिवी र असमानता ; लैङ्गिक समानता; मौसम परिवर्तन; प्रकोपवाट पुनर्प्राप्ति र वातावरणीय स्थिरता; उपयुक्त शहरहरू ; ग्रामीण विकास र खाद्य सुरक्षा; सुशासन र संस्थागत क्षमता; क्षेत्रीय सहयोग र संघटन

१५ https://static1.squarespace.com/static/57a0dd1dbebafbfbfe80f9a7/t/5818db1e3e00be2eafd93a52/1478023968926/12b+-+Theory+of+Change+-+SP.pdf

१६ https://diytoolkit.org/tools/theory-of-change/

१७ रोबर्ट मर्टनले वैज्ञानिक अनुसन्धानमा प्रयोग हुने चारवटा मान्यताको सुरुवात गरे :

- साम्प्रदायिकता - वैज्ञानिक ज्ञान एक साझा गर्नुपर्ने वा वाड्नुपर्ने संसाधन हो जुन जोसुकै वैज्ञानिकले जुनसुकै अवस्थामा ज्ञानको उत्पादन गरेको किन नहोस् ।
- सार्वभौमवाद - वैज्ञानिकहरूका लागि महत्वपूर्ण मुद्धा भनेको अध्ययन भैरहेको घटनाको बारेमा गरिएका दावीहरूको विषय हो न कि ती दावी गर्ने मानिसहरूको विवरण ।
- निष्पक्षता - वैज्ञानिक अनुसन्धान विज्ञानको उन्नतीका लागि गरिन्छ न कि व्यक्तिगत चाह( नामा ।
- सँगठित संशयवाद - वैज्ञानिक दाबीहरूले स्वीकृत हुनुपहिले आलोचनात्मक छानविनको सामना गर्नुपर्दछ ।

१८ कडा कानुनको तुलनामा नरम कानूनहरू त्यस्ता सिद्धान्त, घोषणा र सम्झौताहरू हुन् जुन कानूनी रूपमा बाध्यकारी हुँदैनन् वा अदालतद्वारा प्रशासित हुँदैनन् ।

१९ http://www.aaronsw.com/

२० पैरवी र सामाजिक कार्य अभ्यासमा सामाजिक कार्य अभ्यासभित्र पैरवीको स्थान (अध्याय १) Wilks, T. (2012). https://books.google.com.ph/books?id=i5_nRZYNK2cC&printsec=frontcover&source=gbs_ge_summary_r&cad=0#v=onepage&q&f=false

२१ https://www.tearfund.org/en/about_us/what_we_do_and_where/issues/advocacy/

२२ एसियन पूर्वाधार लगानी बैंक र नयाँ विकास बैंक : प्रतिमान परिवर्तन वा विकासमा कर्पोरेट-नेतृत्वको पुन:प्रयोग (पेज ५-१७) Custodio, I. (2020, March). Introduction in S .I. Torres (Ed.). https://realityofaid.org/wp-content/uploads/2020/04/AIIB-NDB-Paradigm-Shift-or-Rehashing- CorporateLed-Development.pdf

२३ प्रजातान्त्रिक स्वामित्व र विकास प्रभावकारिता : पेरिस पछिको प्रगति बारे नागरिक समाजको विचार Reality of Aid. (2011). Reality of Aid. (2011). https://www. realityofaid.org/wp-content/uploads/2013/02/Final-bridged-Roa-Report-2011-EFS.pdf

२४ एसियन विकास बैंकको विकास प्रभावकारिताको नागरिक समाज संस्था समीक्षा Reality of Aid-Asia Pacific. (2019). https://realityofaid.org/wp-content/ uploads/2019/04/ADB-25April-web1-1.pdf

२५ AIIB Financial Support for Mandalika SEZ Deprives People's Rights in S. I. Torres (Ed.). एसियन पूर्वाधार लगानी बैंक र नयाँ विकास बैंक: प्रतिमान परिवर्तन वा विकासमा कर्पोरेट-नेतृत्वको पुन:प्रयोग ? (पेज ४०-४९) Sabar, K. (2020). https://realityofaid.org/wp-content/uploads/2020/04/AIIB-NDB-Paradigm-Shift-or-Rehashing-CorporateLed-Development.pdf

**सम्पादक**
सुशीला श्रेष्ठ, अध्यक्ष, बियोण्ड बेइजिङ्ग कमिटी, नेपाल
कृष्ण कुमारी वाइबा, महासचिव, बियोण्ड बेइजिङ्ग कमिटी, नेपाल
पार्वती सुनाम, सचिव, बियोण्ड बेइजिङ्ग कमिटी, नेपाल

**संयोजन**
सनिला गुरुङ्ग, कार्यक्रम निर्देषक, बियोण्ड बेइजिङ्ग कमिटी, नेपाल
पवित्रा न्यौपाने, परियोजना अधिकृत, बियोण्ड बेइजिङ्ग कमिटी, नेपाल

**नेपाली भाषामा अनुवाद**
ध्रुव गौतम

**अनुवाद परिक्षक**
भावना भट्ट

**ले–आउट**
अमुल थापा

**नेपाली भाषा प्रकाशक**

**बियाण्ड बेइजिङ्ग कमिटी नेपाल**
काठमाडौं महानगरपालिका, वडा नं १०, बुद्धनगर, नयाँ बानेश्वर
**घर नं**: २४, साझा गल्ली, श्वेत बिनायक मार्ग
**पो. ब नं**: ४७५८
**फोन नं**: +९७७-१-४७९४६१५, ४७९४५८०
**इमेल**: info@beyondbeijing.org
**वेब**: www.beyondbeijing.org

Scan this QR Code to download the e-copy of the handbook and to watch the video training module.

The Reality of Aid Network

CSOPartnership for Development Effectiveness

European Commission

Sida

TAIWAN FOUNDATION for DEMOCRACY
臺灣民主基金會